
नेपाल पर्वत



नेपाल पर्वतारोहण संघ

नेपाल पर्वतारोहण संघ

केन्द्रीय कार्य समिति २०५९



आङछिरीङ शेर्पा
अध्यक्ष



जिम्बा जाङबु शेर्पा
प्रथम उपाध्यक्ष



विक्रम पाँडे
द्वितीय उपाध्यक्ष



भूमिलाल लामा
महासचिव



कृष्ण कुमार अर्याल
सचिव



नरहरि भण्डारी
कोषाध्यक्ष



आङ फुर्वा शेर्पा
सदस्य




आङ बाबु शेर्पा
सदस्य



सन्तवीर लामा
सदस्य



आङ जे. पी. लामा
सदस्य



दा गोम्बु शेर्पा
सदस्य



रूद्र प्रसाद पन्त
सदस्य



ल्हाक्पा शेर्पा
सदस्य




काजी शेर्पा
सदस्य



नारायण सुन्दर श्रेष्ठ
सदस्य



टाशी जाङबु शेर्पा
सदस्य (निवर्तमान अध्यक्ष)



दीपक पौडेल
सदस्य




मिङमार दोर्जे शेर्पा
सदस्य



निमा नुरू शेर्पा
सदस्य



आङ काजी शेर्पा
सदस्य (अध्यक्ष HRA)



सुमन पाँडे
सदस्य (अध्यक्ष TAAN)



गणेश राज कार्की
सदस्य (प्रतिनिधि MoCTCA)



आप्पा शेर्पा
सदस्य



दिनेश गुरूङ
सदस्य



डा. हरिप्रसाद श्रेष्ठ
सदस्य

सन्देश



नेपाल पर्वत पत्रिका नेपाल पर्वतारोहण संघ तथा यसद्वारा संचालन गर्दै आएका गतिविधिबारे विस्तृत जानकारी दिने पत्रिका भएकोले नेपालमा पर्वतीय पर्यटन क्षेत्रमा यो पत्रिकाको आफ्नै भूमिका छ । यो पत्रिका अंग्रजी तथा नेपाली भाषामा प्रकाशित हुने भएकोले स्वदेशी तथा विदेशीहरुलाई नेपालमा भइरहेका पर्वतीय पर्यटन, पर्वतीय श्रृङ्खला, पर्वतारोहण, पर्वतारोही, पर्वतीय पर्यावरण आदि बारेका लेख-रचना, समाचारद्वारा देशको पर्वतीय पर्यटनबारे जानकारी दिई यस क्षेत्रको प्रवर्द्धनमा सघाउ पुऱ्याई आएको छ ।

नेपाल पर्वतारोहण संघ स्थापनाकालदेखि नै पर्वतीय पर्यटनको प्रवर्द्धन तथा विकासका लागि प्रयत्नशील छ । केही वर्ष यता नेपालमा पर्यटकको आगमनमा कमी आएता पनि यसमा सुधार ल्याउन सम्बन्धित सबै क्षेत्र प्रयत्नशील छन् । यसका लागि नेपाल पर्वतारोहण संघ पनि आफ्नो क्षेत्रबाट गर्नु पर्ने कार्यका लागि सदा तत्पर भएर लागिरहेको छ । यस संघका प्रमुख परियोजनाहरुमा हाल अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, पोखरा तथा ककनीस्थित अन्तर्राष्ट्रिय पर्वतारोही स्मारक उद्यान हुन् । वर्तमानमा यस संघको मुख्य ध्यान यी दुई परियोजनाहरुमा केन्द्रीत छ । तथापि पर्वतारोहीहरुलाई सम्मान गर्ने, दिवंगत पर्वतारोहीका परिवारलाई आर्थिक सहयोग पुऱ्याउने, पर्वतारोहण सम्बन्धी विभिन्न प्रकारका तालीम संचालन गर्ने आदि नियमित कार्यक्रमहरुलाई पनि निरन्तरता दिइने छ ।

संघको कार्य अगाडि बढाउन संघका सदस्यहरुबाट प्राप्त सहयोग तथा श्री ५ को सरकार र अन्य स्वदेशी तथा विदेशी संघ संस्थाबाट प्राप्त आर्थिक तथा भौतिक सहयोगका लागि म सबैमा नेपाल पर्वत मार्फत आभार व्यक्त गर्न चाहन्छु र नेपाल पर्वतको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

आङछिरीङ शेर्पा

अध्यक्ष

नेपाल पर्वतारोहण संघ



नेपाल पर्वतारोहण संघको

केन्द्रीय वार्षिक साधारण सभा २०५९

मिति **२०५९ भाद्र २१** मा

सहभागी हुन आउनु भएका सम्पूर्ण

साधारण सदस्य तथा

आमन्त्रित महानुभावहरूलाई

हार्दिक स्वागत छ ।

नेपाल पर्वतारोहण संघ

A JOURNAL OF NEPAL MOUNTAINEERING ASSOCIATION

Nepal Parbat

Vol. 3 No. 7 Sept. 6, 2002

नेपाल पर्वतारोहण संघको प्रकाशन

नेपाल पर्वत

वर्ष ३ अंक ७ भाद्र २१, २०५९

सम्पादक मण्डल
डा. हरिप्रसाद श्रेष्ठ
सन्त सुब्बा
हरिवंश किराँत
प्रेमनाथ कक्कड
बल्लभमणि दाहाल

कभर तथा कम्प्युटर
सनम कर्माचार्य

आवरण चित्र
कुमार दोस्ती अधिकारी

प्रकाशक
नेपाल पर्वतारोहण संघ
प्रकाशन तथा प्रचार समिति
पो. ब. नं. १४३५, नागपोखरी, नक्साल

फोन : ४३४५२५, ४३५४४२
फ्याक्स : ९७७-१-४३४५७८
Email : office@nma.com.np
Website : www.nma.com.np

मुद्रक
भेराइटी प्रिन्टर्स

दर्ता नं. का.जि.का. २०५/०५६-०५७

नेपाल पर्वतमा प्रकाशित लेख-रचनामा व्यक्त विचारहरु लेखकका निजी हुन् । यसमा सम्पादक मण्डल तथा प्रकाशक उत्तरदायी हुने छैन ।

विषय सूची

- सन्देश
- सम्पादकीय
- नेपालबाट झण्डै चिप्लिन लागेको सगरमाथा
  बुद्धिनारायण श्रेष्ठ ५
- हिमताल : उत्पत्ति, विकास र विष्फोटन
  श्रीकमल दवाडी १०
- नेपालमा पर्वतीय पर्यटनको भविष्य उज्ज्वल छ
  आङछिरीङ शेर्पा १३
- अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय १७
- सगरमाथा : नेपाली हुलाक टिकटहरुमा
  जलकृष्ण श्रेष्ठ २१
- सगरमाथा स्वर्ण महोत्सव समारोह २४
- आशलाग्दो वर्तमान पर्वतीय पर्यटन नीति
  भूमिलाल लामा २७
- सगरमाथाको आरोहण : कहिले र कहाँबाट
  आङ फुर्बा शेर्पा ३०
- पर्वतारोही स्मृति उद्यान : पर्यटन सम्पदाको रुपमा
  विश्वनाथ पराजुली ३३
- नेपालका विश्व प्रसिद्ध हिमाली चुचुराहरु
  यज्ञराज सत्याल ३५
- पहाड तथा पर्वतका आँसु कसले देख्ला ?
  पुष्कर माथेमा ४०
- सगरमाथा एक : कीर्तिमान अनेक
  समिध श्रेष्ठ ४२
- पर्वतारोहणले मैत्री भावनाको विकास गर्छ
  रामकृष्ण श्रेष्ठ ४५
- समाचार ४८
- नेपालमा पर्यटक आगमनको संख्या १९६२-२००१ ६१
- सन् २००२ स्प्रीडका लागि अनुमति प्रदान गरिएका दलहरु ६३
- विश्वको ८,००० मीटर भन्दा माथिका हिमशिखरहरु ६४

सम्पादकीय

नेपाल पर्वत

संघ शिखरतिर लम्कँदै .....

स्थापनाकालदेखि नै नेपाल पर्वतारोहण संघ आफ्नो उद्देश्य अनुसार सक्रिय रहिआएको छ । नेपाल पर्वतारोहण संघले नेपालको पर्वतीय पर्यटनमा विशेष एवं उल्लेखनीय योगदान दिइआएको छ । पर्वतीय वातावरणको संरक्षण, सगरमाथामा प्रदूषण नियन्त्रण, पर्वतारोहण सम्बन्धी तालीम, पर्वतारोहीहरूलाई सम्मान, दिवंगत पर्वतारोहीहरूका परिवार तथा सन्तानलाई आर्थिक सहयोग आदि नेपाल पर्वतारोहण संघका नियमित कार्यक्रम हुन् ।

यो वर्ष नेपालको लागि महत्वपूर्ण रहेको छ । यो वर्ष श्री ५ को सरकारको कार्यक्रम अनुसार गन्तव्य नेपाल वर्षको रूपमा अगाडि बढिरहेको छ । साथै संयुक्त राष्ट्र संघको आह्वानमा अन्तर्राष्ट्रिय पर्वत वर्षको रूपमा विशेष कार्यक्रम पनि संचालन भइराखेको छ ।

पर्वतारोहणको क्षेत्रमा मे २९, १९५३ महत्वपूर्ण दिन हो । यस दिन तेञ्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथामा पाइला टेकेर पहिलो र ऐतिहासिक आरोहण गरेका थिए । त्यस अघि पनि धेरै पर्वतारोहीहरूले सगरमाथाको आरोहण गर्न प्रयास नगरेका होइनन् तर पहिलो सफलता तेञ्जिङ नोर्गे शेर्पा तथा एडमण्ड हिलारीलाई भयो । त्यही सफल आरोहणको स्वर्ण महोत्सव यो वर्ष विभिन्न कार्यक्रमका साथ आयोजना भई राखेको छ ।

यस बाहेक नेपाल पर्वतारोहण संघ अन्य क्षेत्रमा पनि विशेष रूपमा सक्रिय छ । अहिले नेपाल पर्वतारोहण संघको एउटा ठूलो आयोजना विस्तारै पूर्णतातिर लम्किदै छ, त्यो हो- अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय जसको निर्माण पोखरामा सन् १९९६ मा शुरु गरिएको थियो । ठूलो लागतमा निर्माण भइराखेको सो संग्रहालय पूर्ण भएपछि संसारमै यस किसिमको पहिलो र एकमात्र संग्रहालय हुनेछ । तीन चरणमा सम्पन्न हुने सो आयोजनाको गत मे २९, २००२ मा यसको आँशिक खुल्ला (Soft Opening) भएको थियो र सो संग्रहालयको मे २९, २००३ मा भव्य उद्घाटन गर्ने कार्यक्रम रहेको छ । सो अवसरमा सबै सफल सगरमाथा आरोहण गर्ने पर्वतारोहीहरूको भेला नेपालमा आयोजना गरिने कार्यक्रम छ । यो भेला यस प्रकारको पहिलो कार्यक्रम हुनेछ । यसले पनि संसारभरि नेपालको प्रचार प्रसार हुनेछ । नेपालको पर्यटन विकासमा यसले ठूलो सघाउ पुऱ्याउने विश्वास लिइएको छ ।

भव्य तथा अति सुन्दर हिमाली श्रृङ्खलाले सुसज्जित नेपालले १९५० को दशकदेखि नै पर्यटक तथा पर्वतारोहीहरूलाई आकर्षित गरिराखेको छ । तर गत दुई वर्ष यता विभिन्न अन्तर्राष्ट्रिय तथा देशभित्रका अपत्यारिला घटनाहरूले नेपालको पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । यसबाट अन्तरराष्ट्रिय पर्यटक आगमन समेत प्रभावित हुन पुगेको छ ।

यसै सन्दर्भमा जुन विशेष कार्यक्रमहरू आयोजना भइराखेको छ त्यसले सकारात्मक प्रभाव पार्छ भन्ने पर्यटन उद्योगसित सम्बन्धित व्यक्तिहरूको राय छ । अहिलेको समयमा आशावादी हुनु नै पर्छ । श्री ५ को सरकारको विशेष नीति अनुसार पर्यटन उद्योग फस्टाउने प्रयास गर्दैछ । यस कार्यमा नेपाल पर्वतारोहण संघको पनि विशेष योगदान रहिआएको छ । पर्वतीय पर्यटन नेपालको पर्यटन उद्योगको एउटा आधार हो । त्यसमा पनि सगरमाथा सधैं नै आकर्षणको केन्द्रविन्दु रहिरहेको छ र पर्वतीय पर्यटन सम्बन्धी सबै क्रियाकलापमा नेपाल पर्वतारोहण संघको भूमिका अग्रणी रहेको छ ।

सीमित आय श्रोतमा काम गर्न गाह्रो हुन्छ तर नेपाल पर्वतारोहण संघले अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय जस्तो धेरै लगानी पर्ने आयोजनालाई निरन्तरता दिइराखेको छ । यो नेपाल पर्वतारोहण संघको आयले मात्रै सम्भव छैन । यसमा विशेष गरी जापान, कोरिया, भारत, चीन आदि विभिन्न देशका दाताहरूको विशेष आर्थिक तथा भौतिक सहयोग रहेका छन् जसबाट दाताहरूको हामीप्रति रहिआएको सद्भावना प्रतिविम्बित हुन्छ ।

यसै सन्दर्भमा ककनीमा निर्माण हुन गइरहेको अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यानको पनि यहाँ उल्लेख गर्न उपयुक्त हुनेछ । यो आयोजना एउटा विशेष उद्देश्यले निर्माण गर्न आँटिएको हो । कामकर्तव्यको सिलसिलामा उच्च हिमाली भेगमा आफ्नो जीवन गुमाउन पुगेका पर्वतारोहीहरूको सम्झनामा स्थापना हुन लागेको यस आयोजना - पर्वतारोहीहरूको सम्झना स्थल हुनेछ साथै यो उनीहरूप्रति कृतज्ञता ज्ञापन गर्ने एउटा महत्वपूर्ण माध्यम हुनेछ ।

पर्वतारोहीहरूको कुरा गर्दा आप्पा शेर्पाले सगरमाथाको वाह्रौं पटक सफल आरोहण गरेर एउटा उल्लेखनीय कीर्तिमान कायम गरेकोमा उहाँलाई हार्दिक बधाई छ । नेपाल आमाको वीर हिमपुत्र आप्पा शेर्पाले आफ्नो लागि मात्र हैन देशको नाम समेत स्वर्णाक्षरमा लेखिदिएका छन् । यस्तो सन्तान पाएकोमा नेपाल गौरवान्वित हुनुपर्दछ ।

संघ सामु आज पनि धेरै जोश, जाँगर छ र यसले सम्पूर्ण पर्यटन उद्योगलाई नै टेवा पुऱ्याउने देशको पर्वतीय पर्यटनको विकासका लागि केही ठोस योगदान दिन सक्नेछ । आय नै सबै क्रियाकलापको एउटा प्रमुख आधार हो । नेपाल पर्वतारोहण संघको मुख्य आयश्रोत भनेको १८ वटा हिम शिखरमा आरोहण गर्ने पर्वतारोहीबाट प्राप्त सलामी दस्तुर नै हो । तर यत्ति आयले मात्र नेपाल पर्वतारोहण संघका कार्यहरू संचालन गर्न अपर्याप्त भएकोले यस संघले थप ३५ शिखरको पर्वतारोहण अनुमति दिने अधिकारका लागि श्री ५ को सरकारसित अनुरोध गरेको छ । यस विषयमा श्री ५ को सरकारबाट पनि सकारात्मक आश्वासन प्राप्त भएको छ । यो भएमा तथा उचित तरीकाले सो हिमशिखरहरूको प्रचार प्रसार आदिबाट नेपाल पर्वतारोहण संघको आयमा बृद्धि हुने विश्वास लिन सकिन्छ ।

चुनौती धेरै छन् तर विचलित नभएर आत्मविश्वासका साथ काम गरिएमा गन्तव्यमा पुगिन्छ भन्ने विश्वासका साथ नेपाल पर्वतारोहण संघ अगाढि बढिराखेको छ ।

यसै सन्दर्भमा केही समय अगाडि भएको नेपाल पर्वतारोहण संघको केन्द्रीय कार्य समितिको चुनावको प्रसङ्ग उठाउनु आवश्यक छ । आषाढ २९, २०५९ मा सम्पन्न भएको नेपाल पर्वतारोहण संघको केन्द्रीय कार्य समितिको निर्वाचन २०५९ अनुसार श्री आङछिरिङ शेर्पा अध्यक्ष पदमा निर्वाचित हुनु भएको छ र अध्यक्ष आङछिरिङ शेर्पाको नेतृत्वमा २५ सदस्सिय केन्द्रीय कार्य समिति गठन भएको छ । यस केन्द्रीय कार्य समिति सामु धेरै चुनौतीहरू छन् तर उहाँहरूमा देखिएको हिम्मत, जोश र जाँगरले उहाँहरूले सफलता पाउनु हुनेछ भन्ने आशा गर्न सकिन्छ । उहाँहरूको कार्यकालको सफलताका लागि शुभकामना दिन चाहन्छौं ।

अन्तमा, हामी हाम्रा हरेक क्रियाकलापमा निरन्तर सहयोग गर्ने सबै हितैषि मित्रहरू, पाठक तथा शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं ।

नेपालबाट झण्डै चिप्लिन लागेको सगरमाथा

बुद्धिनारायण श्रेष्ठ*

आजका दिनसम्ममा कैंयौ पर्वतारोहीहरूले संसारको सर्वोच्च हिमशिखर सगरमाथा आरोहण गर्ने योजना बनाइसकेका छन्। ती मध्ये कतिले योजना कार्यान्वयन गरे होलान् त कतिले विभिन्न कारणवस कार्यान्वयन गर्न नसकेका होलान्। ती पर्वतारोहीहरू अथवा पर्वतारोहण दलहरू, जसले योजना कार्यान्वयन गरे, उनीहरूमध्ये हालसम्म १२५० जनाले विश्वको सर्वोच्च शिखरमाथि उक्लन सके, सगरमाथामाथि विजय प्राप्त गर्न सके र आफ्नो देशको झण्डा गाड्न सके होलान्। यस्तै २०५९ जेठ २ गते बिहिवार एकै दिनमा सबभन्दा धेरै ६१ जनाले सगरमाथा चढ्न सफलता प्राप्त गरे। तर अन्य कतिपय आरोहणकारीहरू शिखरमा पुग्न नसकी हिलारी स्टेपबाट फर्कन वाध्य भए होलान्, कुनै आरोहीहरू साउथ पिक, द बल्कोनी र साउथ कोलबाट ओरालो लागे होलान् भने कतिपय दलका सदस्यहरू क्याम्प नं. ४ सम्म पनि पुग्न नसकी बीचबाटोबाटै आरोहण परित्याग गरी बेस क्याम्पमा झरे होलान्। यस्तै कतिपय पर्वतारोहीहरू हिउँको बाटो उक्लँदा उक्लँदै चिप्लिएर हिम खाडलमा परी मरे होलान् भने अन्य केही सगरमाथा चुचुरोमाथि विजय प्राप्त गरी ओर्लने क्रममा अनायास चिप्लेर हिमपहिरो अथवा हिमनदीमा परी आफ्नो ज्यान गुमाए होलान्। यसरी सफलताकासाथ संसारको सर्वोच्च हिमशिखर सगरमाथा आरोहण गरी फर्किने क्रममा नेपालका ख्यातिप्राप्त महिला पर्वतारोही पासाङल्हामु शेर्पाको पनि २०५० वैशाख १० गते ओर्लदा ओर्लदै एकाएक मृत्यु भयो। यस्तै छोटो समय (१६ घण्टा ५६ मिनेट) मा सगरमाथा उक्लने, लामो समय (२१ घण्टा) सम्म सगरमाथाको चुचुरोमा बस्ने र एउटै सिजनमा दुई-दुई पटक (सन् १९९५ तथा १९९९) गरी १० पटक सगरमाथामाथि दौडने अत्यन्त साहसी बाबुछिरि शेर्पा २०५८ वैशाख १६ गते तम्बूबाट बाहिर निस्केर फोटो खिच्न लाग्दा चिप्लेर हिमखाडलमा परी मरे। सबै नेपालीका लागि यो ज्यादै दुःखको कुरा हो।

इतिहास हेर्ने हो भने हाम्रो सगरमाथा हाम्रो देश नेपालबाट झण्डै चिप्लिन लागेको थियो र त्यसबेलामा तत्कालीन प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालाले बचाएर राख्न सके। वास्तवमा नेपालबाट चिप्लिन लागेको सगरमाथाको कुरा के हो भने, नेपाल-चीनबीच सीमाङ्कन गर्ने, सीमास्तम्भहरू खडा गर्ने, दुई देशबीच सीमा सन्धिको मस्यौदा तयार पार्ने भनी २१ मार्च १९६० (२०१६ चैत ९) का दिन तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले बेजिङमा सम्झौता गरेका थिए। काठमाडौं फर्केपछि चैत २२ गते पत्रकार सम्मेलनमा गम्भीर हुँदै बी.पी.ले भने "चीनले सगरमाथाउपर दावी गर्‍यो, सगरमाथा उनीहरू आफ्नो भन्छन्, तर मैले उनीहरूको दावीलाई इन्कार गरेको छु।" उनले स्वयम् विश्वस्थताको स्वरमा भन्दै गए "चिनिया दावीका बारेमा चीनका प्रधानमन्त्री चाउएन लाईको काठमाडौं भ्रमणको समयमा छलफल हुन सक्नेछ। त्यसै बखतमा सगरमाथासम्बन्धी दावी र अन्य सीमा विवादका बारेमा पनि सौहार्दपूर्ण तरिकाले समाधान हुनसक्छ।"

यसैबीच प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले सगरमाथा चीनलाई बेचे भनी नेपाल कम्युनिष्ट पार्टीले काठमाडौंको सडकमा नारा घन्काउँदै जुलुश निकाली आमसभा गरेको थियो। यसले नेपालको राष्ट्रियता जागृत गराएर तत्काल हल्लाखल्ला मच्चाएको थियो। तत्कालीन प्रधानमन्त्री र उनको पार्टीको विरोधमा यो विवाद एउटा स्वादिलो मसलाको रूपमा विपक्षीहरूले ग्रहण गरेका थिए। किन कि विश्वेश्वरप्रसाद कोइराला चीन भ्रमणमा रहेको वेला चीनले सगरमाथा उनीहरूको सीमारेखा भित्र पर्छ भनी दावी गरेको थियो। त्यस समयमा दुवै देशबाट आ-आफ्नो देशको सिमाना अंकित भएको नक्सा पनि एक आपसमा प्रस्तुत गरिएको थियो। नेपालका तर्फबाट प्रस्तुत नक्सा कस्तो थियो, सो नक्सा कसले बनाएको हो, त्यसमा सगरमाथाको नाम उल्लेख थियो-थिएन र सगरमाथा क्षेत्रको कति उत्तरसम्म सीमारेखा कोरिएको थियो भन्ने जिज्ञासाको कुरा रहेको थियो।

नेपालका प्रधानमन्त्रीद्वारा प्रस्तुत गरिएको नक्साका सम्बन्धमा चिनियाहरूले भनेका थिए, यस नक्सामा एभरेष्ट भनेर लेखिएको छ, जुनचाहिं ब्रिटिश नाम हो। यसमा नेपाली शब्दको नाम केही लेखिएको छैन, यद्यपि यस हिमचुलीको

---

* बुद्धिनारायण श्रेष्ठ नेपालको सिमाना सम्बन्धी अनुसन्धान-अध्ययनकर्ता हुनुहुन्छ। उहाँ श्री ५ को सरकार नापि विभागका पूर्व महानिर्देशक र हाल भूमि चित्र नाप नक्शा कम्पनीका प्रबन्ध निर्देशक हुनुहुन्छ।

झोमोलोङ्मा भन्ने तिब्बती नाम धेरै लामो कालदेखि नै प्रचलित भएर आइरहेको छ । यसको जवाफमा नेपालले, यसको नेपाली नाम सगरमाथा हो भन्यो तर पनि चिनियाहरूले, यो नाम भर्खरै राखिएको होला भन्ने बुझे । सगरमाथा भन्ने नामाकरण नेपालले धेरै पहिले नै गरिसकेको हो भन्ने कुरा त्यसबखत (२०१६ चैतमा) जोडदार तरिकाले प्रस्तुत हुन सकेन । यद्यपि, विश्वेश्वरप्रसाद कोइराला चीन भ्रमणमा निस्कनुभन्दा पहिले उनले इतिहास शिरोमणि बाबुराम आचार्यसँग पनि भलाकुसारी गरेका थिए । आचार्यले आफ्नो धेरै पहिलेको खोजअनुसार एभरेष्टको नेपाली नाम सगरमाथा भएको र सरकारी स्तरबाट समेत सन् १९५६ (सम्वत् २०१३) मा यसै नामलाई मान्यता दिइएको छ भन्ने कुरा बताएका थिए । तर पनि नेपालले चीनलाई सगरमाथा भन्ने नामाकरण धेरै पहिले नै गरिसकेको भन्न सकेन, किन कि तीन वर्षअघि मात्रै यसलाई विधिवत नामाकरण गरिएको थियो, यद्यपि आचार्यले सम्वत् १९९५ सालमै यस हिमचुलीको नाम सगरमाथा हो भनिसकेका थिए ।

बैज्ञानिकहरूले आजभन्दा १४५ वर्ष पहिले संसारको सबभन्दा अग्लो शिखर सगरमाथा हो भन्ने पत्ता लगाएका थिए । सर्भे अफ् इण्डियाले हिमाली क्षेत्रको विभिन्न चुलीहरूको उचाई के कस्तो छ भनी सन् १८४९-५० मा Great Triangulation Surveying विधिबाट सगरमाथाभन्दा १७६ किलोमिटर टाढाको भारतीय भूमिबाट विस्तृत सर्भेक्षण गरेका थिए । त्यस समयमा विभिन्न हिमचुलीहरूको खास नाम कुनै नभएकोले ती चुलीहरूलाई रोमन अंकबाट नामाकरण गरिएको थियो, जसमध्ये सगरमाथालाई पन्धौ चुली (Peak-XV) अंक दिइयो । सर्भेक्षण गरिएको तथ्याङ्क संगणना गर्दा यो चुली सबैभन्दा अग्लो पाइएकोले सन् १८५५ को अन्त्यमा यो पन्धौ चुलीलाई ८, ८४० मिटर (३ मिटर घट-बढ) अंकन गरी विश्वको सबभन्दा अग्लो भू-भाग घोषणा गरियो । पुनः सर्भेक्षण गरी यस चुलीको उचाई सर्भे अफ् इण्डियाले सन् १९५४ मा ८,८४८ मिटर, चीनले सन् १९७५ मा ८,८४८.१३ मिटर तथा अमेरिकाको वोस्टन म्युजियम अफ् साइन्स/नेशनल जियोग्राफिक सोसाइटीले सन् १९९९ नोभेम्वर ११ (२०५६ कार्त्तिक २५) मा ८,८५० मिटर भएको विधिवत जानकारी गराएका छन् ।

ब्रिटिशकालीन भारतका सर्भेयर जनरल सर जर्ज एभरेष्ट, भारतीय वंगाली सर्भेयर राधानाथ सिक्धर र नेपाली कर्पोरल तेजबीर बुढाथोकीको संयुक्त प्रयासमा पत्ता लागेको (Peak-XV) चुलीको नाम लण्डनको Royal Geographical Society ले ब्रिटिश सर्भेयरको सम्मानमा सन् १८६५ मा Mount Everest नामाकरण गऱ्यो । वास्तवमा यस हिमशिखरको उचाईलाई नापी गरी संसारभरका पर्वत शिखरहरूमध्ये सबैभन्दा अग्लो पर्वत शिखर यही नै हो भन्ने तथ्य पत्ता लगाउने अथवा यस सर्वोच्च शिखरको जानकारी आविष्कार गर्ने मुख्य काम राधानाथ सिकन्दरले गरेका थिए तापनि सर्वोच्च चुलीको नामचाहिं कामको भूमिका मात्रै खेल्ने सर जर्ज एभरेष्ट ब्रिटिश नागरिक भएको हुनाले उनैलाई श्रेय दिई सर्वोच्च हिमचुलीलाई माउण्ट एभरेष्ट भनी नामाकरण गरियो ।

संसारको सबभन्दा अग्लो हिमचुली पत्ता लगाउन सबैभन्दा मुख्य काम गर्ने व्यक्तिको योगदानको उपेक्षा गर्दै अंग्रेजहरूले आफ्नो भूतपूर्व सर्भेयर जनरलको नामबाट यस चुलीको नाम माउन्ट एभरेष्ट राखेकोमा एकजना एसियाली नागरिकको नाताले पनि स्वाभिमानी बाबुराम आचार्यको मन एकाएक कुँडियो । आफ्नो देश नेपालमा रहेको पर्वतशिखर भएकोले यस शिखरको स्थानीय नाम अवश्य पनि हुनुपर्छ भन्ने उनको अन्तरआत्माले देख्यो र उनी यस हिमशिखरको स्थानीय नामको खोजी गर्ने क्रममा रामेछाप, ओखलढुंगा, सोलुखुम्बुतिर लागे । उनले स्थानीय मानिसहरूसँग सम्भव भएसम्म सोधपुछ गरे र गढी-गौंडा, अड्डा-अदालतका लेखोट बहिखाताहरू पनि निकै खोतले । अन्त्यमा यस हिमशिरको स्थानीय नाम सगरमाथा हो र यस क्षेत्रका स्थानीय मानिसहरू अझै पनि यसलाई सगरमाथाकै नामले चिन्दछन् भन्ने कुरा पत्ता लगाई छाडे । यसैको परिणामस्वरूप सम्वत् १९९५ मा शारदानामक सुप्रसिद्ध साहित्यिक पत्रिकाको वर्ष ४, अंक ८ मा उनको "सगरमाथा वा भ्यामोचोङमा" शीर्षक लेख प्रकाशित भयो । वावुराम आचार्यको खोजीअनुसार "सगर" र "माथा" दुई शब्दहरू मिलेर सगरमाथा शब्द बनेको पाइन्छ । उनको मान्यताअनुसार वैदिक तथा संस्कृत वाङ्मयमा स्वर्ग शब्दको नै अर्को रूप 'सगर' शब्द नेपाली भाषामा प्रचलित रहेको छ । उदाहरणको रूपमा सूर्यास्तको वेला आकाश रातो देखियो भने सगर डढ्यो भन्ने कुरा जन-जिब्रोमा झुण्डिएको छ । यस्तै "माथ अथवा माथा" शब्दले मस्तक अथवा शिरलाई बुझाउँछ । यसरी सामान्यतया: सगरले स्वर्ग वा आकाश र माथाले शिर जनाउँछ । यस हिसाबमा सगरमाथाको अर्थ "आकाशसम्म पुगेको शिर" भन्ने बुझिन्छ । यस हिमशिखर विश्वमा सबैभन्दा अग्लो भएकोले यस शिखरको नाम नेपाली भाषामा 'सगरमाथा' राखिनु सार्थक पनि देखिन आएको छ ।

यहाँ फेरि एक पटक नेपाल-चीन सीमा छलफलका प्रसङ्गकै कुरा निकालौं । दुई देशबीचको छलफलको क्रममा नेपालले प्रस्तुत गरेको नक्सामा सगरमाथा चुलीको कति उत्तरी



EDDA WOLF

दक्षिणबाट देखिने सगरमाथा

खण्डसम्म आफ्नो सीमारेखा कोरिएको थियो भन्ने कुरा बाँकी रहेको छ । यस प्रसंगमा तत्कालीन प्रधानमन्त्री कोइरालाले चीनसमक्ष राखेको नक्सामा सगरमाथा शिखर ढिकको पानी ढलो अथवा चुलीको धारलाई सीमारेखा पारिएको थियो भन्ने बुझिन्छ । यो नक्सा तत्कालीन ब्रिटिश सर्भे अफ् इण्डियाले बनाएको नक्सा थियो । त्यसताकाको चर्चाअनुसार, नेपालले आफूले बनाएको परराष्ट्र विभागको जैसी कोठीमा भएको नक्सा झिकी दावी गरेको भए सगरमाथाको चुलीको उत्तरी फेदीको करिब बीचसम्म नेपालको सीमारेखा पुग्ने थियो । तर के कारणले हो नेपालले बनाएको नक्सा नेपालले नै अगाडि सार्न सकेन ।

अन्य कुरा जेसुकै होस्, नेपालका तर्फबाट आफ्नै देशमा बनेको नक्सा र आफ्नै देशबाट नामाकरण भएको सगरमाथाको नाम सशक्त रूपमा अगाडि सार्न नसकेकाले सगरमाथा चीनले दावी गरेको हुनुपर्छ । तर पनि नेपालले झिनो-मसिनो तथा मलिनो स्वरमा भए पनि सगरमाथा नेपालको हो भनिरह्यो । यसै कारणले पनि चीनका अध्यक्ष माउत्सेतुङ्गले झोमोलोङ्गमा र सगरमाथा एउटै कुरा हो भन्ने मानेर नेपालले प्रस्तुत गरेको नक्साअनुसार नेपाल र चीनको सिमाना कोर्न सहमति प्रकट गरे । उनले दुवै देशबाट भनिने नाम र अन्य मुलुकबाट बोलिने नाम अर्थात सगरमाथा-झोमोलोङमा-माउण्ट एभरेष्ट सबै हटाई नेपाल-चीन मैत्री स्मारकका रूपमा 'मितेरी चुचुरो' नामाकरण गर्ने सुझाव पनि दिएका थिए तर कोइरालाले मानेनन् । कोदारी राजमार्गको नेपाल-चीन सिमानामा बनेको पुललाई 'मितेरी साँगु' भन्ने नाम दिएजस्तै गरी सगरमाथालाई मितेरी चुचुरोको नाम दिने कामचाहिं नेपालको अभिरुचि नभएका कारणले हुन सकेन । त्यसबेला प्रधानमन्त्री कोइरालाले सहमतिवाचक टाउको हल्लाई दिएका भए नेपालले आज सगरमाथाको देश भनिरहन पाउने थिएन होला ।

माथिको कुरा जे जस्तो भए तापनि चीन र नेपालका बीच मैत्री सम्बन्ध अझ अरू प्रगाढ पार्न र सगरमाथाको मुद्दा छिन्न पूर्व निश्चित समयमा चीनका प्रधानमन्त्री चाउएन लाईले नेपालको तीन दिने भ्रमण गरे । यसै क्रममा २०१७ वैशाख १६ (२८ अप्रिल १९५०) को राति साढे दशबजे सिंहदरबार ग्यालरी बैठकमा भएको पत्रकार सम्मेलनमा चीनका प्रधानमन्त्रीले सगरमाथा नेपालकै हो भनेपछि सगरमाथाबारे उठिरहेको चीन-नेपाल विवादको एकाएक अन्त्य भयो । चिनिया प्रधानमन्त्रीले पत्रकारहरूलाई अझ अरू जानकारी गराए कि प्र. मं.

कोइरालासँग कुराकानी भएअनुसार दक्षिणबाट सगरमाथा आरोहण गर्नेहरूले श्री ५ को सरकारबाट र उत्तरबाट आरोहण गर्नेहरूले चीन सरकारबाट प्रवेशआज्ञा लिनुपर्ने छ । यसअनुसार सगरमाथालाई सीमारेखामा पारी नेपालले खिचेको नक्सालाई हामीले मान्यता दिन स्वीकार गर्‍यौं भन्ने पनि उल्लेख गर्नु भयो । यहाँ उल्लेखनीय कुरा के छ भने सगरमाथासम्बन्धी विवाद दुई प्रधानमन्त्रीहरूका बीचबाट समाधान भयो । यो विवाद तल्लो तहमा गएको भए समाधान हुन सक्थ्यो या हुने थिएन, कसले भन्न सक्छ र !

यस्तै स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव बडामहारानीका साथ बेलग्रेड तर्फ सवारी हुने क्रममा २०१८ भदौ १३ गते नयाँ दिल्लीमा मुकाम भएको थियो । सो दिन विदेशी पत्रकारहरूद्वारा सगरमाथाबारे गरिएका प्रश्नहरूको उत्तरमा सगरमाथा सदैव नेपालको रहेको छ र कुनै पनि नेपालीले सगरमाथालाई छोड्न चाहँदैन भन्ने हुकुम् भएको थियो । मौसूफले २०१८ असोज १९ गते नेपाल-चीन सीमा सन्धिमा हस्ताक्षर गरी चीनको विभिन्न भागको भ्रमण पूरा गरी कात्तिक ११ गते राजधानी भित्रिवक्सेका दिन टुँडिखेलमा आयोजित समारोहमा चीनसित भएको सीमा सन्धिले दुवै देशको सीमा निश्चित ढंगबाट यकिन गरिएको छ, यसबाट लगभग १८ महिनादेखि चलिआएको विचार विमर्श र वादविवाद अब टुंगियो, अब सीमा खम्बाहरू दुवै देशको सुविधाअनुसार गाडिने छन् र यसबाट दुवै देशको मैत्री र सुसम्बन्धलाई सुदृढ बनाइएको छ, यस उत्तरी सीमा सन्धिले हाम्रो नेपाल अधिराज्यलाई करीब ३०० वर्ग माइल भूमि लाभ भएको छ । सगरमाथाबारे आज संसारको आँखा परेजस्तो लाग्दछ । यो जस्ताको तस्तै हाम्रै देशभित्र हाम्रै भएर रहेको छ भन्न पाउँदा हामी सबै नेपाली गैरवान्वित भएका छौं, उत्तरी सीमा इलाकाको झगडा पनि नेपालकै लाभ हुने तरिकाबाट अब सुल्झियो, भन्ने भाषण बक्सियो ।

यसअघि सगरमाथाको स्वामित्वका बारेमा छलफल हुँदा चीनको ऐतिहासिक अवस्थाका आधारमा खिचिएका चिनिया नक्साहरूले सगरमाथा चीनको भूभागभित्र परेको देखाएको थियो भने नेपालको ऐतिहासिक अवस्थाको आधारमा खिचिएका नक्साहरूले सो पर्वत दुई देशबीचको सीमारेखामा रहेको देखाएको थियो । त्यस समयमा प्रधानमन्त्री कोइरालाले सो पर्वत नेपालले सदैव नेपालकै हो भनी मानिआएको छ भन्ने बुँदा उल्लेख गर्नु भएको थियो । अध्यक्ष माउत्सेतुङ्गले प्रधानमन्त्री कोइरालासँगको भेटका अवसरमा, सगरमाथा दुवै देशको सीमारेखामा देखिने गरी नेपालले अंकन गरेकोलाई हामी अनुशरण गर्छौं भनी व्यक्त गर्नुभएको थियो । यसअनुसार चुलीको आधी उत्तरी भाग चीनमा पर्ने र आधी दक्षिणी भाग नेपालमा पर्न गयो ।

यसरी दुवै देशका सरकारप्रमुख तथा राष्ट्रप्रमुखहरूका यिनै भनाइहरू अनुसार दुई देशका बीच भनाइ र गराइमा फरक नपारी सीमा स्तम्भहरू ठड्याइ सीमांकन भई २०१९ माघ ७ गते सीमा वडापत्र (वाउण्डरी प्रोटोकल) मा हस्ताक्षर पनि भयो । यसअनुसार हजारौं वर्षदेखि सीमांकन नभएको नेपाल-चीन सीमारेखामा वैज्ञानिक सीमांकन विधिवत सम्पन्न भयो । सिमानासम्बन्धी छलफलको सुरु समयमा चीनले सगरमाथामाथि दावा गरेको भए तापनि चीनले नेपालप्रति देखाएको अगाध मित्रता, स्नेह, सौहार्द्रता तथा मुख्यतः समानताका आधारमा नेपालकै राष्ट्रिय सम्पत्ति मानी सो दावी छाड्यो । सगरमाथाको कुराप्रति कचिङ्गल, वाद-प्रतिवाद, ढिलासुस्ति कत्ति पनि नभएकोले दुई देशबीचको सम्पूर्ण सीमांकन परम्परागत एवं विधिवत कायम रहेको पानीढलोको सिद्धान्तको आधारमा समानता, आपसी हित, शान्ति तथा मैत्रीका हिसावमा औपचारिक रूपबाट निरूपण गरियो । दुवै देशबीचका सीमासम्बन्धी सबै प्रश्नहरू दुवै पक्षको पूर्ण सन्तुष्टिका साथ समाधान भयो । सगरमाथाको दाबी बिरोधका सम्बन्धमा दुई देशमध्ये कुनै एक देशले मेरो देश ठूलो हो, हामी तिमीभन्दा सिपालु छौं, हामी समृद्ध पनि छौं, तिमीहरू हामी माथि नै निर्भर रहनुपर्छ भन्नेजस्ता भावना लिएको भए हिजोआजसम्म पनि सगरमाथा कुन देशमा पर्छ भन्ने टुंगो लाग्न सक्ने थिएन होला । तर एक मासाको तौलमा पनि यस्ता कुराहरू नझिकिएको हुनाले आज विश्वमा सगरमाथाको देश नेपाल हो भनेर चिनिन सकेको छ ।

सगरमाथामाथि दुवै देशबीचको सीमारेखा पानीढलोको सिद्धान्तअनुसार दौडेपछि सगरमाथा नेपालको मात्र हो भनेर कसरी भनिएको होला भन्ने जिज्ञासा धेरैजनाको रहेको छ । त्यसमाथि पनि चुचुरोचाहिं कुन देशतर्फ पर्छ भन्ने पनि कौतूहल रहेको पाइन्छ । यस सम्बन्धमा कुत्कुती प्रश्नको फुत्फुती जवाफ भनेजस्तो छोटो-मोटो जानकारी खोज्नेले, चुचुरो नेपालतर्फ परेको हुनाले नै सगरमाथा नेपालको हो भनिएको हो भन्ने जवाफ पाउँछन् । अलि मसिनो र गहिरो जवाफ खोज्नेहरूका निमित्त चाहिने विवरण यस्तो हुनसक्छ- सगरमाथाको टुप्पो अर्थात चुचुरो तीनतिरबाट आएको धारको मिलनभएर बनेको छ । अर्को वाक्यमा भन्नुपर्दा सगरमाथाको शिरबाट पानीढलोका धारहरू, घरधुरीको पाखो छुट्टिएजस्तो गरी तीनतिर गएका छन् । यी तीन धारहरूमध्ये एउटा पश्चिमतर्फ गएको छ भने

दोश्रो धार उत्तरपूर्व तर्फ लागेको छ र तेश्रो धार दक्षिण दिशातिर झरेको छ। पश्चिमतिरको धार लामो छ तर निकै भिरालो परेकोछ। उत्तर पूर्वी धार तर्याइलो रहेको छ भने दक्षिणी धार अन्य दुई धारहरूभन्दा कम भिरालो र सुगम रहेकोछ। पश्चिमी र दक्षिणी धारहरूले नेपाल र चीनबीचको सीमारेखाको रूपमा काम गरेका छन्। उत्तर पूर्वी धार भने पूर्णतया चीनको सरहदभित्र पर्दछ। पश्चिम र दक्षिणका धारहरूभन्दा चीनतर्फ पर्ने उत्तरी मोहडा निकै भिरालो परेको छ। तर यसको दाँजोमा नेपालतर्फ पर्ने दक्षिणी मोहडा कम भिरालो बनेको छ। सगरमाथाको शिखर सम्बन्धी महत्वपूर्ण कुरा के छ भने चुचुरोको सीमारेखाको दक्षिणी भागमा करिब ६ फिट चौडाइ र ७ फिट लम्बाइ भएको पाटो नेपालतर्फ पर्दछ। तर सीमारेखाबाट चीनतर्फको भागमा भने ठाडै भिरालो परेको छ। यसैले सगरमाथाको उत्तरी मोहडाबाट अर्थात चीनतर्फबाट सगरमाथा आरोहण गर्ने पर्वतारोहीहरूले पनि नेपालतर्फको पाटो परेको भागमा नटेकी सगरमाथा माथि विजय प्राप्त गर्न सक्दैनन्, सिमानाको धारमा विजयी पर्वतारोही उभिरहन मिल्दैन। त्यसैले विश्वको सर्वोच्च भू-भाग नेपालभित्रको सिमानामा रहेको हुनाले सगरमाथा नेपालमा पर्दछ भनिएको हो। दुई देशका बीच पानीढलोको सीमा सिद्धान्त अपनाइएको हुनाले सो सिद्धान्तअनुरूप पानीढलोसँग जोडिएको सर्वोच्च भागको पाटो नेपालतर्फ पर्न गयो। यो सर्वोच्च पाटोमा सात आठ जनाभन्दा बढी सगरमाथा विजयीहरू एकैपटक उभिन ठाउँ नपुग्ने भएकोले सो भन्दा बढी आरोहीहरूले एकैपटक विजय गरे भने पालैपालो गरी उक्लनु पर्ने हुन्छ। सन् १९८८ मा चीन-जापान-नेपाल मैत्री अभियान अन्तर्गत उत्तर तथा दक्षिण मोहडाबाट एकैपटक १२ जना, १९९३ मे १० का दिन ३८ जना र २००२ मे १६ (२०५९ जेठ २ गते बिहिवार) एकै पटक ५४ जना आरोहीहरू एकै दिन चुचुरोमा पुग्दा सर्वोच्च पाटोमा उभिने ठाउँ नपुगेर केहीले चुचुरोको मुनि पालो पर्खन परेको र शिखरमा पुगेकाले अर्का आरोहीलाई पालो दिन आफू पाटोबाट तल झरेर उभिएका थिए। यही सर्वोच्च पाटो नेपालतर्फ परेको हुनाले चीनले सगरमाथा माथिको दावी छाडेको पाइन्छ।

सगरमाथामाथि चीनले दावी नछाडेको भए अथवा सगरमाथा चिप्लिएर नेपालबाट चीनको सीमारेखाभित्र परेको भए न कुनै नेपाली आज हिमचितुवा हुन्थे होलान् न त आप्पा शेर्पाले १२ पटक सगरमाथामाथि उक्लेर विश्व रेकर्ड राख्न पाउँथे, न कुनै नेपाली नागरिकले कान्छो आरोहीको पदवी हासिल गर्न सक्थे होलान्। यस्तै सगरमाथा नेपाल सरहदभित्र नरहेको भए आउँदो वर्ष २००३ मे २९ का दिन "सगरमाथा स्वर्ण महोत्सव दिवस" को आयोजना नेपालले गर्न पाउने थिएन। कुनै विश्व प्रशिद्ध वस्तु कुनै पनि देशमा रहनु त्यस देशको नितान्त गौरवको विषय हो। सगरमाथा हाम्रो देशमा छ, यो नेपालीको गौरवको कुरा हो। तेञ्जीङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीले सगरमाथामाथि सर्वप्रथम विजय प्राप्त गर्नुभन्दा २४ वर्ष पहिले सगरमाथा आरोहणका क्रममा मृत्यु भएका बेलायती आरोही जर्ज म्यालोरीलाई आरोहण सुरु गर्नुअघि "तपाई किन सगरमाथा चुम्न चाहनु हुन्छ?" भनी सोधनी गर्दा उनले जवाफ दिएका थिए "किन कि त्यो त्यहाँ छ।" म्यालोरीका भनाइअनुसार साँच्चै सगरमाथा नेपालमा छ। त्यसैले विश्वका आरोहीहरू तथा पदयात्रीहरू नेपालमा रहेको संसारको सर्वोच्च शिखरप्रति लालायितभई नेपाल आउँछन्। यसैले एक नेपालीले सगरमाथा नेपालबाट चिप्लिन नदिएजस्तै अब हामी अरू सबै नेपालीहरूले हाम्रो राष्ट्रियता, सार्वभौमिकता र नेपालको राष्ट्रिय सीमारेखालाई नेपालबाट चिप्लिन नदिऔं।

सगरमाथा सम्बन्धी रोचक जानकारी

सगरमाथा उचाई : ८८४८ मी.
उत्तरी अक्षाँश : २७° ५९'
पूर्वी देशान्तर : ८६° ५५'
ब्रिटीशकालीन भारतका पूर्व सर्भेयर बेलायती नागरिक जर्ज एभरेष्टको नेतृत्वमा Royal Geographical Society का सर्भेयर प्रमुखको सम्मानमा सन् १८६५ मा माउण्ट एभरेष्ट नामाकरण गरिएको थियो।
पुरानो नाम : पीक पन्ध्र (Peak XV)
नेपाली नाम : "सगरमाथा" विक्रम संवत १९९५ मा इतिहास शिरोमणि बाबुराम आचार्यद्वारा नामाकरण
पत्ता लगाउने : भारतीय बंगाली सर्भेयर राधाकृष्ण सिकन्दर
तिब्बती भाषामा : झोमोलोङमा
सगरमाथा आरोहीहरु मध्ये १ तिहाई सगरमाथा आरोहीहरु शेर्पा जातिका छन्।

साभार : नेपालको सिमाना

हिमताल : उत्पत्ति, विकास र विष्फोटन

श्रीकमल दवाडी*

नेपालको हिमाली क्षेत्रमा बढ्दै गरेको तापक्रमका कारण हिमतालहरूको बन्ने तथा बृद्धिहुने क्रम विगत केही दशकदेखि क्रमशः बढ्दै गएको छ । यसरी हिमतालको संख्यात्मक बृद्धि तथा हिमतालहरूको क्षेत्रफलमा भैरहेको बृद्धिले ती हिमताल तल रहेका नदी छेऊ छाउका क्षेत्रमा हिमताल विष्फोटन भएर आउने बाढीको प्रकोप पनि बढ्दै गैरहेको छ । हिमतालको बाँध फुटेर हुने विष्फोटनबाट आउने अरबौं लिटर पानीले त्यो हिमतालबाट बग्ने खोला तथा त्यसभन्दा तल्लो तटीय क्षेत्रमा व्यापक धन जनको क्षति गराउने गर्दछ । विगत केही दशकमा भएका हिमताल विष्फोटन भएको क्षेत्रहरूमा भएका क्षतिले गर्दा नेपालमा पनि हिमतालहरूको अध्ययनको आवश्यकता अनुभव हुन थालेको छ ।

हिमनदी

बगी रहेको बरफ नै हिम नदी हो । उच्च हिमाली क्षेत्रमा हिउँ पर्दछ तर तापक्रम चाँहि सून्य डिग्री सेल्सियस भन्दा माथि जादैन । तब हिउँ जम्मा हुन थाल्दछ (यो क्षेत्र भनेको जाडोमा ३००० मिटर र गर्मीमा अन्दाजी ६००० मिटर समुद्री सतह भन्दा माथिका उचाइका रेन्जहरू पर्दछन्) यसरी हिउँ जम्मा हुँदै जाँदा तल्लो तहका हिऊँ माथिल्लो तहको हिऊँको तौलले थिचिन जान्छ । यसरी तल्लो तहको हिउँको घनत्व बढ्दै जान्छ । यसरी हिऊँ बरफ (Ice) मा परिवर्तन हुन्छ । हिऊँ र बरफ दुबै नै पानीको जमेको वा ठोस रूप हो । भर्खर परेको हिऊँको घनत्व ०.०१ ग्राम प्रति घन से.मी. हुन्छ भने बरफको घनत्व ०.९१७ ग्राम प्रति घन से.मी. हुन्छ । हिऊँको घनत्व भनेको यी दुईको बीचमा हुन्छ ।

जब हिऊँको तह धेरै हुन थाल्दछ तब हिऊँ भिरालोतिर विस्तारै बग्न थाल्दछ । यसरी हिमनदीको सृजना हुन जान्छ । हिमनदीको बग्ने गति भने फरक फरक हुन सक्दछ । केही सेन्टीमिटर प्रति हप्ता वा महिनादेखि केही मिटर प्रति दिन सम्म हुन सक्दछ । जति तल्लो उचाइ हुन्छ त्यतिनै बढी तापक्रम हुन्छ । त्यसकारण जब हिमनदीहरू तल्लो उचाइमा आईपुग्दछन् तब पग्लने प्रकृया शुरु हुन्छ ।


हिमनदीको बग्ने क्रमलाई तापक्रमले नियन्त्रण गर्दछ । तल्लो उचाइमा चिसो बढेमा हिमनदी तलसम्म बढ्न जान्छ भने तापक्रम बढेमा माथिल्लो उचाइमा सर्दछ । हिमनदी बग्ने क्रममा यसका वरिपरि तथा पिंधमा भएका चट्टानका टुक्राहरू लगायत चट्टानको क्षयिकरणबाट बनेको माटो गेगर सबैनै संगै बग्दछ । हिमनदी आफै जमेको बरफको बहाव हुनाले आफूसंगै जमेको ठुला ठुला चट्टानका टुक्राहरू पनि बगाउने क्षमता हुन्छ । साथै हिमनदीका वरिपरिका भिरालो जमिनबाट खस्ने चट्टानका टुक्रा, बालुवा र माटो पनि हिऊँसंगै मिसिएर हिमनदी भित्र जम्न पुग्दछन् र हिमनदीले संगै सोहरेर लैजान्छ । यी चट्टानका टुक्रा, गेगर, बालुवा र माटोलाई समग्रमा समिश्रण (debris) भनिन्छ । हिमनदी दुई प्रकारका हुन्छन्- शुद्ध बरफले ढाकेको हिमनदी र समिश्रणले ढाकेको हिमनदी (debris covered glacier) । यहाँनिर रमाइलो तथ्य के छ भने हिमाली क्षेत्रमा समिश्रणले ढाकेको हिमनदीहरूमा (debris covered glacier) माथि पट्टी ढुंगा माटो मात्रै देखिए पनि मुनितिर हिमनदी बगिरहेको हुन्छ ।

जब हिमनदी तल्लो उचाइमा आउदछन् तब तापक्रम सुन्य डिग्री भन्दा माथि जाने हुँदा विस्तारै पग्लन थाल्दछन् । तब हिमनदीमा भएको बरफ पग्लन्छ । त्यसमा भएको समिश्रण (ढुंगा, बालुवा, माटो आदिको समिश्रण) त्यही जम्मा हुन थाल्दछ । यो क्रम धेरै वर्षसम्म चलिरहँदा हिमनदीको अन्तिम विन्दुमा धेरैनै समिश्रण वा debris जम्मा हुन पुग्दछ । यसरी जम्मा भएको थुप्रोलाई मोरेन (moraine) भनिन्छ ।

हिमताल

हिमालय क्षेत्रमा भैरहेको तापक्रम बृद्धिको प्रत्यक्ष असर हिमनदीहरूमा देख्न सकिन्छ । तापक्रम बृद्धिहुँदा हिमनदीहरू माथितिर सर्न थाल्दछन । यसको मतलब अब पहिला बनेका मोरेनभन्दा पछाडिनै हिमनदी पग्लन थाल्दछ । यस अवस्थमा मोरेनले हिमनदीहरूबाट पग्लेर आएको पानीलाई रोकेर बाँधको काम गर्दछ । यही पानी जम्मा हुदै हिमताल बन्न पुग्दछ । यसरी बन्ने हिमताललाई मोरेनको बाँध भएको हिमताल भनिन्छ ।

* श्रीकमल दवाडी सिंचाई विभागमा भूगर्वविद् हुनुहुन्छ ।



मोरेनको बाँध भएको हिमतालको विकासका चरणहरू

कहिलेकाँही पानीलाई हिमनदीले छेकेर पनि हिमताल बन्न सक्छ। यस्तो हिमताललाई चाँही वरफको बाँध भएको हिमताल भनिन्छ।

हिऊँ पग्लने प्रकृया बढ्दै जाँदा हिमतालको क्षेत्रफल पनि बढ्दै जान्छ। क्षेत्रफल बढ्नु भनेको हिमतालमा जम्मा भएको पानीको मात्रा पनि बढ्नु हो। तर यो पानीलाई थेक्ने मोरेनको बाँध भने प्रायः त्यति धेरै बलियो हुँदैन। यसैकारणले मेरेनको बाँध भएको हिमताललाई खतराको रूपमा लिइन्छ।

हिमताल विष्फोटन :

मोरेनबाँध भएको हिमतालको बाँध भत्केर तालको पानी तीव्र गतिमा वाहिरिने प्रकृया नै हिमताल विष्फोटन हो। मोरेन बाँध भत्कने दुई कारणहरू छन् :

क. बाह्य कारणले हुने विष्फोटन

ख. बाँध आफै भत्केर हुने विष्फोटन

क. बाह्य कारणले हुने विष्फोटन

बाह्य कारणले हुने विष्फोटन भन्नाले ठूलो हिमपहिरो तालमा खस्न गएमा तालको पानी मोरेन बाँध माथिबाट बग्न थाल्दछ। यसरी बग्ने पानीको मात्रा धेरै हुने हुँदा यो वहावले बाँधमा भएका पदार्थहरूलाई विस्तारै वगाउन थाल्दछ। जति पानीको खोल्सा गहिरो हुँदै जान्छ त्यतिनै तालबाट बग्ने पानीको मात्रा पनि बढ्छ र झनै धेरै गहिरो खोल्सा बन्दछ। खोल्सा गहिरिदै जाँदा खोल्साको दायाँ वायाँबाट पनि पहिरो गई खोल्साको चौडाइ पनि बढ्न जान्छ। झन धेरै पानी तालबाट वाहिरिन थाल्दछ। कहिलेकाँही भूकम्पको कारणबाट पनि मोरेन बाँध भत्कन सक्दछ।

ख. बाँध आफै भत्केर हुने विष्फोटन

मोरेन बाँध स्वस्फुर्त रूपमा पनि भत्कन सक्दछ। यसको कमजोर बनोट र त्यसमा भएका पदार्थहरूको क्षयीकरण तथा बाँध भित्र हुने भूमिगत जल प्रवाहबाट बन्ने सानासाना छिद्रहरूमा पानीको बहाव बढ्दै जाँदा मोरेन बाँध भत्कन्छ। मोरेन बाँध भित्र हुने भूमिगत पानी हिउँदमा जम्ने तथा वर्षामा पग्लने गर्दछ। यसरी बाँधबाट हुने चुहावट जाडो मौसममा नदेखिने र गर्मीमा बढी देखिने हुन्छ। कहिले काँही मोरेन बाँध भित्र नै भएको वरफको ठुलो ढिक्का अकस्मात पग्लन गएर पनि मोरेन बाँध भत्कन सक्दछ।

हिमताल विष्फोटनबाट आउने बाढी

अंग्रेजीमा Glacier lake outburst flood वा GLOF भनिने हिमताल विष्फोटनबाट आउने एक प्रकारको समिश्रण वहाव (Debris Flow) एकदमै शक्तिशाली हुन्छ। साधारण बाढी भन्नाले पानी मात्रै वा धेरै थोरै थेग्रान (Sediments) को बहाव भन्ने बुझ्नु पर्दछ। जवकी समिश्रण वहाव वा Debris Flow मा थेग्रान वा Sediments अति धेरै मात्रामा हुन्छ। यस्तो वहावको घनत्व १.४७ टन प्रति घन मिटर जति अनुमान गरिएको छ। यसरी हिमताल विष्फोटनबाट आउने समिश्रण वहाव Debris Flow ले यसको बाटोमा पर्ने ठुला ठुला संरचनाहरू पनि भत्काई दिन सक्दछ। सन् १९८५ मा डिगच्छो नामक हिमताल विष्फोटनले सोलुखुम्बु जिल्लाको नाम्चे साना जलविद्युत योजनाको लगभग तयार भैसकेको सम्पूर्ण संरचना भत्काई दिएको थियो। हिमताल बिष्फोटन भएको क्षेत्रका

वासिन्दाहरूको अनुभवमा धेरै ठूलो आवाजको साथै जमिननै हल्लने गरी वहाव हुन्छ । आकासमा दशौं हेलिकोप्टरहरू उडेको जस्तो आवाज आउँदछ । ठूला ठूला ढुंगाहरू समेत यस्तो बहावले सजिलै वगाएर ल्याउँदछ । यस्तो बहावको असर हिमतालदेखि १० देखि १०० कि.मि.सम्म ठुलो हुन्छ । धेरै तलको नदीमा भने पानी मात्र वग्न जान्छ जुन साधारण बाढीको रूपमा बगेर जान्छ ।

के हिमतालको पानीको आर्थिक उपभोग गर्न सकिन्छ ?

केही मानिसहरू हिमतालबाट विजुली निकाल्नु पर्छ अथवा पर्यटन विकास गर्नु पर्छ भन्दछन् । यी सवै कुराहरूमा विचार पुऱ्याउनु अघि हिमतालको अवस्थिति तथा यसको मोरेन बाँध को बनोट आदिका बारेमा निम्न तथ्यहरूमा विचार पुऱ्याउनु आवश्यक होला :

क. प्रथमतः हिमताल अतिनै विकट र उच्च हिमाली क्षेत्रमा हुन्छ । जहाँ पुग्न समेत कठिन हुन्छ र उचाइलाग्ने (High altitude sickness) हुन्छ । के यस्तो ठाउँमा निर्माण कार्य गर्नु सम्भव हुन्छ ?


ख. मोरेन बाँध को बनोट प्राय एकदम कमजोर हुन्छ । यस्तो बाँध भित्र बरफको ढिक्का पनि हुन सक्दछ । जुन केही डिग्री तापक्रम बढेमा सजिलै पग्लन्छ र मोरेन बाँध फुटन सक्दछ । त्यसमाथि पनि हिमताल फुटेर वगेको खण्डमा हिमनदी पग्लेर आउने पानीको मात्रा धेरै नै कम हुने हुन्छ । यस्तो असुरक्षित संरचनामा धेरै नै खर्च लगाएर बनाउनु पर्ने विद्युत गृह जस्को आयु लगभग ५० वर्ष हुन्छ, बनाउन कति उपयोगी होला ?

ग. तालको पानीको तापक्रम लगभग सून्य डिग्री को नजिकमा हुन्छ । यस्तो पानीमा यदि मानिस खसेमा केही मिनेट भित्रनै कठ्याग्रिएर मृत्यू हुन सक्दछ । त्यसमाथि उच्च हिमाली क्षेत्रमा निकै तीव्र वेगमा वग्ने हावाले हिमतालमा ठूलो छाल उत्पन्न हुने गर्छ । यो छालले डुंगा पल्टाइदिन पनि सक्दछ । यस्तो खतराजन्य ठाउँमा डुंगा यात्रा संभव होला ?

माथिका कारणहरू विचार गर्दा हिमतालमा आधारित आर्थिक गतिविधि त्यति उपयुक्त देखिदैन होला ।

सुरक्षाका उपायहरू

प्रायः हिमतालहरू पर्यटकहरू पदयात्रामा जाने मार्गमा पर्दछन् । त्यसकारण पदयात्रामा जानेहरूले कुन ठाँउमा कुन हिमताल छ भनेर जान्नु जरुरी हुन्छ । यस्को लागि त्यस क्षेत्रको नयाँ नक्साहरूबाट जानकारी पाउन सकिन्छ । राती वास बस्दा पनि यस्ता खतराजन्य हिमतालहरू भएको नदी उपत्यकामा नदी भन्दा केही पर बस्ने व्यवस्था मिलाउनु पर्दछ । यस्तो विष्फोटबाट हुने वहाववाट आउने ठूलो आवाजबाट सतर्क भएर सुरक्षित ठाउँमा जानु पर्दछ । आवश्यक आधुनिक यन्त्र तथा उपयुक्त पोशाक विना यस्तो हिमतालमा पौडी खेल्ने जस्ता कार्यहरू गर्न गराउनबाट सचेत हुनु उपयुक्त हुन्छ ।



नेपालमा पर्वतीय पर्यटनको भविष्य उज्ज्वल छ

- आङछिरीङ शेर्पा
अध्यक्ष,
नेपाल पर्वतारोहण संघ

श्री आङछिरीङ शेर्पाको जन्म खुमजुङ गाउँ, सोलुखुम्बुमा ४९ वर्ष अगाडि भएको हो । हाल उहाँ नेपाल पर्वतारोहण संघको अध्यक्षमा निर्वाचित हुनु भएको छ । उहाँले पर्यटन क्षेत्रमा ३० वर्षभन्दा बढीको अनुभव बटुल्नु भएको छ । उहाँ एशियन एयरलाइन्स प्रा.लि., एशियन एडभेन्चर ट्राभेल एण्ड टूर्स प्रा.लि., स्काइलाइन एयरवेज प्रा.लि. आदिका अध्यक्ष हुनुहुन्छ । श्री शेर्पा नेपाल पर्वतारोहण संघको अध्यक्ष पदमा निर्वाचित हुनु अघि संघमा प्रथम उपाध्यक्ष हुनुहुन्थ्यो । पर्यटन सम्बन्धी अनेक संघ-संस्थामा विभिन्न हैसियतले कार्य गरिराख्नु भएको हुनाले उहाँसित यस क्षेत्रबारे ज्ञान, जानकारी र अनुभव धेरै छ । अनेकौ देशको भ्रमण गर्नुभएका श्री शेर्पा पर्वतीय पर्यटनको विकास नेपालको लागि अत्यन्त महत्वपूर्ण मान्नुहुन्छ । उहाँले पर्यटन क्षेत्रमा विशेष योगदान दिए वापत नेपाल तथा अन्य मुलुकबाट पनि धेरै पटक सम्मानित हुनु भएको छ । नेपाल पर्वतका लागि श्री प्रेमनाथ कक्कड र डा. हरिप्रसाद श्रेष्ठको उहाँसित भएको कुराकानीको प्रमुख अंशहरू तल उद्धृत छन् :

तपाई भरखरै नेपाल पर्वतारोहण संघको अध्यक्ष निर्वाचित हुनु भएको छ । यसको अर्थ तपाईमाथि यस संघका सदस्यहरूको विश्वास भएको देखिन्छ । अब, तपाई मतदाताहरूको विश्वासप्रति कस्तो आश्वासन दिनुहुन्छ ? संघमा भइरहेका नियमित कार्यहरू तथा भावी योजनाबारे केही प्रकाश पार्नु हुन्छ कि ?



अध्यक्ष आङछिरीङ शेर्पा

• मलाई लाग्छ, कुरा गर्नुभन्दा काम गरी देखाउनु राम्रो हो । अहिले संघमा नियमित कामहरु धेरै बाँकी छ । विभिन्न परियोजनाहरूमा ध्यान दिन आवश्यक छ जस्तो कि अन्तरराष्ट्रिय पर्वतीय संग्रहालय । यो एउटा ठूलो परियोजना हो । यसको निर्माण तथा व्यवस्थापनको लागि धेरै परिश्रम तथा लगानी आवश्यक छ । जनशक्तिको पनि उत्तिकै खाँचो छ । यस संग्रहालयलाई पूर्णता दिन नितान्त आवश्यक देखिन्छ । यो एउटा ठूलो अध्ययन तथा अनुसन्धान केन्द्र पनि बन्न सक्छ । यसमा हिमालको मात्र हैन त्यहाँ बसोबास गर्ने मानिसहरू, उनीहरूको रहन सहन, संस्कृति, धर्म, परम्परा, इत्यादिबारे पनि जानकारी उपलब्ध गराइने छ । देश विदेशका विद्यार्थी, अनुसन्धानकर्ता सबैले यहाँ आएर पर्वत सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् । वातावरणबारे पनि अध्ययन र अनुसन्धानको लागि व्यवस्था गरिने छ ।

यस संग्रहालयले विदेशी पर्यटकलाई आकर्षित गर्नेछ भन्ने विश्वास लिएको छु । ककनीस्थित अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यान पनि संघको एउटा महत्वपूर्ण परियोजना हो । त्यसमाथि ककनी पर्यटकहरूको लागि पदयात्रा शुरु गर्ने एउटा महत्वपूर्ण स्थल हुन सक्छ । यस स्मृति उद्यानले पक्कै यस ठाउँको पर्यटकीय महत्व बढाउने छ । यसै उद्देश्यले सो ठाउँमा पूर्वाधारहरूको विकास भइराखेको छ । यस उद्यानमा पर्यटकहरूमात्र हैन पर्वतारोहीहरूका परिवार पनि आउनेछन् । यी कारणहरूले गर्दा यो स्थान निकै महत्वपूर्ण छ र पर्यटकीय गन्तव्य स्थल बन्न सक्छ । नेपालको लागि सन् २००२-२००३ निकै महत्वपूर्ण वर्ष

हुनुहुन्छ । आप्पा र काजी शेर्पा जस्ता प्रसिद्ध पर्वतारोहीहरु, पर्यटन क्षेत्रका प्रोफेशनलहरु तथा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने आ-आफ्ना क्षेत्रका विज्ञ व्यक्तित्वहरु हाम्रो केन्द्रीय कार्य समितिमा सम्मिलित हुनुहुन्छ । उहाँहरु सबैको आवश्यक सहयोग लिएर संघलाई अघि बढाउन सकिन्छ भन्ने आशा गरेको छु । वर्तमान हाम्रो कार्य समिति फलदायी हुनेछ भन्ने हामी सबैले विश्वास गरेका छौं । वास्तवमा, अहिले हामी भर्खरै आएका छौं, सबैमा नयाँ जोश र जाँगर छ, यसलाई निरन्तरता दिनु परेको छ । हामी संघको कार्यलाई सामूहिक कार्य र सामूहिक जोशका रुपमा सम्झन्छौं । यस क्रममा हामी प्रथमतः पहिलेका अधुरा कार्यहरु पूरा गर्छौं त्यसपछि नयाँ कार्यहरु शुरु गर्नेछौं ।

संघको भावि कार्यक्रमबारे तपाईले के सोच्नु भएको छ, केही जानकारी दिनु हुन्छ कि ?

- हुन त पहिलो काम हो अधुरो योजनालाई पूर्णता दिने । यसमा अहिले संघको पूरा ध्यान केन्द्रित छ । सबै ठाउँमा एकै पल्ट हात हाल्न उचित हुँदैन । त्यसैले पहिलेका कार्यक्रमलाई नै पूरा गर्न हामी लाग्नेछौं । त्यसपछि मात्र हामी नयाँ कार्यक्रमको थालनी गर्नेछौं ।

हाम्रो प्राथमिकता अहिले अन्तरराष्ट्रिय पर्वतीय संग्रहालय तथा ककनीमा अवस्थित पर्वतारोही स्मृति उद्यानको निर्माण कार्य सम्पन्न गर्ने हो ।

हामीले दक्ष जनशक्ति (पर्वतारोहण सम्बन्धी) तयार गर्ने तर्फ पनि ध्यान दिइरहेका छौं । पर्वतारोहण सम्बन्धी तालिममा विशेष ध्यान दिनु पर्‍यो । यस्ता तालिमले गर्दा केही वर्षदेखि हिमालमा हुने दुर्घटनामा उल्लेखनीय रूपमा ह्रास आएको छ ।

भोलीका पर्वतारोही भनेका आजका स्कूल, कलेजका विद्यार्थी हुन् । यिनीहरूलाई पनि छोटो समयको पर्वतारोहणबारेको तालिम दिई चेतना जगाउने कार्यक्रम संचालन गर्ने छौं । तर यसको लागि विद्यालयहरुको सक्रिय सहभागिता चाहिन्छ ।

नेपाल पर्वतारोहण संघ को नयाँ विधान अनुसार विभिन्न ठाउँमा इकाई खोल्ने प्रावधान रहेको छ जस अनुसार स्थानीय व्यक्तिहरूलाई परिचालन गरेर पर्वतीय वातावरण इत्यादि सम्बन्धि चेतनामा अभिवृद्धि गर्न सकिन्छ । यसले गर्दा थोरै लगानीमा स्थानीय स्तरमा धेरै काम गर्न सकिन्छ । यो चाहिँ ने.प.सं. को Chapter (इकाई) खोलेर सम्भव छ । जनश्रमदान उपलब्ध हुने भएकोले धेरै काम स्थानीय स्तरमा पूरा गर्न सकिन्छ । त्यसैले यो इकाई अवधारणा राम्रो मान्नुपर्छ ।


अहिले हामीले संचालन गरेको पर्वतीय पथप्रदर्शक तालीम अन्तरराष्ट्रिय स्तरमा आउँदैन तर भविष्यमा हामी अन्तरराष्ट्रिय पर्वतीय पथप्रदर्शक मापदण्ड अनुसार तालीम दिने सोचाई बनाइराखेका छौं । अन्तरराष्ट्रिय स्तर कायम गर्न सक्यौं भने धेरै विदेशीहरू पनि आकर्षित हुनेछन् किनभने यहाँ नेपालमा तालीम लिन सस्तो पनि पर्छ र यहाँ ठूला साना हरेक प्रकारका हिम शिखरहरू छन् । साथसाथै यहाँको मौसममा विविधता छ - एक घण्टाको उकालोमा हिमपात हुन सक्छ र तल आए धान उम्रिराखेको फेला पार्न सकिन्छ । त्यसैले यस्तो तालीमको लागि नेपाल अत्यन्तै उपयुक्त ठाउँ हो । अनुकूल वातावरण बनाउन हाम्रा सहयोगी संस्थाहरुसंग विभिन्न चरणमा कुराकानी भैराखेको छ ।

उच्च हिमाली क्षेत्रमा कुनै आकास्मिक दुर्घटना परेमा नेपाल पर्वतारोहण संघबाट सो स्थितिमा कुन प्रकारको उद्धार कार्यको व्यवस्था गरेको छ ?

- यो उद्धार कार्य ज्यादै गहन र सघन क्षेत्रमा पर्दछ जसको लागि धेरै कुराको खाँचो पर्दछ, अहिले हामी त्यो गम्भीरतामा जान सक्षम नभएता पनि नेपाल पर्वतारोहण संघमा पर्वतीय उद्धार समिति गठन भएको छ जसको मुख्य उद्देश्य ती उच्च पर्वतीय क्षेत्रमा दुर्घटनामा परेकाको उद्धार गर्ने व्यवस्था गर्नु हो जुन ठाउँमा साधारण उद्धार टोलीलाई काम गर्न गाह्रो हुन्छ ।

Please visit our website :
www.nma.com.np
E-mail : office@nma.com.np

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय



अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय भवन

KD ADHIKARI

परिचय :

हिमालय विश्वको सबैभन्दा व्यापक पर्वतीय प्रणाली हो । नंगा पर्वत र नाम्चा बर्वा शिखरका बीच पूर्वदेखि पश्चिमसम्म यो २४०० कि.मि. सम्म फैलिएको छ । आफ्नो अनुभूतिको क्षेत्रभन्दा बाहिर हुँदा धेरैले यस्ता फराकिला पर्वतहरूको श्रृँखलाका बारेमा कल्पनै गर्न गाह्रो ठान्छन् । नेपाल अधिराज्य पहाडी मुलुक हो जसको मध्य हिमाली क्षेत्रमा उच्च शिखरहरूको प्रचुरता छ ।


८००० मिटर नाघ्ने विश्वका १४ शिखरहरूमध्ये कम्तीमा पनि ८ वटा त नेपालमै छन् जसमा सर्वोच्च शिखर सगरमाथा (माउण्ट एभरेष्ट) पनि पर्दछ । हिमाली क्षेत्रको रहस्यात्मकता, तिनका भव्य शिखरहरूको अनुपमता तथा विश्वका अग्ला चुचुराहरूमा पाइला टेक्ने चुनौतीपूर्ण अनुभव संगाल्ने उत्साहले हजारौं पर्वतारोहीहरूलाई हिमालयले आकर्षित गरेका छन् । हिमालय चढ्ने अभियान सन् १९२० को दशकमा नै प्रारम्भ भयो यसक्रममा कैयौं आरोहण दलहरूले महत्वपूर्ण अनुसन्धान गर्न एवं सगरमाथा, नंगा पर्वत, के टु र कञ्चनजंघा चढ्न सार्थक सफलता हासिल गरे । ८००० मि. भन्दा माथिकामध्ये पहिलो चुचुरो अन्नपूर्ण पहिलोमा मौरिश हर्जोग र लुइस लाचेनलले सन् १९५० र तेन्जिङ नोर्गे शेर्पा तथा न्यूजिल्याण्ड निवासी एडमण्ड हिलारीले सन् १९५३ मा सर्वोच्च शिखर सगरमाथा सफलता पूर्वक चढे पश्चात् नेपालका हिमालयहरू बाहिरीया जगतका निम्ति खुला राखेपछि हिमालयमा हुने पर्वतारोहण गतिविधिहरूले बढी लोकप्रियता पाउन थाल्यो ।

उद्देश्यहरू :

नेपाल पर्वतारोहण संघले पोखराको ६ हेक्टर जग्गामा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय निर्माण गर्दैछ । पोखरालाई सौन्दर्यले भरिपूर्ण तालको नगरी भनिन्छ । यहाँबाट मध्य नेपालका अग्ला हिम श्रृँखलाहरूको अविच्छिन्न दृश्यहरू अवलोकन गर्न सकिन्छ । यसको मुख्य उद्देश्य सामान्यतः विश्वका विगत र वर्तमान पर्वतारोहण सम्बन्धी कृयाकलापहरूको सिलसिला मिलाई अभिलेख राख्ने र लिपिवद्ध गर्ने हो । हिमालय क्षेत्रको पर्वतारोहण सम्बन्धी इतिहासमा हासिल भएका ठूलठूला पर्वतारोहण सम्बन्धी उपलब्धीहरू पछाडिका कथाहरू संरक्षित गर्नु पनि अर्को उद्देश्य रहेको छ ।

परियोजना :

यस परियोजनाको प्रथम चरणमा मुख्य संग्रहालय कक्षको निर्माणलाई लिइएको छ, जसको गत २९ मे २००२ मा आँशिक रूपमा उद्घाटन गरिएको थियो । संग्रहालय कक्षको निर्माण समाप्ति र सो संचालनमा आएपछि परियोजनाका अन्य भौतिक संरचनाहरू जस्तो प्रशासकीय भवन, सम्मेलन कक्ष, रेष्टुँरा भवन, प्रशासकीय क्वाटरहरू र अतिथि भवनको निर्माण कार्य



शुरु गरिने छ । अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परियोजनाको एउटा गुरु योजना परामर्शदातृ भवन सम्बन्धी विशेषज्ञहरू नरेन्द्र प्रधान एशोसियट्स र स्याण्डी केन्ट्रो एशोसियट्सको सहयोगमा तर्जुमा गरिएको छ ।

संग्रहालय कक्ष :-

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परियोजनाको वर्तमान कार्यमा परियोजनाको प्रथम चरणलाई लिइएको छ । यस चरणमा मुख्य संग्रहालय कक्षको भवन निर्माण पूरा भएकोछ । यस भवनभित्र प्रदर्शन सामग्रीहरू राखिने हल, श्रव्य दृश्य हल र प्रदर्शन सामग्रीहरू सुरक्षित साथ राख्ने कोठा हुनेछन् । अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परियोजनाको निम्ति नेपाल पर्वतारोहण संघको नाउँमा १०६ रोपनी जग्गा रहेकोमा संग्रहालय कक्ष भवनले जम्मा ४२४२ वर्गमिटर भूक्षेत्र ओगटेको छ । प्रदर्शनी हलहरू, मुख्य दुईवटा हुनेछन् - विशाल हिमालय हल र विश्वका पर्वतहरूको हल । यी हलहरूमा प्रसिद्ध चुचुराहरूको नमूनाहरू, प्रख्यात आरोहीहरूको प्रतिमूर्तिहरू, पर्वतारोहणमा प्रयोग भएका सामग्री र चीजवस्तुहरू, पर्वतीय जन जीवनका संस्कृति र जीवन पद्धतिका झलकहरू एवं बोट बिरुवा र जीवजन्तुका साथै भूगर्भीय ज्ञानका कुराहरू समेत राखिने छन् ।

बजेट :


नेपाल पर्वतारोहण संघको आफ्नो श्रोत र साधनको परिचलन तथा श्री ५ को सरकारको आर्थिक सहयोग लगायत देश विदेशका दाताहरूबाट प्राप्त सहयोगबाट संग्रहालयको प्रथम चरणको निर्माण कार्य सम्पन्न हुन लागेको छ । आगामी सन् २००३ को मे महिनाको अन्तिम सातासम्ममा संग्रहालयको समुद्घाटन गर्ने लक्ष्य लिइएको छ ।

हालसम्मको सहयोग :

क) श्री ५ को सरकारले राष्ट्रिय वार्षिक बजेटमा रकमहरू छुट्याएर एवं परियोजनाको निम्ति जग्गा अनुदानमा दिएर सरकारले परियोजनाको बलियो समर्थन गरेको छ ।

ख) UIAA को समर्थन :

अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ (UIAA) को साधारण सभा १९८८ अक्टोबर ७ देखि ११ सम्म मलेशियाको मलक्का मा भएको थियो र यसले एकमतले अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय (पोखरा) परियोजनालाई स्वीकृति दिएको थियो । UIAA का अध्यक्ष श्री आयान म्याकनट डेभिसले परियोजनालाई रकम एवं प्रदर्शनयोग्य सामग्रीहरू जुटाएर



सहयोग गर्न आफ्ना सदस्यहरूलाई आग्रह गर्नु भएको छ। एशियाली पर्वतारोहण संघ (UAAA) ले नोभेम्बर १९९५ मा यसको दोश्रो साधारण सभा काठमाडौंमा हुँदा नै यस परियोजनाको समर्थन गरेको थियो। अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परियोजनालाई सहयोग गर्ने संकेत चिनीयाँ पर्वतारोहण संघ (CMA), कोरियन अल्पाईन फेडरेशन, कोरियन अल्पाईन क्लव, मलेशियाई पर्वतारोहण संघ, इरानी इस्लामिक गणतन्त्रको पर्वतारोहण महासंघ र क्याटालुनियाको भ्रमण केन्द्र (Center Excursionista de Catalunya) ले नेपाल पर्वतारोहण संघलाई दिइसकेको छ।

ग) जापान :

SANPAKU (सानपाकु) नाउँको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयलाई समर्थन गर्ने समिति जापानमा गठन भई विशेष सहयोग प्राप्त भैसकेको छ जसमा जापानी पर्वतारोहण संघ, जापान अल्पाईन क्लव, जापानी कामदार हिमाली महासंघ, जापानी हिमालय संघ, जापान-नेपाल समाज र हिमालय एडभेञ्चर कोष जापान सम्मिलित छन्।

घ) चीन र भारत :

चीन/तिब्बत पर्वतारोहण संघ (CTMA) र चिनीयाँ पर्वतारोहण संघ (CMA) ले अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परियोजनाको सहयोगार्थ अमेरिकी डलर ५००० अनुदान दिइसकेको छ। भारतीय पर्वतारोहण महासंघ (IMF) बाट भारु २,००,००० को अनुदान प्रायोजनाले प्राप्त गरेको छ। IMF का तत्कालिन अध्यक्ष डा. एम.एस गीलले यस प्रायोजनाका निम्ति थप रकम जुटाईदिन भारत सरकार समक्ष अनुरोध पनि गरिसकेका छन्।

ङ) अन्य स्रोत :

जापानका पूर्व प्रधानमन्त्री सम्माननीय श्री रियुतारो हासिमोतो, हिरोशिमा पर्वतारोहण महासंघ, अल्पाईन टुर रिसर्च अफ जापान, श्री फुमिको तानाका, श्री माशाहिरो शिमिजु, श्री तानेमुरा, श्री मासामोतो किक्कावा एवं श्री इंगयोंग गो, कोरियाको हिमाली क्लव, नेपाल पर्वतारोहण संघका स्व. अध्यक्ष श्री दावा नोबु शेर्पा, नेपाल शेर्पा संघका अध्यक्ष श्री जीपछिरीङ शेर्पा, एशियन ट्रेकिङका अध्यक्ष श्री आङछिरीङ शेर्पा, एशियन एयरलाइन्सका श्री टाशी शेर्पा तथा ग्लोबल कन्स्ट्रक्सन (प्रा) लि. का श्री के.डी. अधिकारीहरूबाट पनि अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय परियोजनालाई उदार अनुदान प्राप्त भएको छ।

च) स्थानीय स्तरमा चन्दा संकलन गर्ने प्रयास :

नेपाल पर्वतारोहण संघ का संस्थापक अध्यक्ष स्व. श्री कुमार खड्ग विक्रम शाहको अध्यक्षतामा राष्ट्रिय स्तरको चन्दा संकलन गर्ने समिति गठन भएको थियो। व्यापारिक संस्थानहरू एवं विभिन्न व्यक्तिहरूबाट परियोजनाका निम्ति रकमहरू जम्मा गर्नु यो समितिको काम थियो। पोखरावासीहरूबाट कम्तीमा पनि १० लाख रूपैया जम्मा गर्ने हिसावले स्थानीय स्तरमा पनि चन्दा संकलन गर्न एउटा समिति गठन गरिएको थियो।

तपाईंहरूबाट पनि सहयोगका लागि आव्हान

सन् १९९६ मई महिनाबाट प्रथम चरणको रूपमा संग्रहालय भवनको निर्माण कार्य शुरु भए यता, नेपाल पर्वतारोहण संघले रु ४ करोड ६० लाख निर्माण कार्यको लागि खर्च व्यहोरि सकेको छ। सम्भावित दाताहरूबाट रकमहरू प्राप्त हुन अझै बाँकी छ तथापि परियोजनाको कार्य अघि बढोस् भन्ने तर्फ नेपाल पर्वतारोहण संघ सजग रहेको छ यद्यपी लक्षमा पुग्न परियोजनाले गरेको प्रगतिमा केही कमी नै छ।

यो विशेष किसिमको संग्रहालय (Unique Museum) को निर्माणले सम्पूर्ण अन्तर्राष्ट्रिय पर्वतारोही समुदायलाई लाभान्वित गर्ने भएकोले, नेपाल पर्वतारोहण संघले परियोजनाको निम्ति तोकिएको रकम जुटाउन कठिनाई व्यहोर्दा व्यहोर्दै पनि यो परियोजना संचालन गर्ने तर्फ अग्रसरता देखाएको छ यस अवधारणाको लागि व्यापक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायबाट उदार सहयोग अवश्य जुट्ने छ भन्ने विश्वास गरिएको छ।

तसर्थ हामी सबै आरोहीहरू, पहाड पर्वतलाई माया गर्नेहरू, पर्वतारोहण संघ संस्थाहरू, महासंघहरू र अल्पाईन क्लवहरूलाई यस पवित्र कार्यमा उदार मनले सहयोग गर्न हार्दिक आव्हान गर्दछौं। चन्दा संकलन गरेर, संग्रहालयका निम्ति प्रदर्शनयोग्य सामग्रीहरू पठाएर, आफूले जाने बुझेका कुराहरू र प्राविधिक ज्ञानहरू आदान प्रदान गरेर यो सहयोग जुटाउन सक्छौं।

नेपाल पर्वतारोहण संघ
पो.ब.नं. १४३५,
नागपोखरी, नक्साल, काठमाडौं, नेपाल।
फोन नं. : ४३४५२५ / ४३५४४२
फ्याक्स : ४३४५७८
E-mail : office@nma.com.np, Website : www.nma.com.np

हिमालय आचार संहिता

हिमालयको वातावरणीय स्वच्छता नेपालीहरूको मात्र होइन विश्वभरिकै प्रकृति प्रेमी तथा पर्वतारोहीहरूको सरोकारको विषय बन्न पुगेको छ । जापानमा नोभेम्बर १९९१ मा सम्पन्न पर्वतीय वातावरण संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय भेलाद्वारा पारित "हिमालय आचार संहिता"ले त्यही अन्तर्राष्ट्रिय चासो र प्रतिबद्धतालाई प्रतिविम्बित गर्दछ । त्यो "संहिता" को पूर्ण विवरण :

- ❑ क्याम्पिङ्ग गर्ने ठाउँ सफा राख्नोस् । तपाईंले क्यापिङ्ग गरेको ठाउँ छाडेर गए पछि अरूले पनि प्रयोग गर्नेछन् भन्ने कुरा नविर्सिनोस् । त्यसैले त्यस ठाउँलाई पहिलेकोभन्दा सफा र सुग्घर पारेर मात्र छाड्नुहोस् ।
- ❑ बन विनास रोक्नोस् । खुल्ला ठाउँमा आगो बालेर ताप्ने नगर्नोस् र अरूलाई पनि त्यस्तो गर्न भरसक नदिनोस् । पानी उमाल्दा दाउरा बाल्नु पर्ने ठाउँमा थोरै पानीले काम चलाउनोस् । संभव भएसम्म मट्टितेलको स्टोभ वा कम दाउरा चाहिने सुधारिएको स्टोभ बाल्ने लज या होटेलहरूमा मात्र बास बस्नोस् ।
- ❑ फोहोर जलाउनोस् वा गाड्नोस् । आफैं सडेर जाने वस्तुलाई भने आफैसँग फिर्ता लैजानोस् । अरूले बाटामा फ्याँकेका रद्दी वस्तु फेला पार्नुभएमा तिनलाई पनि टिपेर ठीक ठाउँमा पुऱ्याउनुहोस् वा तह लगाई दिनुहोस् । आफ्नो खानेकुराहरूलाई स्थायी झोला वा थैलामा अथवा सजिलैसित गलेर जाने वस्तुले बनेका प्याकेटहरूमा पोको पारेर लैजानोस् ।
- ❑ खानेपानीको श्रोतलाई दूषित नपार्नोस् । खोला वा कुवामा साबुन जस्ता हानिकारक वस्तुको प्रयोग नगर्नोस् । पानीको मुहान वा पानी भएको ठाउँबाट घटीमा पनि ३० मीटर पर्तिर गएर मात्र शौच आदि कार्य गर्नोस् र फोहरलाई माटोले पुरिदिनोस् ।
- ❑ फूल विरुवा अछुतो रहन दिनोस् । तिनको बीज वा जरा निकाल्ने अथवा कलम काटी लैजाने काम नगर्नोस् ।
- ❑ तपाईंको साथमा जाने भरिया अथवा पथ प्रदर्शकलाई पनि वातावरण जोगाउन के के गर्नुपर्छ, त्यो सिकाउनोस् । भान्से र भरियाहरूलाई फोहर कुरा खोला वा नदीनालामा मिल्काउन नदिनोस् ।
- ❑ कसैको तस्वीर खिच्नु अघि अनुमति लिनुहोस् । मानिसको नीजि गोपनीयता भंग हुने हिसावले तस्वीर नलिनुहोस् ।
- ❑ पवित्रस्थलहरूको आदर गर्नुहोस् । तपाईं जे हेर्न आउनु भएको हो त्यो वस्तुलाई जस्ताको तस्तै रहन दिनोस् । कुनै पनि पूजनीय वस्तुलाई छुने या चलाउने काम नगर्नोस् । मन्दिर भित्र पस्नु अघि जुत्ता अवश्य फुकाल्नोस् ।
- ❑ केटाकेटीलाई खानेकुरा वा पैसा बाँडेर मागी खाने प्रवृत्तिलाई प्रोत्साहित नगर्नोस् । केही चन्दा वा दान दिनु नै छ भने कुनै पाठशाला, स्वास्थ्य केन्द्र वा उपयोगी आयोजनालाई दिनुहोस् ।
- ❑ रैथाने मान मर्यादाको पालना गर्नाले तपाईंको आफ्नै इज्जत बढ्छ । त्यसैले सो कट्टु वा अंग प्रदर्शन हुने किसिमका साह्रै कसिला वा पातला पहिरन नलगाउनोस् । सबैले देख्ने गरी हातेमालो गरेको वा म्वाई खाएको गाउँघरमा निको मानिदैन भन्ने सम्झनोस् ।

यस हिमालय आचार संहिताको प्रमुख हस्ताक्षरकारीहरूमा हुनुहुन्छ - **श्री एड्मण्ड हिलारी**, न्यूजिल्याण्ड, **श्री क्रीस बोनिङटन**, बेलायत, **श्री सि फान चुन**, चीन, **श्री मौरिश हर्जोग**, फ्रान्स, **डा. पियट्रो सेगान्तिनी**, अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ, **श्री एड्बर्ड मिस्लोभस्की**, पूर्व सोभियत संघ, **श्रीमती जुन्को ताबेई**, जापान, **श्री टेकचन्द्र पोखरेल**, नेपाल, क्याप्टेन एम्.एस्.कोहली, भारत तथा जनरल **जेड.ए मिर्जा**, पाकिस्तान ।

नेपाल पर्वतारोहण संघ

सगरमाथा : नेपाली हुलाक टिकटहरूमा

जलकृष्ण श्रेष्ठ*

नेपालस्थित विश्वको सर्वोच्च शिखर सगरमाथा सन् १९७९ मा युनेस्कोद्वारा प्राकृतिक सम्पदाअन्तर्गत विश्व सम्पदा सूचीमा समावेश गरिएको थियो । सन् १९५३ मा सर्वप्रथम बेलायती सगरमाथा आरोहण दलका दुई सदस्यहरू तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीले सफलतापूर्वक सगरमाथाको शिखरमा चढेपछि स्मरणात्मक हुलाक टिकटहरूको प्रकाशन गर्ने क्रम चलेको हो । विभिन्न राष्ट्रहरूले सगरमाथाको सफल आरोहणपछि सफलताको इतिहास हुलाक टिकट मार्फत चीर स्थायी राख्न हुलाक टिकटको प्रकाशन गरेको पाइन्छ । सगरमाथा नेपालको गौरव प्रतिविम्बित गर्न विभिन्न अवसरहरूमा सगरमाथा चित्रांकित हुलाक टिकटहरूको प्रकाशन श्री ५ को सरकार, हुलाक सेवा विभागले गर्दै आएको छ :

१. सन् १९५९ मा नेपालले विश्व हुलाक संघको सदस्यता प्राप्त गरेको अवसरमा प्रकाशित डाँक टिकटमाला अन्तर्गत चार पैसे खरानी रङको हिमनदी चित्रांकित टिकटमा पृष्ठभूमिमा सगरमाथा अंकित गरिएको थियो । सानै भए पनि आकर्षक यस हुलाक टिकटमा सर्वप्रथम नेपाली टिकटमा सगरमाथा चित्रांकित भएको पाइन्छ ।

२. सन् १९६० मा प्रथम राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा प्रकाशित निलो रङको ६ पैसे हुलाक टिकटमा सगरमाथाको पृष्ठभूमिमा मन्दिर अगाडि दुई बालकहरूको चित्रण गरिएको थियो । उक्त हुलाक टिकट गोरखापत्र छापाखानामा प्रकाशित गरिएको थियो । नेपाली फिलाटेलीको दृष्टिकोणले यस हुलाक टिकट महङ्गो हिसावले बिक्री हुने टिकटहरू मध्ये एक पर्न आउँदछ ।

३. सन् १९६० मा हिमाल चित्रांकित हुलाक टिकट माला अन्तर्गत दश पैसे सगरमाथा, पाँच पैसे माछापुच्छे र चालीस पैसे मनासलु हिमाल र श्री ५ महेन्द्रको चित्र अंकित भएको थियो । सगरमाथा विषयको यही नै नेपालबाट प्रकाशित पहिलो हुलाक टिकट हो । जुन टिकटमा प्रथम दिवसीय हुलाक टाँचा तत्कालीन सञ्चार तथा यातायात मन्त्री श्री गणेशमाल सिंहले लगाउनु भएको थियो । त्यसवेला गोश्वारा हुलाक कार्यालय भोटाहिटी टोलमा थियो ।

४. सन् १९६८ मा श्री ५ महाराजाधिराज महेन्द्र सरकारको ४९ औं शुभजन्मोत्सवको अवसरमा निष्काशित बाह्र पन्ध्र पैसे हुलाक टिकटमा श्री ५ महेन्द्र राष्ट्रिय पोशाकमा उभि बक्सेको र पृष्ठभूमिमा महालङ्गुर हिमाल श्रृङ्खला अन्तर्गत सगरमाथा, ल्होप्त्से र नुप्त्से हिमाल अंकित गरिएको थियो । हुलाक टिकटको छेउमा राष्ट्रिय चरा डाँफे पनि चित्रांकित गरिएको यो टिकट नेपालको पहिलो रङ्गीन टिकट हुन आएको छ ।

५. सन् १९७० मा श्री ५ महाराजाधिराज महेन्द्र सरकारको ५१ औं शुभ जन्मोत्सवको अवसरमा प्रकाशित पचास पैसे रङ्गीन हुलाक टिकटमा श्री ५ महेन्द्र सरकारको तस्वीर, दायाँ भागमा सगरमाथा र बायाँ भागमा राजमुकुट चित्रांकित गरिएको थियो । यो हुलाक टिकट रंगिन, ठूलो आकार र वेलायतमा छापिएको थियो ।

६. सन् १९७१ मा नेपाल दर्शन टिकट माला, अन्तर्गत २५ पैसे सगरमाथा, रु.१ को कञ्चनजङ्गा र रु.१/८० को अन्नपूर्ण प्रथम हिमाल चित्रांकित गरिएको थियो । यो टिकट मालामा प्रथम पटक प्रकाशित टिकटहरूमा हिमालहरूको उचाइ वर्णन गरिएको थियो । उक्त सगरमाथा टिकटमा पहिलो पटक ८८४८ मि.उल्लेख भएको थियो ।

७. सन् १९७८ मा सगरमाथा शिखरको प्रथम आरोहणको रजत जयन्तीको अवसरमा दुई भिन्ना भिन्नै सगरमाथा हिमालको दक्षिण मोहडा चित्रांकित रु.२.३० र रु. ४/- दरका दुई थरी हुलाक टिकटहरू प्रकाशित गरिएको थियो । उक्त अवसरमा प्रकाशित प्रथम दिवसीय आवरणमा आमन्त्रित सगरमाथा पर्वतारोहीहरूको हस्ताक्षर संकलनकर्ताहरूले संग्रह गर्न शुभ अवसर प्राप्त गरेका थिए । श्री ५ को सरकार, हुलाक सेवा विभागले उक्त अवसरमा प्रकाशित हुलाक टिकटहरूका लागि काठमाडौं र नाम्चेबजार, सोलुखुम्बुका लागि एकैपटक

* जलकृष्ण श्रेष्ठ, पाटन संग्रहालय, पाटन दरबार, ललितपुरका निर्देशक हुनुहुन्छ साथै उहाँ नेपाल पर्वतारोहण संघ, अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय सर्मातको सदस्य हुनुहुन्छ ।

विशेष हुलाक ढाँचा प्रथम दिवसीय हुलाक टाँचा प्रदान गरिएको थियो ।

८. अन्तर्राष्ट्रिय होटल संघको ७० औं परिषदको बैठक सन् १९८१ मा काठमाडौंमा भएको अवसर पारेर हुलाक सेवा विभागले सगरमाथा शिखर सहित श्रृङ्खला चित्रांकित पृष्ठभूमिमा नेपालको राष्ट्रिय झण्डा र अन्तर्राष्ट्रिय होटल संघको प्रतीक चिन्ह अंकित रु.१।७५ दरको हुलाक टिकट प्रकाशित भएको थियो ।

९. सगरमाथा भू-उपग्रह केन्द्र, वलम्बु, काठमाडौंमा सन् १९८२ मा स्थापित भएको उपलक्ष्यमा प्रकाशित रु.५।- दरका हुलाक टिकटमा सगरमाथा अंकित गरेर भू-उपग्रह केन्द्रको एन्टेना चित्र अंकित गरिएको थियो ।

१०. अन्तर्राष्ट्रिय पर्वतारोहण संघको स्वर्ण जयन्ती र ४४ औं साधारण सभा सन् १९८२ काठमाडौंमा भएको अवसरमा हुलाक सेवा विभागले रु.३।- दरको सगरमाथा रु.२।- दरको ल्होत्से र २५ पैसे दरको नुप्त्से हिमाल चित्रांकित हुलाक टिकटहरू प्रकाशित गरेका थिए । उपर्युक्त हुलाक टिकटहरूको ताउमा नेपालको राष्ट्रिय झण्डा, याक, लाली गुराँस र डाँफेचरा चित्रांकित गरिएकाले उक्त ताउ संकलनकर्ताहरूका लागि विशेष आकर्षण भएको छ । उक्त टिकटहरू पर्यटकहरूका लागि पनि नेपालबाट सोभिनीयरको रूपमा त्यसताका किनेर लगेको थियो ।

११. सन. १९८५ मा सगरमाथा राष्ट्रिय निकुञ्ज स्थापना भएको दशौं वार्षिकोत्सवको अवसरमा प्रकाशित रु.१०।- दरको हुलाक टिकटमा सगरमाथा हिमाल चित्र अंकित साथै श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको प्रतीक चिन्ह, डाँफे चरा, घोरल जनावर र हिमाली भेडा चित्रण गरिएको थियो । नेपालमा राष्ट्रिय निकुञ्ज सम्बन्धी हुलाक टिकट प्रकाशित गरिएको यो पहिलो पटक हो ।

१२. सन् १९८५ मा सार्क राष्ट्रहरूको झण्डाहरू र पृष्ठभूमिमा सगरमाथा हिमाल अंकित विशेष हुलाक टिकट एशियाली मुलुकहरूको पहिलो शिखर सम्मेलन, ढाका, वंगलादेशमा भएको अवसरमा हुलाक सेवा विभागले प्रकाशित गरेको थियो । उक्त हुलाक टिकट रु.५।- दरको रहेको छ ।

१३. राष्ट्रिय व्यक्तित्व टिकट माला अन्तर्गत सन् १९९३ मा रु.१।- दरको प्रख्यात पर्वतारोही स्वर्गीय सुङ्गदरे शेर्पाको सम्मानमा हुलाक सेवा विभागले हुलाक टिकट प्रकाशित गरेको थियो । पहिलो पटक सबभन्दा धेरै पटक (पाँच पटक) सगरमाथा हिमालको सफल आरोहणको कीर्ति स्व. सुङ्दरे शेर्पाले राख्नु भएको थियो । पर्वतारोही विषयक नेपालको यो पहिलो हुलाक टिकट हो । उक्त हुलाक टिकटको पृष्ठभूमीमा सगरमाथा र सुङ्दरेको तस्वीर खादा लगाएको चित्रांकित रहेको छ ।

१४. सन् १९९४ मा हुलाक सेवा विभागले सगरमाथा चित्रांकित रु. १।- दरको नियमित टिकट माला अन्तर्गत प्रकाशित गरेको थियो । उक्त रंगीन आकर्षक सानो हुलाक दिकट बंगलादेशमा प्रकाशित भएको थियो । उक्त हुलाक टिकट एक करोड संख्यामा छापिएको थियो ।

१५. सन् १९९४ मा प्रथम नेपाली सगरमाथा आरोही महिला स्वर्गीय श्रीमती पासाङ्गल्हामु शेर्पाको सम्मानमा रु.१०।- दरको हुलाक टिकट प्रकाशित भएको थियो । उपर्युक्त हुलाक टिकटमा स्वर्गीय श्रीमती पासाङ्गल्हामु शेर्पाको तस्वीर र पृष्ठभूमिमा सगरमाथा शिखरमा नेपालको राष्ट्रिय झण्डा गाडेको देखाइएको छ । राजपरिवारका महिला सदस्यहरू बाहेक साधारण नेपाली महिला व्यक्तित्व विषयक नेपालको यो पहिलो हुलाक भएको छ ।

१६. सन् १९९५ मा संयुक्त राष्ट्र संघ स्थापनाको स्वर्ण जयन्तीको उपलक्ष्यमा प्रत्येक धेरैजसो सदस्य राष्ट्रहरूले हुलाक टिकटहरू प्रकाशित गरेका थिए । रु.५०।- दरको हुलाक टिकट नेपालको हुलाक टिकटको इतिहासमा सवैभन्दा बढी दरको हुलाक टिकट हो । आकार पनि ठूलै छ । उक्त हुलाक टिकटमा पृष्ठभूमिमा सगरमाथा शिखर सानै भए पनि माथिल्लो छेउमा चित्रांकित गरिएको छ । विश्व हुलाक संघद्वारा आयोजित डिजाइन प्रतियोगितामा उपर्युक्त हुलाक टिकट प्रथम घोषित गरिएको थियो । उक्त हुलाक टिकटको डिजाइन हुलाक सेवा विभागमा कलाकार श्री मोहन नरसिंह राणाले गर्नु भएको थियो ।

१७. सन् १९९७ मा नेपाल र जापानका बीच दौत्य सम्बन्ध स्थापना भएको ४० औं वार्षिकोत्सवको अवसरमा प्रकाशित रु.१८।- दरको हुलाक टिकटमा सगरमाथा, जापानको फुजी पहाड र मनासलु हिमाल चित्रांकित गरिएको छ । मनासलु हिमाल सन् १९५६ मा सर्वप्रथम जापानी आरोहण दलले सफल आरोहण गरेका थिए । मनासलु सफल आरोहणको सम्मानमा जापान सरकारले १० ऐनको विशेष हुलाक टिकट पनि प्रकाशित गरेका थिए ।

१८. सन् १९९९ मा हुलाक सेवा विभागले नेपाल दर्शन टिकट माला अन्तर्गत रु.१५।- दरको सगरमाथा हिमालको



हिमाल चित्रांकित नेपाली हुलाक टिकटहरू

दक्षिण मोहडाको आधार शिविर तर्फ दृश्य अंकित हुलाक टिकट प्रकाशित गरेको थियो । उक्त टिकट भियना, अष्ट्रियामा छापिएको थियो ।

सन् २००३ मा सगरमाथाको सफल आरोहणको स्वर्ण वार्षिकोत्सव मनाउन विशेष समारोह समिति काठमाडौंमा गठन गरिएको छ । उक्त विशेष अवसरमा सगरमाथा चित्रांकित विशेष हुलाक टिकटहरूको प्रकाशन गर्ने कार्यक्रम श्री ५ को सरकार, हुलाक सेवा विभागले तय गरेको छ । नेपालको गौरव र पर्वतारोहणको प्रवर्धनका लागि विशेषगरी सगरमाथा हिमाल चित्रांकित हुलाक टिकटहरू र सोभिनीयर सिटको प्रकाशन हुन अति आवश्यक छ । यस किसिमको प्रकाशनले नेपालको प्रतिष्ठा र पर्यटन प्रवर्द्धनमा पनि सघाउ पुग्नेछ ।


सगरमाथा स्वर्ण महोत्सव समारोह

सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारी विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मिटर अग्लो) को चुचुरोमा पुगे, यसरी "सगरमाथाको विजय" नाउँको वाक्याँश चलन चल्तीमा आयो । यो गौरवपूर्ण क्षणको समाचार पहिला नेपालीहरूलाई दिइयो त्यसपछि विश्वलाई । नेपाल र विश्वका लागि यो एउटा गरिमामय र ऐतिहासिक अवसर थियो । नेपाल अधिराज्यको निम्ति यो पहिलो अन्तर्राष्ट्रिय घटना थियो । नेपाल जो देवी देवताहरूको पुण्यभूमि, शक्तिशाली हिमालयहरू, महाभारत श्रृँखलाको रम्य हरिया डाँडाकाँडाहरू, हिमशिखरहरू पग्लेर छहरा छाँगोको रूपमा बगिरहने र ग्रीष्म प्रधान वनजंगलहरूबाट बगिरहने नदीनालाहरूको देश - वन जंगलमा पाइने केही दुर्लभ जातिका वन्यजीव, बोटबिरुवा र जीवजन्तुको निवासस्थान भनी चिनिन्छ । यसबाट नेपाल पर्यटकीय गन्तव्य स्थल र साहसी एवं आराम खोज्ने यात्रीहरूका निम्ति समेत आश्रयस्थल हो भन्ने जनाउँछ ।

यो ऐतिहासिक दिनको सम्झनामा सन् २००२ जुनदेखि २००३ मेसम्म सगरमाथा स्वर्ण महोत्सव समारोहको आयोजना गरी सगरमाथा प्रथम आरोहणको पचासौं वार्षिक उत्सव मनाइदै छ । यो भव्य समारोहले नेपाललाई बहुउद्देश्यीय पर्यटन गन्तव्य स्थलको रूपमा प्रवर्द्धन गर्न स्वर्णीम अवसर प्रदान गर्नेछ साथै यसको लागि यो समारोह एउटा आदर्श स्थल (Ideal Platform) पनि हुनेछ ।

कि श्री ५ को सरकारबाट मान्यता प्राप्त गैरसरकारी संस्था नेपाल पर्वतारोहण संघ हो जुन पर्वत र पर्वतारोहीहरूको कल्याणका सम्बन्धमा हेरचाह गर्ने एउटै मात्र संस्था हो । यस संघले सगरमाथा स्वर्ण महोत्सव समारोह मनाउन मुख्य भूमिका निभाउँदै छ भनी अवगत गराउन पाउँदा हामी गौरवान्वित भएका छौं ।

नेपाल पर्वतारोहण संघको परिश्रमपूर्ण अगुवाइमा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय (अ.प.स.) पोखरामा निर्माण



भइसकेको छ । यो पर्वतारोहण गतिविधिहरूको निम्ति सम्झनलायकको एवं असंख्य विद्वानहरू एवं भविष्यका पर्वतारोहीहरू समेतलाई अध्ययन गर्ने महत्वपूर्ण स्थल हुनेछ । अ.प.स.ले विश्वका पर्वतीय क्षेत्रमा बसोवास गरेका मानिसहरूको सामाजिक र आर्थिक स्थिति एवं उनीहरूको संस्कृति उजागर गर्नुका साथै विभिन्न पर्वतारोहण कृयाकलापहरू समेतमा ध्यान केन्द्रित गर्नेछ ।

काठमाडौंको उत्तरतर्फ अवस्थित ककनीमा नेपाल पर्वतारोहण संघले अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यानको निर्माण कार्य शुभारम्भ गरिसकेको छ । हिमालयका अग्ला चुचुराहरूमा चढ्ने प्रयासमा दिवँगत भएका पर्वतारोहीहरूप्रति तिनीहरूका परिवार एवं मित्रहरूबाट सम्मान प्रकट गर्ने ठाउँ हुनेछ यो उद्यान । सगरमाथा स्वर्ण महोत्सव समारोहको सम्भावित उपादेयतातर्फ ध्यान दिई श्री ५ को सरकारले यस कार्यक्रमलाई सहयोग गरेको छ ।

स्वर्गीय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट नेपालको बारेमा यस्तो एउटा सपना थियो - नेपाल सुन्दर, शान्त, विशाल । स्वर्ण महोत्सवले सरकारको यो सपना साकार पार्न सक्ने देखिन्छ यस कारण कि यस प्ररियोजनाको अन्तिम ध्येय नै नेपाललाई बहुउद्देश्यीय पर्यटन गन्तव्य स्थलको रूपमा बढावा दिनु हो, जुन कि हाम्रो अर्थतन्त्रको मेरुदण्ड नै हो । इतिहाप्रसिद्ध छ सरकारको शुभ राज्याभिषेककै बेलामा यो दृष्टिकोण मौसूफबाट अपनाइबक्सेको थियो र नेपाललाई शान्ति क्षेत्रको रूपमा घोषणा गरिबक्सेको थियो ।

कार्यक्रमहरू तथा घटनाक्रमहरू

सगरमाथासम्मको दौड (Everest Marathon)

मिति : १ - २३ मे सन् २००३

स्थान : **सोलुखुम्बु**

सगरमाथा स्वर्ण महोत्सवको सम्झना गर्न र मनाउन, सगरमाथा दौडले बाहेक अरू खेलले यो भव्य घटनाको औचित्य साबित गर्न सक्तैन । यो दौड सगरमाथा आधार शिविर (५४५० मिटर) देखि नाम्चे बजार (३४४० मिटर) सम्म पूरै दौडसमूहको दूरीमा हुनेछ । विश्वको नै यो उच्चतम स्थलको दौड हुनेछ ।

यस कार्यक्रमको स्थल सगरमाथा राष्ट्रिय निकुञ्ज हुनेछ जुन काठमाडौंको उत्तर पूर्वमा अवस्थित छ । लुक्ला विमानस्थलमा ओर्ले पछि स्थानीय हावापानी अनुकूल आफूलाई अभ्यस्त गर्न र खेल शुरु हुने स्थलसम्म पुग्न केही दिन पदयात्रा गरिनेछ, यस बेला तपाईं प्रकृतिको सुन्दरतम वक्षस्थलमा र हिमालयको अनुपम दृश्यपानमा आफूलाई हराईरहेको पाउनु हुनेछ । यसै बेला तपाईले विश्वका नामुद चुचुराहरूको पनि अवलोकन गरिरहनु हुनेछ ।


स्वेतजल क्रीडा (White Water Rafting)

मिति : २१ - २९ नोभेम्वर सन् २००२

स्थान : **सिन्धुपाल्चोक जिल्ला**

ठूल्ठूला पहाडहरूको पर्यायवाची शब्दका रूपमा हाम्रा ठूल्ठूला नदीहरू - साँच्चैको रोमाञ्चकारी र उत्तेजक साहसिक यात्राका लागि विश्वको कुनाकुनामा तपाईं पुग्नु हुनेछ नेपाल हिमालय वाहेक विश्वका ख्यातीप्राप्त जल धारहरूका लागि पनि प्रख्यात छ ।

यो जलक्रीडा कार्यक्रम भोटे कोशीमा हुनेछ जसलाई



"तिव्वतबाट बगेको खोला" भनिन्छ । यो नदी काठमाडौंको उत्तरपूर्वमा अवस्थित छ । शायद यो नेपालको सबभन्दा अप्ठ्यारो नदीमध्ये एक हो । जे होस्, नयाँ खुलेको नदीको रूपमा यसले प्रदान गर्ने उत्तेजना (adreline rush) दोश्रो कहीं पाईदैन, तसर्थ एउटा यो यस्तो अवसर हो जुन कुनै पनि उत्साहीहरूले छोड्न मिल्दैन । वास बस्नको लागि पालको व्यवस्था गरिने यस किसिमको व्यवस्थावाट प्राकृतिक बसाईको अनुभव प्राप्त गर्न सकिने छ ।

हवाई चिप्लेटी प्रतियोगिता (Para-gliding Competition)

मिति : १५ - २४ डिसेम्बर सन् २००२

स्थल : **कास्की जिल्ला**

हवाई चिप्लेटी नेपालको सबभन्दा आनन्ददायी र उत्तेजनापूर्ण खेल सिद्ध भएको छ । विश्वका विभिन्न भागबाट उत्साही मानिसहरू हिमालयको वासस्थल नेपालमा यो खेलको स्वाद लिन आउँछन् । यो कार्यक्रम नेपालको एउटा सबभन्दा राम्रो पर्यटकीय स्थल, काठमाडौंको पश्चिमस्थित नेपालको दोश्रो गन्तव्य स्थल पोखरामा हुँदैछ ।


अन्नपूर्ण श्रृँखलाको छहारीमा पोखरा अवस्थित छ । यस श्रृँखलामा नै मान्छेको पाइलो नटेकिएको अझै कुमारी अवस्थामा नै रहेको माछापुच्छे हिमाल छ । हवाई चिप्लेटी खेल्दा तपाईले शान्त तालहरू र डाँडाकाँडाका सुन्दर हिसावले मिलाइएका तलमाथि परेका खेतहरूको दृश्यावलोकन गर्न सक्नु हुनेछ जुन जिन्दगीभर तपाईको सम्झनामा रही रहनेछ ।

पर्वतीय साइकल शयर (Mountain Biking)

मिति ४ - १७ सेप्टेम्बर २००२

स्थल : **काठमाडौं र त्यसका वरिपरि**

नेपाल स्पर्श गर्ने उत्तम तरीका पहाडमा साइकलको शयर हो । नेपालमा उपलव्ध हुने भिन्दाभिन्दै खालको जमीनको बनोट पर्वतीय साइकल यात्रीहरूको सपना साकार पार्ने खालको छ । यस यात्रामा साइकल यात्रीहरूले भव्य भू-बनोट, प्राकृतिक बोट विरुवा र जीवजन्तुहरूका अतिरिक्त नेपालले मात्र प्रदान गर्न सक्ने जीवन्त सम्पदाहरूको अनुभूति पाउन सक्नेछन् । नेपालबारे जानकारी हासेल गर्न, यसबारे खोज खवर राख्न




पर्वतीय साइकल शयर एउटा आदर्श उपाय हो ।

चट्टान आरोहण (Rock Climbing)

मिति : १५ फरवरी - ३ मार्च २००३

स्थल : **रसुवा जिल्ला**

यो कार्यक्रम लाङटाङ राष्ट्रिय निकुञ्जमा हुनेछ । धेरै



वन्यजन्तु र बोट विरुवाहरूको आश्रयस्थल बनेको यो काठमाडौंको उत्तरतर्फ पर्दछ । यो निकुञ्जको हिमालयको मध्य क्षेत्र पर्दछ र प्राकृतिक चट्टानको आरोहण गर्न यो एउटा आदर्श स्थान पनि हो ।

कार्यक्रम स्थल पुग्न स्याप्रुवेशीसम्म गाडीबाट जानु पर्दछ र तहाँबाट तीन दिनसम्मको पैदल यात्रा गर्नु पर्दछ - यस बीच प्रकृतिको मनोरम छटा र मनमोहक दृश्यहरू अवलोकन गर्न पाइन्छ जुन नेपालले बाहेक अन्य मुलुकले प्रदान गर्न सक्तैन ।

बाउलिङ्ग प्रतियोगिता (Bowling Tournament)

मिति : १७ - २७ अप्रिल सन् २००३

स्थल : **काठमाडौं** ।

यो खेल नेपाल लगायत दक्षिण एशिया, अझ भनौं भने विशेष गरी सुदूर पूर्व र आशियान (ASEAN) क्षेत्रमा लोकप्रियता हासिल गर्दैछ । नेपालमा यसको लोकप्रियता अझ बढी बृद्धि गर्न अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिताहरू संचालन गर्नु आवश्यक छ र अहिलेको समय नै यसका लागि सबभन्दा उपयुक्त देखिन्छ । समूहगत वा व्यक्तिगत रूपमा यो कार्यक्रम संचालन गरिनेछ ।

अन्तर्राष्ट्रिय आमन्त्रण गोल्फ पर्व (International Invitational Golf Festival)

मिति : १४ - २४ नोभेम्बर सन् २००२

स्थल : **काठमाडौं, पोखरा**

नयाँ निर्मित काठमाडौंको गोकर्ण गोल्फ कोर्समा यो कार्यक्रम समूहगत वा व्यक्तिगत रूपमा संचालन गरिनेछ । जीवनका विभिन्न क्षेत्रका अन्तर्राष्ट्रिय व्यक्तित्वहरूद्वारा यसमा सहभागीता हुने कुरामा हामी विश्वस्त छौं ।

हात्तीको पोलो खेल (Elephant Polo Tournament)

मिति : ८ - १४ डिसेम्बर सन् २००२

स्थल : **टाइगर टप्स, चितवन राष्ट्रिय निकुञ्ज**

यो समूहगत खेल हो र चितवनमा संचालन हुनेछ । यो नेपालमा मात्र खेलिने एउटा विशेष किसिमको खेल हो ।

फिल्म / डकुमेण्ट्री प्रदर्शन (Film / Documentary Exhibition)

मिति : जनवरी २००३

स्थल : **काठमाडौं**

पहाड पर्वतहरू, पदयात्रा, पर्वतारोहण, साहसिक खेलहरू इत्यादि सम्बन्धी संसारभरका फिल्म र डकुमेण्ट्रीहरूको प्रदर्शन काठमाडौंमा गरिने छ ।

सगरमाथा आरोहीहरूको जमघट (Gathering of Mount Everest Summitters)

मिति : मे २००३

स्थल : **काठमाडौं तथा पोखरा**

सगरमाथाको टाकुरामा पुगेका सम्पूर्ण आरोहीहरूको नेपालमा विशेष जमघट हुनेछ ।

उपरोक्त कार्यक्रमका सूचीहरू अन्तिम होइनन् । आवश्यकता अनुसार सहभागीहरू र सहयोगीहरू (Sponsors) को संख्यामा संशोधन वा थपघट हुन सक्नेछ ।

- सगरमाथा स्वर्ण महोत्सव समारोह समिति

पो.ब.नं. १४३५,

नागपोखरी, नक्साल, काठमाडौं, नेपाल ।

फोन नं. : ४३४५२५ / ४३५४४२

फ्याक्स : ४३४५७८

E-mail : office@nma.com.np, Website : www.nma.com.np

नेपाल पर्वतारोहण संघको

प्रकाशन

नेपाल पर्वत

आशलाग्दो वर्तमान पर्वतीय पर्यटन नीति

भूमिलाल लामा*

८००० मी. भन्दा अग्ला १४ वटा हिमालहरूको ठेगाना लागेपछि त्यसमध्येका अन्नपूर्ण प्रथमको प्रथम पटक फ्रान्सेली नागरिक श्री मोरिश हर्जोग तथा लुइ ल्याचनेलले सफल आरोहण गरेका थिए, जुन सफलता ज्यादै गौरवको विषय ठानिएको थियो। दोश्रो विश्वयुद्धपछि गिरेको मनोवल उठाउन गरिएको पहिलो जापानी पर्वतारोही दलले सन् १९५६ मा मनासलु हिमालको सफल आरोहणले ठूलो भरथेग गरेको थियो, युद्धमा हारे पनि आफ्नो वीरता एवं शौर्यतालाई स्थापित गर्न सक्नु चानचुने कुरा हैन भन्ने प्रमाणित गरेरै छाडे जापानीहरूले। त्यसपछि सर्वाधिक चर्चित सन् १९५३ को सफल सगरमाथा आरोहण दलका सदस्यद्वय श्री तेञ्जिङ नोर्गे शेर्पा र श्री एडमण्ड हिलारीका जोडीले विश्वको सर्वोच्च शिखरमा पाइला टेकेपछि उनीहरूको कीर्ति अमर त भयो नै नेपाललाई पनि विश्वमानचित्रमा कहाँ पर्छ भन्ने खुल्दुली विश्वमानवको मनमा उज्यायो। नेपाल र नेपालीको पहिचानको पर्यायवाचक बन्न पुग्यो सगरमाथा। नेपालमा पर्यटन उद्योग फस्टाउनुमा र आजको स्थितिमा आईपुगेको पर्यटन उद्योगको पृष्ठभूमिमा माथि उल्लेख गरिएको ऐतिहासिक एवं कीर्तिमानी पर्वतारोहण टोलीहरूको प्रमुख योगदान छ भन्नु पर्दा अतिशयोक्तिपूर्ण हुन्छ भन्ने कुरामा शंका नलिए पनि हुन्छ। तसर्थ नेपालको सम्पूर्ण पर्यटन उद्योगको जननि भनेकै पर्वतारोहण हो भन्न सकिन्छ। तर नेपालको ऐतिहासिक धरोहरूहरू, साँस्कृतिक सम्पदाहरू, प्राकृतिक सौन्दर्य, विविध धर्म संस्कृति एवं परम्पराहरू तथा जातजातीहरूको सहिष्णुतापूर्ण समिश्रण, जैविक तथा पर्यावरणीय विविधता आदि इत्यादि मनोहारी विषय भएकोले यसको आफ्नै विशेषता छ, छुट्टै पहिचान बनाउन सफल छ, तर आधा शताब्दी अघिदेखि पर्वतारोही एवं पर्यटकहरूको लागि खुल्ला गरिएको नेपालमा आउने कूल पर्यटकहरूको आगमन संख्यालाई हेर्ने हो भने सन्तोष मान्नु पर्ने आधार मनग्गे नभएको प्रतित हुन्छ। यहि पृष्ठभूमिको सेरोफेरोमा पर्वतका पाठकहरूको ध्यान केन्द्रित गराउने चेष्टा यो लेखको अभिष्ठ हुनेछ।

नेपालको उत्तरी सीमा हिमालय पर्वत हो भन्ने नेपालीहरूको आम धारणा रहँदै आएको छ। हुन त हिमाल पारी पनि नेपालको भूभाग छ यो यथार्थ हो। पछिल्लो सीमाङ्कनले नेपालमा पर्ने हिमाल पनि अहिले चीन (तिब्बत) मा पर्न गएको छ जस्तो कि गणेश हिमाल, सिसा पाङमा, आधा भएको सगरमाथा, चो-ओयु नेपाल मै परे पनि आरोहण मार्गको सानो टुक्रा तिब्बततर्फ पर्न गएकोले आरोहण गर्न मुश्किल हुन गएको छ। यसको बारेमा पछि लेखौंला। सन् १९५० को दशकमा स्वतन्त्र तिब्बतमाथि विशाल चीनले दावी गरेपछि त्यहाँको राजनीतिक एवं प्रशासनिक नियन्त्रण चीनको हातमा पुग्न गयो। जसको फलस्वरूप दक्षिणमा रहेको सानो छिमेकी नेपालबाट उत्तरी सिमासम्म पर्यटकहरू गएर त्यहाँको चियो चर्चा गर्लान भनेर कुटनीतिक तहबाटै नेपालको उत्तरी क्षेत्रहरूमा पर्यटक जान नपाउने गरी निषेधित गरियो। त्यही अवधारणाले वर्तमान प्रशासकहरूको मनमष्तिष्कमा घर गर्दै गयो, कालान्तरमा त्यो नै नीति बन्न पुग्यो। उत्तरमा अवस्थित छिमेकी मुलुकको सुरक्षा छाताको काम गर्न परेकोले पर्यटन उद्योगलाई सेप लाग्यो।

पर्यटनको विकासमा पर्वतारोहण गतिविधिको ठूलो भूमिका छ भन्ने कुरामा दुई मत छँदैछैन। पर्वतीय पर्यटन भन्नाले सन् १९६० को उत्तरार्धदेखि गाँसिन आएको पदयात्रा व्यवसायलाई जनाउँछ। हिमाल आरोहण गर्न जाने दलहरूले पहिल्याएको बाटो, बास, बिसौनी तथा पँधेरोहरूलाई आधार मानी हिमालहरूको आधार शिविरसम्म विदेशीहरूलाई दृश्यावलोकन गराउन लाने कार्यमा पदयात्रा व्यवसायले उद्योगकै अभिन्न एवं महत्वपूर्ण सहयात्रीको जिम्मेवारी निर्वाह गर्न पुगेको छ। छिमेकी मुलुकको सुरक्षा छातामुनि रहि निर्णय लिने प्रकृयाले गर्दा उत्तरी भूभागहरू अद्यापी निषेधित तथा नियन्त्रित अवधारणा अन्तर्गत रहन गएकोले पर्वतीय पर्यटनले फस्टाउने मौका पाउन सकेन। अधिकाँश पदयात्रीहरूको चाप खुम्बु र अन्नपूर्ण क्षेत्रमा पर्न जानु यसको उदाहरण हो। ती दुई क्षेत्रहरूमा परेको पदयात्रीहरूको अत्यधिक चापले गर्दा त्यहाँको बहन क्षमतावारे प्रश्न नउठेका पनि हैनन्। तसर्थ निषेधित क्षेत्रलाई खोल्ने र नियन्त्रित क्षेत्रलाई खुकुलो पार्ने तर्फ क्रमशः कदम चाल्दै लानु पर्छ।

१९८० को दशकमा सगरमाथाले विश्वको सर्वोच्च फोहर फाल्ने स्थान भन्ने शीर्षकमा नामी नामी पत्रिकाहरूमा आलेखहरू

*भूमिलाल लामा नेपाल पर्वतारोहण संघका महासचिव हुनुहुन्छ।

प्रकाशित भए, विश्वभरकै वातावरणविदहरू सक्रिय भए। त्यहिताका सगरमाथालाई आराम देओ भन्ने उद्‌गार सर एडमण्ड हिलारीको मुखारविन्दबाट चुहिएपछि सगरमाथामा एक ऋतु, एक बाटो एक दलको नीति लिन श्री ५ सरकार बाध्य हुन पऱ्यो। यहाँ स्मरणीय कुरो के छ भने आरोहण दलको सफलता, असफलता, घटना, दुर्घटना हरेक कुराले एउटा समाचार बन्छ जुन कुराले नेपालको निःशुल्क प्रचार गरिरहेको हुन्छ। त्यो सबैभन्दा ठूलो उपलब्धिको रूपमा हामीले लिनु पर्छ। पर्यटन उद्योगको विकासमा निरन्तरको प्रचार प्रसारको ठूलो भूमिका रहन्छ। सगरमाथाको समाचारले त झन विशिष्ट स्थान पाईरहेको हुन्छ। तर त्यो प्रावधान अन्तर्गत निःशुल्क प्रचारमा धेरै कमी हुन गयो।

हिमाल आरोहण सलामी दस्तूर नेपालको राजश्वको महत्वपूर्ण अंश हो। हुन त अन्य देशहरूमा ज्यादै न्यून दस्तूर लिने गरिन्छ। तर पनि नेपालको सवाललाई पर्वतारोहीहरूले सहानुभूतिपूर्वक नै लिने गरेको पाइएता पनि अति चर्को शुल्क प्रति तिनीहरूले रोष प्रकट नगरेको पनि हैन। यसर्थ सलामी दस्तूरलाई प्रतियोगी दर रेटमा ओराल्न बाञ्छनिय नै हुने देखिन्छ।

यहि यथार्थलाई ध्यानमा राखी श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गन्तव्य नेपाल वर्ष २००२ - २००३, सगरमाथा सफल आरोहणको स्वर्ण जयन्ती समारोह र अन्तर्राष्ट्रिय पर्वतीय पर्यटन वर्ष २००२ को सन्दर्भमा नेपाल अधिराज्यका ६० वटा हिम शिखरहरूमा लाग्ने विद्यमान सलामी दस्तूरमा आँशिक एवं पूर्ण छूट दिने निर्ण गरेको छ।


पर्यटन उद्योगको प्रतिफल प्रत्यक्ष रूपमा ग्रामिण जनसमुदायसम्म पुऱ्याउने कार्य पर्वतीय पर्यटनले मात्र गरिरहेको सन्दर्भमा ग्रामिण अर्थतन्त्रलाई बलियो बनाउँदै गरिबी उन्मूलन र दिगो पर्यटनको अवधारण समेतलाई टेवा पुऱ्याउन पर्वतीय पर्यटनको विकासलाई सहायकसिद्ध हुने नीति तथा कार्यक्रम आउन अपरिहार्य भईरहेको समयमा केही सकारात्मक नीतिहरूको घोषणा ढिलै भएपनि श्री ५ को सरकारले गरेको छ। यसै सन्दर्भमा हाल १०३ वटा नयाँ हिमशिखरहरू खुली सकेको र भर्खरै थप १० वटा हिमशिखरहरू खोलिनु ज्यादै स्वागतयोग्य कदमको रूपमा लिन सकिन्छ।

नेपालको प्रख्यात विकासे विद्वान् डा. हर्क गुरुङबाट



GALEOTTUS MARTIUS

सगरमाथा क्षेत्रमा पदयात्रीहरू थकाई मार्दै



HENRY WISCHHUSEN

जर्मन पदयात्री अन्नपूर्ण क्षेत्रमा स्थानीय बालबालिकासँग भलाकुसारी गर्दै

पाँच विकास क्षेत्रको वर्गीकरण भएकै हो र उहाँले सन्तुलित क्षेत्रीय विकास हेतु पटक पटक कार्यपत्रहरू प्रस्तुत गरिसक्नु भएको छ। पर्वतीय पर्यटनको सन्तुलित विकासले गरिबी निवारणमा ठूलो मदत पुग्छ भन्ने अवधारण उहाँको कार्यपत्रहरूमा प्रशस्त पाइन्छन्। त्यही विकासे अवधारणालाई अघि बढाउने मेसोमा पर्वतारोहणका लागि खुल्ला गरिएका तर पर्वतारोहीहरू आकर्षित नभएका अधिराज्यका विभिन्न ४० वटा हिमशिखरहरूमा पर्वतारोहण गर्न आउने सबै पर्वतारोही दलहरूका लागि प्रोत्साहन स्वरूप आगामी मार्च २००२ देखि मार्च २००५ सम्म ३ वर्षका लागि विद्यमान सलामी दस्तुरमा ७५ प्रतिशत रकम छुट दिने र पर्यटन गतिविधिको दृष्टिकोणले तुलनात्मक रूपमा पछाडि परेका सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने विभिन्न २० वटा हिमशिखरहरूको आरोहणका लागि आउने सबै पर्वतारोही दलहरूलाई सोही ३ वर्ष अवधिका लागि विद्यमान सलामी दस्तुरमा शत प्रतिशत छुट दिने श्री ५ को सरकारको निर्णयलाई लामो फड्कोको रूपमा लिन सकिन्छ।

स्मरणीय छ, श्री ५ को सरकार मन्त्रीपरिषदको मिति २०५८ साल पौष १२ गते बसेको बैठकले पर्वतारोहणका लागि खुल्ला गरिएका तर पर्वतारोहीहरू आकर्षित नभएका हिमाल र क्षेत्र विशेषका लागि ३ वर्षका लागि प्रोत्साहन स्वरूप रोयल्टी छुट वा मिनाहा दिने निर्णय गरेको थियो।

यस व्यवस्थाबाट विद्यमान अवस्थामा नेपालमा विगत केही वर्ष यता पर्यटन क्षेत्रमा देखा परेका समस्याहरूलाई केही हदसम्म निराकरण गरी दिनानुदिन प्रतिस्पर्धी भईरहेको पर्वतारोहण गतिविधिलाई नेपालमा अझै आकर्षित बनाई देशको पर्वतारोहण गतिविधिबाट प्राप्त हुने योगदानमा बृद्धि हुन गई आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पछाडि परेका क्षेत्रहरूको समानुपातिक विकास प्रक्रिया अगाडि बढ्न जाने विश्वास मन्त्रालयको मात्र होइन सम्पूर्ण पर्यटन उद्योगका उद्यमीहरूमा रहेको पाइन्छ।

पर्वतीय पर्यटनको विकास गर्ने उद्देश्यले गहन जिम्मेवारी लिएर स्थापित भई कार्यरत रहेको नेपाल पर्वतारोहण संघको भूमिका पनि उल्लेख गर्न योग्य नै छन्। संघले संचालन गर्दै रहेको विभिन्न नियमित कार्यक्रमहरू ज्यादै महत्वपूर्ण छन्। त्यस्ता महत्वपूर्ण कार्यहरूमध्ये सर्वाधिक महत्वका परियोजनाहरूमा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, पोखरा र अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यान, ककनी उल्लेखनीय छन्। देशकै गौरव एवं प्रतिष्ठ अभिवृद्धि गर्ने नौलो पर्यटन आकर्षणका वस्तुहरूलाई सम्पूर्णता दिई सन्चालनमा ल्याउन ठूलो अभिभारा संघको काँधमा छ तर मौजुदा श्रोतबाट सम्पन्न गर्न कठिनाई भैरहेको कुरालाई श्री ५ को सरकारले आत्मसात गर्दै संघले आरोहण अनुमति जारी गर्न पाउने गरी केही थप चुलीहरू प्रदान गर्न भैरहेको गृह कार्यको खवरले पर्वतीय पर्यटन उद्यमीहरूमा मात्र नभई सम्पूर्ण पर्यटन उद्योगमा नयाँ आशाको संचार भएको महसूस गर्न सकिन्छ। उक्त कदमलाई पर्यटन उद्यमीहरूले अत्यन्तै सकारात्मक ढंगले लिएको पाइन्छ। तर देशको मौजुदा परिस्थितिको परिप्रेक्ष्यमा श्री ५ को सरकारको उक्त सह्रानीय कदमहरूको प्रतिफल पाउन केही समय त पर्खनै पर्ला!

सगरमाथाको आरोहण : कहिले र कहाँबाट

आङ फुर्वा शेर्पा (ठाक्तोक)*

विश्वको सर्वोच्च शिखर सगरमाथामा सन् १९५३ को मे, २९ का दिन तेञ्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीले प्राप्त गरेको ऐतिहासिक सफलताले नेपाल र नेपालीलाई संसारमा चिनाउन र गौरव बढाउनमा मुख्य भूमिका निभायो । संसारको कुना कुनामा यसले नेपाललाई हिमाली देशको नाउँले विदेशीहरूलाई आकर्षित गरी नेपालको द्वारलाई फराकिलो बनाई दियो । यसबाट नेपाल आउने पर्यटक तथा पर्वतारोहीहरूको संख्या बढ्न थाल्यो र यसैको नतिजा अनुसार सन् १९५३ देखि सन् २००२ सम्ममा विभिन्न देशका १२५० जनाले सगरमाथाको चुचुरो चुम्न सफल भएको देखिन्छ भने आरोहणकै क्रममा आफ्नो ज्यानलाई त्यही बिसर्जन गर्नेहरूको संख्यामा पनि कमी छैन । त्यसमध्ये शेर्पाहरू नै बढी देखिन आएका छन् ।

विश्वको सर्वोच्च शिखर यतिका धेरै आरोहीहरूले आरोहण गरिसकेका छन् र यो क्रम जारी नै छ । यही क्रममा सगरमाथाको आरोहण कहिले देखि र कहाँबाट शुरु भयो भन्नेबारेमा केही चर्चा गर्न चाहन्छु, यो एउटा चाख लाग्दो विषय पनि छ ।

विदेशीहरूले पहिलो पटक आरोहण गर्न भनी सिक्किमबाट अनुसन्धनात्मक टोली सन् १९०७ मा आएको कतिपय किताबहरूमा पढ्न पाइन्छ । उक्त टोलीमा स्कटल्याण्डका डा. ए.एम. केलास (Dr. A.M. Kellas) नाम गरेका व्यक्ति समावेश थिए । डा. केलासले सिक्किम, दार्जीलिङ पुगेपछि त्यहाँ शेर्पा/भोटियाहरूको साथमा हिमाल वारपार गर्न ठूलो मद्दत मिल्न सक्छ भनी उनीहरूलाई सहयात्रीका रूपमा छनौट गरे । डा. केलासको सोच अनुरूप शेर्पा कामदारहरूले इमान्दारीताका साथ उनीहरूको इच्छा परिपूर्ति गर्न सक्षम भए । यसैका बाबजूद शेर्पाहरूले यस पेशामै निरन्तरा दिई आएका छन् । शेर्पा जातीले विश्वको सामु यही पेशामा लागेर Guinness World Records मा समेत आफ्नो नाम लेखाउन सफल भएका छन् ।

लामो समयको अन्तरालपछि सन् १९२१ मा कर्णेल हवार्ड व्यूरी (Colonel Haward Bury) को नेतृत्वमा पहिलो पटक ब्रिटिश आरोहण अनुसन्धान टोली (British Reconnaissance Expedition Team) दार्जीलिङ, सिक्किम हुँदै उत्तरी मोहडाबाट सगरमाथाको आरोहण गर्ने प्रयास गऱ्यो । उक्त टोलीको समूहमा डा. ए.एम. केलासका साथै विभिन्न क्षेत्रका विज्ञहरूलाई पनि समावेश गरिएको थियो । त्यसताका आरोहणका गतिविधिहरू सबै दार्जीलिङ, सिक्किमबाट हुने गर्दथ्यो र दुर्भाग्यवश उक्त टोली १७,२०० फिटको भञ्ज्याङ काटेर तिब्बत जाने क्रममा डा. केलासको निधन भयो र आरोहण टोलीले निरन्तरता दिन सकेन । यसको लगत्तै सन् १९२२ मा गोर्खा कमाण्डर अन्तर्गत सि.जी.ब्रुस (C.G. Bruce) को नेतृत्वमा दोस्रो आरोहण टोली खडा भयो र उक्त टोलीका सदस्य मध्ये सोमेर्भल, मेलोरी र नर्टन (Somervll, Mallory and Norton) २६,९८५ फिटसम्म पुगे र केही दिनपछि सोही टोलीका अर्का सदस्य फिन्च (Finch and Bruce) भने २७,२३५ फिटसम्म पुगेका थिए । तर आरोहण गर्दागर्दै वर्षा यामले छोई सकेको र हिमालका हिउँहरू पग्लिन थाले । यत्तिकैमा उत्तरी मोहडामा अचानक हिउँ पहिरो आई सात जना कामदारहरूको मृत्यु भयो र आरोहण परित्याग गर्न बाध्य भए ।

दुई वर्षपछि पुनः सन् १९२४ मा लेफ्टिनेन्ट जनरल ई.एफ. नोर्टनले तेस्रो आरोही टोली तयार गरे र उक्त टोलीले जुन ४ मा अक्सिजन प्रयोग नगरी २८,१२६ फिटसम्म पुगे । सोही दलमा सम्मिलित म्यालोरी र इर्भिनले भने जुन ८ का दिन अन्तिम क्याम्पबाट अक्सिजन प्रयोग गरी चुचुरा चुम्न प्रस्थान गरे र यी दुई सदस्य २८,००० फिटबाट माथि उक्लदै गरेका दृश्य उनका मित्रहरूले उत्तरी मोहडाबाट दुर्बिनको सहयोगले देखेका थिए तर हेर्दाहेर्दै यी दुई साहसी पर्वतारोहीहरू बादलभित्र बिलिन भए र कहिले पनि फर्केर आएनन् । यी दुई वीर पर्वतारोहीहरूको खोजीनीति गर्न सन् २००० मा एउटा अमेरिकन टोलीले खोज्ने प्रयास गऱ्यो । ७५ वर्षपछि म्यालोरीको लासलाई अन्दाजी २७,००० फिटको उचाइमा भेट्टाएका थिए भने अर्का पर्वतारोही ईर्भिनको भने आजसम्म पनि पत्तो लाग्न सकेको छैन । यी दुई सगरमाथाको चुचुरा पुगे पुगेनन् भन्ने बारे एउटा चासोको विषय बनेको छ । यसका पछाडि खोजीनीति गर्ने एक समूह नै लागि परेको बेलाबखत सुन्नमा आएको छ ।

---

* आङ फुर्वा शेर्पाले सन् १९७९ मा सगरमाथाको सफल आरोहण गर्नुभएको थियो । हाल उहाँ नेपाल पर्वतारोहण संघको केन्द्रीय कार्य समिति सदस्य तथा कल्याणकारी समितिका संयोजक हुनुहुन्छ ।


पर्वतारोहीहरूको मृत्युको खवरले तिब्बतका धार्मिक नेता दलाई लामाले ल्हासाबाट केही समयका लागि आरोहण अनुमति दिनमा रोक लगाए । नौ वर्षको अन्तरालपछि पर्वतारोहण प्रेमीहरूको दवावले ल्हासाबाट पुन आरोहण अनुमति प्रदान गर्ने मनसाय बनाए । लगत्तै सन् १९३३ मा ह्यूज रट्टलेज (Hugh Ruttledge) को नेतृत्वमा एउटा टोली तयार भयो र उक्त टोलीले पनि सफलता पाउन सकेन । ले सातौं दलको नेतृत्व गरेका थिए उक्त टोलीका नेता टिलम्यान र ल्योड २७,२३० फिटसम्म पुगेका थिए भने पूर्ण सफलता भने हात पार्न सकिएन । यत्तिकैमा दोश्रो विश्व युद्ध शुरु भयो जसका कारण तिब्बतबाट आरोहण गतिविधि बढाउन सकिएन । समय बित्दै जाने क्रममा सन् १९४९ मा चीनले तिब्बतलाई आफ्नो नियन्त्रणमा लियो र तिब्बतका धार्मिक नेता दलाई लामा भारतमा शरण लिन पुगे पछि



सन् १९२४ को ब्रीटिस सगरमाथा आरोहण दल (पछिल्लो पंक्तिमा बायाँबाट उभिएका चर्चित आरोहीहरू एन्ड्रयू एरवीन र जर्ज मेलोरी)

सन् १९३४ मा मौरिस वील्सन (Maurice Wilson) को एक्लो (Solo) आरोहण गर्ने क्रममा मृत्यु भएको भनी Unsworth को किताबमा उल्लेख गरेको छ । यसपछि एरिक सिपटोन (Eric Shipton) को नेतृत्वमा सन् १९३५ मा पाँचौ आरोही टोली त्यस तर्फ लागेका थिए तर मौसमको खराबीले गर्दा उक्त टोली उत्तरी मोहडासम्म मात्र पुग्न सके । यसै गरी सन् १९३६ मा ह्यूज रट्टलेजले छैठौं आरोहण दल तयार गरी प्रयास गरेका थिए, तर मौसमले साथ दिएन । दुई वर्षपछि सन् १९३८ मा एच.डब्लु. टिलम्यान (H.W. Tilman) उत्तरी मोहडाबाट आरोहण गतिविधि बन्द भयो । १८ वर्ष लामो समयसम्म तिब्बतबाट विदेशीहरूको गतिविधि बढाएता पनि सन् १९४९ सम्ममा नेपालको तर्फबाट विदेशी भित्र्याउने सोच भने आउन सकेन तर जब सन् १९५० मा नेपालको बाटो भएर सगरमाथा आरोहण गर्न दिने नीति अवलम्बन गरियो तत्कालै चार्ल्स हाउसटन (Charles Houston) को नेतृत्वमा प्रथम पटक यस वर्ष नेपालको भूमिबाट सगरमाथा आरोहण गर्न अनुमति दिइयो । उक्त टोलीले सगरमाथाको सबैभन्दा खतरा मानिने खुम्बु आइसफल, तेङबोचे गुम्बा र

बाटोहरूको रामरी अनुसन्धान र अध्ययन गरी एउटा उपयुक्त रिपोर्ट तयार पारे । उक्त रिपोर्टले भावी टोलीहरूको लागि ठूलो सघाउ पुगेको थियो । यसै गरी सन् १९५२ मा स्वीट्जरल्याण्डबाट दक्षिण मोहडा भएर आरोहण टोली गएका थिए र खुम्बु आइसफल हुँदै साउथ कोलसम्म पुग्ने अवसर पाएँ जुन ठूलो उपलब्धि मानिएको छ । त्यस बेला ब्रिटीश लर्ड हण्ट को नेतृत्वमा तेस्रो आरोहण टोली तयारी गरिरहेको थियो । यसको लगत्तै सन् १९५३ मे २९ का दिन हन्टको टोलीका दुई सदस्य तेन्जिङ र हिलारीले सगरमाथाको चुचुरोमा पुगेर ऐतिहासिक विजय प्राप्त गरे । छोटो समयमा दक्षिण मोहडाबाट भएको ऐतिहासिक विजयले संसारमा हलचल मचायो र विश्व सामु नेपाल गन्तव्यलाई अझ फराकिलो बनाई दियो । उक्त ऐतिहासिक विजयपछि सन् २००२ सम्ममा सर्वोच्च शिखरमा ६२ मुलुकका १२५० जनाले १७४० पटक आफ्नो पाइला राख्न सफल भएका छन्, जसमा महिलाहरूको पनि ठूलो संख्यामा सहभागिता छ ।



नुप्त्सेको पछाडि देखिएको सगरमाथाको दृष्य

PHU DORJEE SHERPA

माथि उल्लेखित पर्वतारोहीहरूले आरोहण गर्ने क्रममा के कस्ता सामग्रीहरू प्रयोग गरेका होलान् भन्ने एउटा जिज्ञासाको विषय भएको छ । सरसर्ती अध्ययन गर्दा शुरुमा साधारण टेरिकटन र ऊनबाट बनेका, धेरै तौल भएका लुगाफाटाहरू र छालाबाट बनेका जुत्ता (धेरै तौल भएका) प्रयोगमा ल्याइएको पाइन्छ । सोही सामग्रीहरू सन् १९२१ देखि सन् १९५३ सम्ममा त्यत्ति विकसित भएको पाइँदैन । बढी तौलका समस्याले गर्दा धेरथोर परिवर्तन गर्न खोजिएको भएता पनि सन् १९६० को दशकसम्म थोरै मात्र परिवर्तन गरिएको पाइन्छ । तर सन् १९७० को दशकमा आएर सामानहरूमा व्यापक परिवर्तन आए । हरेक सामानहरू नाइलनबाट बनेका प्रयोगमा ल्याउन थालिए । हावा नछिर्ने, पानीबाट बच्ने, तौलमा पनि कमिका साथै पर्वतारोहीहरूले पनि ज्यादै रुचाउँन थाले । तर आगोको खतराबाट भने यी सामानहरू मुक्त हुन सकेनन् । क्लाइम्बिङ बुटमा भने परिवर्तन भएर आउन सकेन, उही छालाबाट बनेको, ज्यादा तौल भएको र सधैं पानीबाट बचाउनका लागि सधैं वेक्स लगाई रहनु पर्दथ्यो । तर सन् ८० को दशकमा पुगेपछि अरू सामग्रीमा परिवर्तन आए झैं क्लाईम्बिङ बूट मा पनि परिवर्तन आई प्लास्टिकबाट बनेका हलुका, पानीबाट मुक्त भएका आधुनिक बूटहरू प्रयोगमा ल्याइए । त्यसै गरी क्याम्पोन, स्नो बार, आईस स्क्रू (Crampon, Snow Bar, Ice Screw) डोरीहरूमा पनि व्यापक सुधार भएर आए । उच्च उचाइ (High Altitude) मा लगाउने पाल, व्यक्तिगत कपडाहरू, एउटा गोरेटेक्स (Goretax) नामका आधुनिक फेब्रिक (Fabric) प्रयोगमा ल्याइएपछि त्यसले पर्वतीय पर्यटन बजारमा मन जित्न सफल भई हालसम्म निरन्तरता पाइरहेको छ । पर्वतारोहणका क्रममा चाहिने सम्पूर्ण सामग्रीहरूमा सुधार ल्याइएता पनि सन् ८० को दशकसम्म उच्च उचाइमा प्रयोग गरिने अक्सिजनमा भने सुधार आएको देखिदैन । तर सन् ९० को दशकमा आइपुग्दा रसियन कम्पनीले अक्सिजनको तौलमा आधा कम र प्रेसरमा बढी भएको नयाँ सिलिण्डरको उत्पादन गरी पर्वतारोहीहरूलाई सहज र सुलभ बनाइदिए भने अबका दिनहरूमा आउने नयाँ सामग्रीहरूको परिवर्तन भने हेर्न बाँकी नै छ ।

Please visit our website :
www.nma.com.np
E-mail : office@nma.com.np

पर्वतारोही स्मृति उद्यान : पर्यटन सम्पदाको रूपमा विकसित गर्ने लक्ष्य

विश्वनाथ पराजुली*

विगतमा नेपाल हिमालयको देश, गौतम बुद्धको देश एवं सगरमाथाको देशको रूपमा परिचित भएको हुनाले नेपालमा आउने पर्यटकहरू यिनै कुराहरू आफ्नो मन मस्तिष्कमा राखेर आउने गर्दथे । नेपालको प्राकृतिक सौन्दर्यता, मनोरम हिमाली दृष्य र यहाँको बहुआयामिक सांस्कृतिक पक्षले संसारभरका हजारौं पर्यटकहरूलाई यहाँ आकर्षित गर्दथ्यो । यी कुराहरूले देशको पर्यटन क्षेत्रमा अहिले पनि त्यति नै महत्व राखे तापनि विद्युतीय संचारको द्रुततर विकासका कारण हालका दिनहरूमा उल्लेखित कुराहरू मात्र देशमा बढी पर्यटक आगमन गराउनका लागि अपर्याप्त भएको महसूस सर्वत्रबाट गरिन लागेको छ । २१औं सताब्दीमा पुरातनबादी सोचमा मात्र नअल्झिएर बढी पर्यटक आकर्षित गर्नका लागि पर्यटन पूर्वाधारहरूको विकास तथा थप पर्यटन सम्पदाहरूको प्रवर्द्धन एवं विकास अपरिहार्य भैसकेको छ । नयाँ गन्तव्यस्थलहरूको खोजी गरी तिनीहरूलाई पर्यटकीय दृष्टिकोणले विकास र पर्यटन क्षेत्रसंग भावनात्मक तथा अन्तरसम्बन्ध राख्ने खालका नयाँ सम्पदाहरूको निर्माणले नै वर्तमान अवस्थाको पर्यटन क्षेत्रलाई माथि उकास्न सक्ने देखिन्छ ।


यिनै कुराहरूलाई मध्यनजर गर्दै नेपाल पर्वतारोहण संघले पोखरामा एक अन्तर्राष्ट्रिय स्तरको पर्वतीय संग्रहालयको निर्माण सम्पन्न गरी आंशिक रूपमा खुल्ला गरेको छ । वास्तविक जीवनमा पर्वतारोहणको अनुभव गर्न नसक्नेहरूका लागि त यसको महत्व छँदैछ, पर्वतारोहणको अनुभव बटुलिसकेकाहरूको लागि समेत यो उनीहरूको इतिहासलाई ज्यूँदो रूपमा उजागर गर्ने एक अपूर्व माध्यम बन्नेछ । यसले कालान्तरमा एक पर्यटन सम्पदा (Tourism Heritage) को रूपमा आफूलाई स्थापित गर्ने कुरा निर्विवाद छ ।

मानिस जन्मनु र मर्नु प्रकृतिको नियमनै हो । तर मृत्यु पश्चात पनि सम्झिरहने हामी मानव मात्रको मानवीय सम्वेदना हो । अझ पर्वतारोहणका क्रममा मृत्यु वरण गर्ने साहसीहरूको सम्झना अनन्तकाल सम्म भईरहनु पर्दछ । यिनै कुराहरूलाई मध्यनजर गर्दै नेपाल पर्वतारोहण संघले पर्वतारोहण गर्दा गर्दै ज्यान गुमाउन पुगेका तिनै सपूतहरूको सम्झनामा ककनीमा एक अन्तर्राष्ट्रिय स्तरको पर्वतारोही स्मृति उद्यानको निर्माण कार्यको थालनी गरेको छ । ज्ञात अज्ञात मृतक पर्वतारोहीहरूको सम्झनामा एकपल झुक्न पाउने र त्यस परिसरमा उनीहरूको साहसी गाथाको स्मरण गर्न पाउने अपूर्व अवसरको सृजना गरी संसारभरका पर्यटकहरूको लागि नेपाल आउन एक थप सम्पदाको रूपमा यसलाई विकसित गर्ने लक्ष्य लिईएको छ ।

यस उद्यान निर्माणको परिकल्पना भए पश्चात श्री ५ को सरकार अन्तर्गतको तत्कालीन पर्यटन विभागले २०५३ सालमा यस उद्यानको संचालन एवं व्यवस्थापनका लागि संघसंग राय माग भए पछि संघले पनि तत्कालै सो उद्यानको निर्माण, संचालन एवं व्यवस्थापनका लागि आफू तैयार रहेको कुरा सहित पत्राचार भए पछि ककनी स्थित तत्कालीन मकैबारी फार्मको करीव १४४ रोपनी जग्गा संघलाई प्रदान भयो । सन् १९९८ लाई नेपाल भ्रमण वर्षको सन्दर्भमै यसलाई पूर्ण रूपमा सम्पन्न गरी एक पर्यटकीय वस्तु (Tourism Product) को रूपमा विकसित गर्ने लक्ष्य लिई संघको रजत महोत्सव वर्ष तथा नेपाल भ्रमण वर्षको उपलक्ष्यमा सन् १९९८ को मे २८ मा तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री आनन्द प्रसाद ढुंगानाबाट यस उद्यानको शिलान्यास भएको थियो ।

संघको आयश्रोतको धेरै जसो हिस्सा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको निर्माण सम्पन्नता तथा संघबाट प्रदान गरिने तालिमहरूमा लगाउन पर्ने बाध्यताले गर्दा उद्यानको निर्माण कार्य लक्ष्य लिईए अनुरूप अगाडि बढ्न सकेन । शुरुका केही वर्षहरूमा त्यहाँको जग्गाको नाप जाँच एवं वातावरणीय सौन्दर्यताको लागि बृक्षारोपण गर्ने कार्यले मात्र निरन्तरता पाए पनि हाल आएर यस उद्यानलाई क्रमबद्ध ढंगले निर्माण कार्य सम्पन्न गर्दै लैजाने उद्देश्यले प्रथम चरणको कार्य अन्तर्गत भूक्षय संरक्षणका लागि पर्खाल लगाउने, प्रवेश द्वार निर्माण गर्ने तथा शौचालय निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

* विश्वनाथ पराजुली, नेपाल पर्वतारोहण संघको केन्द्रीय सचिवालयका अधिकृत हुनुहुन्छ ।



ककनी उद्यान शुभारम्भ कार्यक्रमको उद्घाटन पश्चात् उद्यानको निरीक्षण गर्नुहुँदै माननीय मन्त्री बलबहादुर के. सी. ज्यू

देशको वर्तमान संकटपूर्ण पर्यटन अवस्थालाई दृष्टिगत गर्दै निकट भविष्यमै निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याउने ध्येयले गत मिति २०५९ असार १५ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बल बहादुर के.सी.उपस्थितिमा संघले यस उद्यानको शुभारम्भ गरेको छ। उद्यान निर्माण क्रममा उद्यानमा हिमाल आरोहणका क्रममा दिवंगत भएका संसारभरका पर्वतारोहीहरूको तथ्याङ्क संकलन गरी उनीहरूको स्मरणमा स्तम्भ निर्माण गरिने लक्ष्य लिईएको छ। यसले यस उद्यानलाई सम्पूर्ण पर्वतारोहीहरूका लागि मृतक पर्वतारोहीहरूको सम्झना गर्ने थलोको रूपमा विकसित गर्ने छ।

देशको पर्यटन विकासका लागि आन्तरिक पर्यटनले पनि त्यत्तिकै महत्व बोक्ने भएकोले यस उद्यानलाई आन्तरिक पर्यटनको महत्वपूर्ण स्थानको रूपमा समेत विकसित गर्ने उद्देश्यले यस क्षेत्रमा पिकनिक मनाउने तथा छुट्टी मनाउने स्थलको रूपमा विकास गर्नका लागि त्यसै अनुरूपका संरचनाहरूको निर्माण गरिने लक्ष्य लिईएको छ।


काठमाडौंबाट नजिकै रहेको मनोरम स्थलहरूमध्ये पर्ने ककनी प्राकृतिक छटाहरूले भरिपूर्ण स्थल हो। यहाँको मनोरम हिमाली परिदृष्यहरू तथा अलौकिक भू-बनोट एवं शान्त वातावरणले जो कोहीलाई पनि आकर्षित गर्दछ। सूर्यास्तको दृष्य हेर्नका लागि नेपालका विभिन्न स्थानहरू मध्ये यो क्षेत्रले अत्यन्तै ख्याति पाएको छ। सुन्दर हिमालहरूको दृष्यपानका लागि त छँदैछ त्यस भन्दा पनि यस उद्यानको निर्माणले आफ्ना श्रद्धेय पर्वतारोहीहरूको सम्झनामा एकपल झुक्न तथा उनीहरूको आत्माको चीर शान्तिको कामना गर्नका लागि संसारभरका पर्यटकहरूको देशमा आगमन भई देशको समग्र पर्यटन व्यवसायमा वृद्धि हुन जाने र पर्यटकहरूको नेपाल बसाईको सरदर समयमा समेत वृद्धि हुन जाने कुरामा द्विविधा नहोला। आकर्षक एवं पूर्वाधारहरूले सुसज्जित बनाउने लक्ष्य लिईएको यस उद्यानको निर्माण सम्पन्नताले स्थानीय जनताहरूले आर्थिक तथा सामाजिक रूपमा प्रत्यक्ष लाभ उठाई उनीहरूको जीवनस्तरमा समेत सुधार हुन सक्ने देखिन्छ।

चीर कालसम्म पुस्तौं पुस्तालै पर्वतारोहण क्षेत्रका अविस्मरणीय व्यक्तित्वहरूलाई स्मरण गर्न सक्ने ऐतिहासिक धरोहर स्थलको रूपमा स्थापना हुन लागेको यस उद्यानलाई सम्पूर्णता प्रदान गरी संसारभरका पर्यटकहरूका माझ प्रस्तुत गर्नका लागि नेपाल पर्वतारोहण संघको एकल प्रयासले मात्र संभव हुन नसक्ने भएको हुनाले यस क्षेत्रसंग सम्बन्धित सम्पूर्ण पर्यटन व्यवसायी, राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्तित्वहरू सबै तर्फबाट यसलाई आर्थिक, भौतिक एवं प्राविधिक सहयोग नितान्त आवश्यकता देखिएको छ।

नेपालका विश्व प्रसिद्ध हिमाली चुचुराहरू : पर्वतारोहीका लागि ठूलो आकर्षण केन्द्र

यज्ञराज सत्याल*

नेपालका हिमाली चुचुराहरू संसारका ठूला ठूला हिमच्छादित टाकुराहरूमा गनिएका छन् । यी हिमाली चुचुराहरूले नेपालको प्राकृतिक बनोट र ढाँचामा अद्भूत योगदान प्राप्त गरेको छ । नेपालको भूभाग केही हदसम्म समकोण चतुर्भुज आकारको रहेको र यसले १४७,१८१ स्क्वायर किलोमिटर ढाकेको छ । नेपालको हिमाली भाग लाई मध्य हिमालहरूका दक्षिण पट्टिका ढालको रूपमा मान्न सकिन्छ । यी सबै हिमाली चुचुराहरू हरवखत हिउँले ढाकिरहने हुनाले ज्यादै उग्र र हृदयविदारक छन् ।



गोक्यो रीबाट देखिने सगरमाथा र अन्य हिमशिखरहरू र तालहरू

नेपालको भूमि दक्षिण पट्टि भारतको र उत्तरमा चीन राष्ट्रको सिमाना संग आवद्ध छ । तर नेपालको ज्यादा जसो भाग ठूलो हिम शैलहरू र पहाडहरूले घेरिएका छन् । यी प्राकृतिक बनोटले लगभग ८३ प्रतिशत जमीनको भाग समेटेको छ । केवल १७ प्रतिशत भूभाग दक्षिण पट्टि रहेको तराईले ढाकेको छ । यस हिसावले देशको उचाइ तराईको भूभागबाट १५० मिटर समुद्रको सतहबाट दक्षिण पट्टि अवस्थित छ भने उत्तर पट्टि भने ८८४८ मिटर अग्लो हिमालका चुचुराहरूले घेरेको छ । यसैले नेपालको हिमाली चुचुराहरूले हिमालय श्रृङ्खलाका मध्य भाग रूपी विशाल वृत्तखण्ड लगभग ८०० किलोमिटर सम्म फैलिएर रहेको छ । यी भूभागहरू सधैं हिउँले ढाकिने भएकोले यिनीहरू हिम निवास या हिउँको घर भनिन्छ ।

नेपाल अधिराज्यको उत्तर पट्टि विशाल एवं मनोरम हिम शैल हरू रहेका छन् । यिनमा विश्व प्रशिद्ध हिम चुचुरा सगरमाथा (माउण्ट एभरेष्ट) ८८४८ मिटर ढाकि फैलिएको छ । यो हिम चुचुरो विश्वमा सबैभन्दा अग्लो चुचुरा मानिएको छ । यहाँ यो टाकुरा संगै अरू दश हिम शैलहरू जुन ८५७९ मिटरका भन्दा अग्लो र अन्य दुई सय ४८७७ मिटरका अनगिन्ती टाकुराहरू छन् । यी हिम शैलहरू ४८७७ मिटर देखि ८८४८ मिटर समुद्र सतह देखि माथि रहेका र हिम रेखा भने ४८७७ मिटर सम्म रहेको छ । नेपाल हिम श्रृङ्खला जस्तै कुम्भकरण, जुगल र अन्नपूर्ण हिमाल उत्तर देखि पश्चिम सम्म फैलिएको छ । यसै हिम श्रङ्खलामा विश्वका प्रशिद्ध चुचुराहरू जस्तै सगरमाथा

* यज्ञराज सत्याल पर्यटन विभागका पूर्व उप निर्देशक तथा पर्यटन सम्बन्धी लेखक हुनुहुन्छ ।

(माउण्ट एभरेष्ट) ८८४८ मिटर, कञ्चनजंघा ८५८६ मिटर, मकालु ८४६३ मिटर, धौलागिरी ८१६७ मिटर र अन्नपूर्ण ८०९१ मिटर रहेका छन् । नेपाल हिम श्रङ्खलामा २४० चुचुराहरू छन् जुन ६०९४ मिटर अग्ला रहेका छन् । संसारका अग्ला आठ चुचुराहरू नेपाल हिमालयमा रहेका छन् । यी भूभाग ओगट्ने विशाल एवं मनोरम हिमशैलहरूले अनुपम सौन्दर्य र आकर्षण प्रदान गरेका छन् । यी गगन चुम्बी हिमाली टाकुराहरूले विश्वको ध्यान आकर्षित गर्दै आएको छ ।

पर्वत राज हिमालय नेपालको उत्तरमा पूर्व-पश्चिम भएर फैलेको छ । यिनै हिमालयका फेदिबाट वहेका कोशी, गण्डकी, कर्णाली र यिनका हाँगाहरू सेती, भेरी, मर्स्याङ्दी, काली, सुनकोशी, अरूण, तमोर आदि नदीहरूले भूभागलाई जल प्रदान गरेका छन् । यसको दक्षिण तर्फ नेपालको मध्य भाग सम्मका तल्लो हिमाली क्षेत्रका डाँडा-काँडाहरू उत्तरका विशाल हिमालय पर्वतका समानान्तर भएर फैलेका छन् । यिनै भागमा साना ठूला उर्वर उपत्यकाहरू पनि रहेका छन् ।

नेपालका पहाड-पर्वतमाला लाई चार भागमा बाँड्न सकिन्छ जस्तै १) ट्रान्स हिमालय वा नेपालको उत्तरी सीमावर्ती शैलहरू; (२) विशाल हिमालय पर्वत; (३) महाभारत लेक; र (४) चुरे (सिवालिक) पहाड । विशाल हिम चुचुराहरू विभिन्न श्रृङ्खलाहरूमा जस्तै सगरमाथा, कंचनजंघा, ल्होत्से, मकालु, धौलागिरी, अन्नपूर्ण, मनासलु, चो ओयु, गौरीशंकर आदि अग्ला छन् । यी चुचुराहरू एउटै श्रृङ्खलामा रहेका चुचुरा नभई विभिन्न नामका श्रृङ्खलाहरूका भागमा रहेका छन् । यी चुचुराहरू पर्वतारोहीहरूका लागि आकर्षण मात्र नभई एक हाँकको रूपमा पनि रहेका छन् । हरेक साल विश्वका विभिन्न क्षेत्रबाट पर्वतारोहीहरू यी अग्ला चुचुराहरू आरोहण गर्न आउँछन् । विश्वको सर्वोच्च चुचुरा सगरमाथाको आरोहण गर्न आउने कैयौं साहसी पर्वतारोहीहरूले यहाँ प्राण पनि गुमाएका छन् । सगरमाथाको आरोहण अभियान सन् १९२२ देखि शुरु भएको हो । सगरमाथाको चुचुरामा पहिलो पल्ट सन् १९५३ मा ब्रिटिश अभियान अन्तर्गत सर एड्मण्ड हिलारी र तेञ्जिङ्ग नोर्गे नेपाली शेर्पा पुगेका थिए । यस प्रकार नेपाल आज पर्वतारोहणको प्रमुख केन्द्र बनिसकेको छ ।

यहाँ नेपालको पूर्व सीमादेखि पश्चिमी सीमासम्म रहेका अग्ला टाकुराहरू जुन विश्व पर्वतारोहण अभियानको दृष्टिकोणले प्रशिद्ध छन् क्रमशः तल यिनको छोटो रूपमा वर्णन गरिएका छन् :-

१) कञ्चनजंघा हिमालले नेपालको पूर्वी सीमा रेखाको रूपमा लिएको छ र नेपाल र भारतको सिक्किमलाई छुट्याएको छ । यसले विश्वको तेश्रो अग्लो चुचुरो हुने सौभाग्य प्राप्त गरेको छ ।

२) कुम्भकर्ण हिमाल खुम्बु हिमालको पूर्व पट्टि रहेको छ र यस श्रृङ्खलाको प्रशिद्ध चुचुरा मकालु हो । विश्वको पाँचौं अग्लो शिखर हो मानिएको छ ।

३) सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्ने खुम्बु हिमाललाई महालंगुर पनि भन्दछन् । यो श्रृङ्खला वरुण नदीदेखि दुधकोशीसम्म या रोल्वालिंग हिमालदेखि पूर्व कुम्भकर्ण हिमालयसम्म फैलिएको छ । यसै ठाउँमा शेर्पाहरूको गाउँ नाम्चेबजार छ । यो श्रृङ्खला विश्वको सर्वोच्च टाकुरा सगरमाथा (माउण्ट एभरेष्ट) पर्दछ । खुम्बु हिमालयका अन्य चुचुराहरूमा ल्होत्से (विश्वको चौथो अग्लो शिखर), चो ओयु, नुप्त्से, आमादब्लम आदि हुन् ।

रोल्वालिंग हिमाल खुम्बु श्रृङ्खलादेखि पश्चिम र चोवा भामार पर्वतदेखि पूर्वमा पर्छ । यस हिमालको सर्वोच्च टाकुरा गौरीशंकर हो । यो ७१४५ मिटरको छ । भगवान शिव र पार्वतीको नामबाट यो श्रृङ्खलाको नामाकरण गरिएको छ । यस वाहेक यो श्रृङ्खलामा मेनलुंग्त्से, चाबुत्से आदि चुचुराहरू छन् ।


अन्य हिमालयका श्रृङ्खलाहरूमा जुगल हिमाल भोटेकोशीको पश्चिम लाडटाङ हिमालसम्म फैलेको छ । यसै गरी जुगल हिमालको पश्चिमपट्टि लाडटाङ हिमाल पर्छ । गणेश हिमाल अर्को हिमाल बुढी गण्डकी नदीको माथिल्लो भूभागको पूर्व र चिमिले खोला (त्रिशुली नदीको एक शाखा) को पश्चिममा पर्छ । यो हिम श्रृङ्खला काठमाडौं उपत्यकाबाट देखिने हिम शैल मध्ये एक हो । यस प्रकार अन्य चुचुराहरूमा गोर्खा हिमाल र गोर्खा हिमालको पश्चिममा रहेको अन्नपूर्ण हिमाल, धवलागिरी हिमाल काली गण्डकी नदीको पश्चिममा र ठूलो भेरी नदीको पूर्वमा पर्दछ । धवलागिरी हिमालको सवभन्दा अग्लो एवं प्रशिद्ध चुचुरा धवलागिरी हो र यसको उचाइ ८१३० मिटर छ । मध्य नेपालको यो सवभन्दा अग्लो चुचुरा हो । यस्तै कान्जिरोवा हिमाल कर्णाली नदीको पूर्व र वारवुग खोला (भेरीको सहायक) सम्म फैलेको छ । यस पछि सैपाल र व्यास ऋषि हिमाल दुवै नेपाल हिमालयको पश्चिमी श्रृङ्खला हुन् । यी कर्णाली र महाकाली नदीको बीचमा अवस्थित छन् । व्यास ऋषि हिमाल नेपाल हिमालयको

पश्चिमी भागको अन्तिम हिमाल श्रृङ्खला हो ।

यस प्रकार नेपाल हिमालयमा पूर्वदेखि पश्चिम सम्म धेरै अन्य चुचुराहरू छन् जस्को नामाकरण सम्म गरिएको छैन । माथि लेखिएका नेपालको हिम श्रृङ्खलाहरू विश्वभर ख्याति प्राप्त चुचुराहरू हुन् । प्रत्येक वर्ष प्रायः वसन्त, गृष्म र शरद ऋतुमा नेपालका यी सबै जसो चुचुराहरूमा विदेशी आरोहण कर्ताहरू पर्वतारोहण गर्न उत्सुक देखिन्छन् ।

नेपालका विश्व प्रशिद्ध हिमाली चुचुराहरूले नेपालको गौरव बढाउनको लागि प्रशिद्ध रहेका छन् । पर्वतारोहीका लागि मात्र होईन विदेशी पर्यटकहरूका लागि पनि प्रेरणाको श्रोतका रूपमा रहेका छन् । विश्वका आठ वटा भन्दा बढी अग्ला चुचुराहरू नेपाल हिमालयमा पर्दछन् । पश्चिम नेपालको भव्य धवलागिरी हिमाल मोहक दृष्यको लागि प्रशिद्ध छ । पोखराको प्रशिद्ध फेवाताल र अन्नपूर्ण दोश्रो श्रृङ्खलाको आफ्नै मोहक सोन्दर्य छ । साँच्चै भन्ने हो भने पर्यटकहरूको संख्यामा वृद्धि हुनाको एक प्रमुख कारण यिनै चुचुराहरूको भूमिका रहेको छ ।

नेपालमा पर्वतारोहणका लागि विश्वका पर्वतारोहीहरू सदा लालायित छन् र सदा रहन्छन् पनि । अहिले राजदरबारमा भएको जुन १ तारीखको काण्ड र सेप्टेम्बर ११ मा अमेरिकामा भएको आततायीहरूको काण्डले गर्दा संसार भर नै पर्यटकहरूको आगमन कम भएको समयमा देशमा शान्ति सुरक्षा नीति लागु गरिएको र माओवादीहरूका आतंकवाद लाई हटाउने कार्य भईरहेका कारण २००२ सालको नेपालमा पर्यटकहरू आगमन तथ्याङ्क ४८ प्रतिशतले कम रहन गएको छ र यो तथ्याङ्क गएको साल संग दाँजिएको छ । यसो भएतापनि अहिले पर्यटकहरू आगमनमा ह्रास भएको समयमा पनि पर्वतारोहणमा कुनै कमी रहन गएको छैन । यसले पनि विश्वका पर्वतारोहणकर्ताहरू नेपालका उच्च चुचुराहरू आरोहण गर्न सदा उत्सुक रहेको देखिन्छ । आन्तरिक पर्यटनको विकासको लागि पनि यी चुचुराहरूको व्यापकता र विविधता विशाल छ । स्थानीय मानिसलाई पनि व्यवसाय र साथै मनोरञ्जन चाहिन्छ । पर्यटनको मूल उद्देश्य नै मनोरञ्जन हो । हामीले अनुभव गरेकै कुरा हो कि नेपाल भ्रमणमा आएका पर्यटकहरू हिमालय आरोहणकर्ता या पर्वतारोहण गर्न आएका भन्दा अरू साधारण घुमफिर गर्न आएका पनि नेपालको मनोरम हिम शिखरहरू हेर्न उत्सुक रहन्छन् । यी साधारण पर्यटकहरू पनि नेपाल भ्रमणमा आए पछि यहाका हिमच्छादित चुचुराहरू हेर्न ज्यादै उत्सुक रहन्छन् । हिम श्रृङ्खलाको मनोरम दृष्य हेर्न नपाए ज्यादै खिन्न रहन्छन् ।



SERGIY GUTIYEV

पदयात्रीहरू अधि बढ्ने तर्खरमा

नेपाल भ्रमणमा आउने प्रत्येक पर्यटकहरू आफ्नो मन मस्तिष्कमा नेपालको मान चित्रमा हिमालयका चुचुराहरूले ढाकिएको देशको वस्तुस्थिति उतारेका हुन्छन् । यसैले उनीहरू हिमालयको मनोरम दृष्य हेर्न उत्सुक र लालायित रहन्छन् । हुन पनि नेपाल एक प्रकृतिले सजाएको रमणीय देश हो र यहाँ हराभराको साथै रमणीय हिउँका चुचुराहरूले सदा मानिसलाई आकर्षित गरेको र कालान्तर सम्म पनि आकर्षण गरिरहने छ ।

नेपाल पर्वतारोहण संघबाट संचालित विभिन्न तालिमहरू

१९७९-२००२

Year	Basic Mt. Training	Advance Mt. Training	Basic Rock Training	Advance Rock	Trek Tour Leader	Junior Basic Training	Female Training
1979	20	-	-	-	-	-	-
1980	45	-	-	-	-	-	-
1981	46	-	-	-	-	-	-
1982	24	-	-	-	-	-	-
1983	-	-	-	-	-	-	-
1984	30	7	-	-	-	-	-
1985	24	11	-	-	-	-	-
1986	31	9	-	-	-	-	-
1987	30	15	-	-	-	-	-
1988	-	-	-	-	-	-	-
1989	31	22	-	-	-	-	-
1990	30	17	-	-	-	17	-
1991	29	13	-	-	30	-	-
1992	33	17	-	-	-	-	-
1993	-	-	-	-	-	-	-
1994	30	-	-	-	-	-	-
1995	32	-	-	-	-	-	-
1996	-	-	-	-	-	-	-
1997	13	11	-	-	-	-	-
1998	16	13	29+34	-	-	-	-
1999	-	16	-	7	-	-	15
1999	31	-	-	-	-	-	-
2000	32	11	12	-	-	-	13
2000	15 (Singaporean Student)						
2000/01		17					15
2001		11					
2001	32						
2002							16
Total	574	190	75	7	30	17	59

Grand Total 952

विभिन्न महादेशहरूमा अवस्थित उच्च शिखरहरू

Continent	Mountain/Range/Location	Height meter	Height feet	First to Summit	Date/Nationality
Asia	Mount Everest Himalaya/ Nepal	8,848	29,028	Edmund Hillary Tenzing Norgay	May 29, 1953 Nepal/New Zealand
South America	Mount Aconcagua Andes/ Argentina	6,960	22,834	Matthies Zurbriggen	1897
North America	Mount Kinley Alska Range/ Alaska, USA	6,194	20,320	Harry Karstens Walter Harper Robert Tatum Hudson Stuck	1913
Africa	Mount Kilimanjaro Tanzania	5,895	19,340	Hans Meyer Ludwig Purtscheller	1889
Europe	Mount Elbrus Kabardino-Balkaria Caucasus/Russia	5,642	18,510	F Crauford Grove F Gardiner H Walker A Sottajer P Knubel	1874
Antarctica	Mt. Vinson Massif Santinal Range/Antarctica	4,897	16,066	Barry Carbet John Evans Bill Long Pete Schoening	1966
Australia	Mt. Jaya (Carstensz Pyramid) Sudirman Range/New Guinea	4,884	16,024	Heinrich Harrer Philip Temple Russel Kippax Albert Huizenga	1962

के तपाईलाई थाहा छ ?

- नेपाल अधिराज्यभित्र आरोहणका लागि खुल्ला गरिएका कुनै पनि हिउँ चुली अनुमति प्राप्त नगरी आरोहण गर्नु गराउनु गैर कानूनी कार्य हो ।
- नेपाल अधिराज्यभित्र आरोहणका लागि खुल्ला नगरिएका कुनै पनि हिमशीखरहरू आरोहण गर्नु गराउनु पनि गैर कानूनी हो ।
- यदि तपाईंको जिम्मामा भएको विदेशी नागरिकले गैर कानूनी ढंगले पर्वतारोहण कार्यमा संलग्न भएको भेट्टाइएमा उक्त व्यक्ति र तपाईं समेतलाई कानूनी कारवाही हुन सक्छ ।
- गैर कानुनी आरोहण कार्य नियन्त्रणको लागि वेला वखतमा कुनै पनि अधिकार प्राप्त संघ-संस्थावाट वा निजको प्रतिनिधिवाट वा राष्ट्रिय निकुञ्ज का कर्मचारीहरूवाट तपाईं वा तपाईंको जिम्मामा रहेको विदेशीको आरोहण अनुमतिपत्र जाँच गर्न सक्नेछ ।
- तपाईले प्रयोग गरेको सामानवाट उत्पादित फोहर मैला हिमालमा छाड्नु नैतिक अपराधको साथै कानूनी अपराध पनि हुन सक्दछ ।
- नष्ट गर्न सकिने खालका सामान सगरमाथा प्रदुषण नियन्त्रण समिति (SPCC) र अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (ACAP) ले निर्दिष्ट गरेको स्थानमा लगी जलाउनुहोस् र अन्य फोहरहरू, जस्तै क्यामराको ब्याट्री आदि विदेशीलाई आफ्नो देशमा फर्काई लान अनुरोध गर्नुहोस् ।
- नेपाल अधिराज्यमा भ्रमण गर्दा नेपाल अधिराज्यकै नियम कानूनको पालना गर्नुपर्दछ ।

तपाईंको सहयोगको लागि धन्यवाद !

नेपाल पर्वतारोहण संघ

पहाड तथा पर्वतका आँसु कसले देख्ला ?

पुष्कर माथेमा*

पहाड तथा पर्वतका विशालता सिङ्गो मानव सभ्यतालाई अटाउनसक्ने न्यानो काखका रूपमा रहेको छ । नेपालको सन्दर्भमा मात्रै कुरा गर्ने हो भने करीब एक करोड नेपालीको वासस्थानका रूपमा रहेका छन् यहाँका पहाड तथा पर्वतहरू, जीवनको प्रमुख आधारका रूपमा रहेका अविरल जलस्रोतको उद्गमस्थलका रूपमा रहेका छन् यहाँका पहाड तथा पर्वतहरू रहेका छन् विश्वमै दुर्लभ बहुउपयोगी जैविक विविधताको अतुलनीय सङ्ग्रहालयका रूपमा । विगतमा विशाल, अभेद्य, अटल, अपराजेयी, दृढताको प्रतीकका रूपमा पहाड तथा पर्वतलाई लिने गरिन्थ्यो । अझै पनि भन्ने गरिन्छ - पहाड जस्तो छाती, पहाड जस्तै अटल, पहाड जस्तै बलियो । हिजोआजको पहाडको अवस्थालाई हेर्दा ती उपमाहरूमाथि एकपटक विचार गर्नुपर्ने हो कि भन्ने अनुभव हुन थालेको छ । कारण एउटै छ - स्वकेन्द्रित मानवीय क्रियाकलापका रूपमा सल्बलाएका धमिराहरूले पहाड तथा पर्वतहरूलाई खोक्रो बनाउँदै लगेको छ । प्राकृतिक वातावरणलाई सन्तुलित पार्नमा अहम् भूमिका निर्वाह गरिरहेको पहाड तथा पर्वत स्वयम्को पारिस्थितीय प्रणाली असन्तुलनको शिकार भइरहेको छ ।

भूपरिवेष्ठित पहाडी राष्ट्रका रूपमा परिचित नेपालको कुल भू-भागको २५.२१ प्रतिशत पहाडी क्षेत्रले तथा ४१.६८ प्रतिशत हिमाली क्षेत्रले ओगटेर बसेको छ । यति विशाल पहाड तथा पर्वतीय क्षेत्र आजव जति शोषित विगतमा कहिल्यै हुन परेको छैन । यो क्षेत्र अनियन्त्रित बसोबास, अतिचरिचरन, अव्यवस्थित तथा अवैज्ञानिक भू-उपयोग जस्ता मानवीय गतिविधिको मारका कारण निरन्तर घाइते बन्दै आएको छ भने यसको परिणतिस्वरूप भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरू यहाँको नियमित नियति भइरहेको छ । यसको नकारात्मक प्रभावको पीडा सिङ्गो राष्ट्रले चुकाउन परिरहेको छ ।

यसैगरी कस्तुरी मृगलाई प्रकृतिले प्रदान गरेको सुगन्धात्मक विशेषता कस्तुरी मृग स्वयंको लागि अभिसाप भइरहे जस्तै पहाड तथा पर्वतले प्रकृतिका पाएको सम्पन्नता तथा सुन्दरता आफ्नै लागि समस्याको कारण भइरहेको छ । यसको सौन्दर्यको सान्निध्यताका लागि आउने पर्यटकहरूबाट हुने पदयात्रा तथा पर्वतारोहण जस्ता गतिविधिका कारण यहाँको प्राकृतिक स्रोतको दोहनमात्रामा तीव्रता आएको छ भने स्थल तथा जल प्रदूषणको समस्या पनि चर्किदै गइरहेको छ । हिमालको चर्चा अब फोहोरको थुप्रोसँग जोडिन थालेको छ भने पदयात्राको दिशा अब पेय पदार्थका बोटलहरूले गर्न थालेका छन् । विगतमा निश्चित समयमा पनि हिमाल आरोहण गर्न पाइने व्यवस्था भएकोमा यसपटकको पर्वतारोहण नियमावली संशोधनले कुनैपनि बेला कुनैपनि हिमाल आरोहण गर्ने अनुमति लिन सकिने व्यवस्था गरिएबाट हिमालको कञ्चनता अझ बढी सङ्कटमा पर्ने पूर्वानुमान गर्न सहज भएको छ ।


प्राकृतिक सन्तुलन कायम गर्नमा तथा मानवीय अस्तित्वको जगेना गर्नमा पानी, वन, जैविक विविधता, खनिज पदार्थ जस्ता अमूल्य प्राकृतिक स्रोतहरूको वासस्थानका रूपमा यस क्षेत्रले पुऱ्याउँदै आएको बहुआयामिक योगदानकै कारण यसको दिगो विकासका लागि संयुक्त राष्ट्रसङ्घले विशेष जोड दिँदै आएको छ । पृथ्वी सम्मेलन - १९९२ द्वारा दिगो विकासका लागि मार्गनिर्देशिकाका रूपमा पारित 'एजेण्डा २१' मा पहाड तथा पर्वतको दिगो विकास तथा संरक्षणका लागि अध्याय १३ सिङ्गै समर्पित गरिएको छ । यसैगरी संयक्त राष्ट्रसङ्घको आह्वानमा यस वर्षलाई अन्तर्राष्ट्रिय पर्वत वर्षका रूपमा मनाउँदै गरिएबाट पनि यसको महत्वमाथि प्रकाश परेको छ । नेपालले पनि पहाडी तथा पर्वतीय संरक्षण क्षेत्रहरूमध्ये १० वटा अर्थात् रारा राष्ट्रिय निकुञ्ज, शे फोक्सुण्डो राष्ट्रि निकुञ्ज, अन्नपूर्ण संरक्षण क्षेत्र, लाङ्गटाङ्ग राष्टिय् निकुञ्ज, सगरमाथा राष्टिय् निकुञ्ज, मकालु-वरुण राष्टिय् निकुञ्ज, शिवपुरी संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष, खप्तड राष्ट्रिय निकुञ्ज तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र पहाडी तथा पर्वतीय क्षेत्रमै रहेका छन् । तर पहाड पर्वतको संरक्षणका लागि यति हुनु नै पर्याप्त भने होइन । एजेण्डा-२१ अनुरूप दिगो विकाससम्बन्धी राष्ट्रिय योजना तयार गर्ने जिम्मेवारी पृथ्वी

* पुष्कर माथेमा गोरखापत्र दैनिकको सह-सम्पादक हुनुहुन्छ ।

सम्मेलनमा सहभागी भएका सबै राष्ट्रको भए पनि सो सम्मेलन सम्पन्न भएको दश वर्षपछि मात्र नेपालले नेपालका लागि दिगो विकास एजेण्डा तयार पारेको छ भने संरक्षण क्षेत्रभित्रका पहाड तथा पर्वतहरू केही हरियो देखिए पनि बाहिरका क्षेत्रको अवस्था भने सौतेला छोराको जस्तो देखिएको छ ।

तसर्थ दिगो विकासका क्षेत्रमा महत्वपूर्ण योगदान दिन सक्षम पहाड तथा पर्वतको दिगोपनालाई कायम गर्ने हो भने समग्र पर्वत तथा पहाड क्षेत्रलाई समेट्ने खालको ठोस नीति तथा कार्ययोजना आवश्यक देखिन्छ । यसको विनाशका लागि यस क्षेत्रमा वसोवास गर्ने गरेका जनताको आर्थिक विकाससँग पनि गाँसेर हेर्नुपर्ने आवश्यकतालाई पनि गौण मान्न सकिँदैन । त्यसैले संरक्षण कार्यक्रमलाई आयमूलक कार्यक्रमसँग एकीकृत गरी अगाडि बढाउनु बढी प्रभावकारी हुने देखिन्छ । यसैगरी पर्वतीय क्षेत्रका जनतामा निहित परम्परागत ज्ञान तथा प्रविधि यस क्षेत्रको संरक्षणको लागि प्रभावकारी हुँदै आएकोले संरक्षणका नाममा जटिल प्रविधिहरू लाद्नुभन्दा स्थानीय प्रविधिलाई नै प्रोत्साहित गर्दै आवश्यक परिमार्जनसहित परिचालन गर्नु लाभदायी हुनसक्छ । विकल्पको अभावमा अदिगो शैलीमा स्रोतको उपभोग गर्नु स्वभाविक देखिए पनि त्यसकिसिमको उपभोग शैलीबाट अल्पकालीन तथा दीर्घकालीनरूपमा व्यक्ति, समाज तथा सिङ्गो राष्ट्रलाई नै पर्ने असरबारेमा जनचेतना अभिवृद्धि गर्न सकिएमा जनता आफै विकल्प खोज्न हौसिने सम्भावनालाई नकार्न सकिँदैन ।

हिजोको स्वस्थ अवस्थामा आजको पहाड तथा पर्वतलाई भोलिको पुस्तामा हस्तान्तरण गर्ने हो भने यस क्षेत्रका रैथाने वासिन्दाहरूका साथसाथै यस क्षेत्रलाई मनोरञ्जनका लागि प्रयोग गर्न जाने पाहुनाहरूको सोच तथा शैलीमा परिवर्तन अनिवार्य छ । पहाड तथा पर्वतबाट लिने मात्र होइन, त्यसलाई केही दिने बानीको विकास आजको पुस्ताले आफूमा गर्न सक्नुपर्छ । गौरवमय पृष्ठभूमिमा ठडिएको पहाड तथा पर्वतको वर्तमान कहालीलाग्दो हुनु वास्तवमै आजको युगका लागि लज्जास्पद कुरा हो । पर्वत तथा पहाडलाई दिगो बनाउनका लागि यिनीहरूको आँखाको आँसु देख्ने आँखा चाहिएको छ ।



PRAMI SHRESTHA

प्रसिद्ध पर्वतारोही आप्पा शेर्पा सन् २००१ मा सगरमाथा सरसफाइ अभियान अन्तर्गत बटुलेर ल्याएका पुराना अक्सिजन सिलिण्डरहरू अवलोकन गर्दै

सगरमाथा एक : कीर्तिमान अनेक


समिध श्रेष्ठ*

विश्वको भूभागमा सवैभन्दा अग्लो भई ठडिएको सगरमाथा सवैको आकर्षणको केन्द्र विन्दु बनेर रहेको छ। समुद्री सतह भन्दा ८८४८ मीटर उचाईमा रहेको सगरमाथा कसैका लागि रहर-शौख त कसैका लागि बाध्यता बनेको छ। यस्तै सगरमाथा कसैका लागि देवता भएको छ भने कसैका लागि समाधिस्थल भएको छ। वास्तवमा सगरमाथा आरोहण एउटा चुनौती नै हो। सन् १९५३ मा तेञ्जिङ्ग नोर्गे शेर्पा र एड्मण्ड हिलारीको सफल आरोहण पछि विश्वमा सगरमाथा प्रतिको आकर्षण दिन प्रतिदिन बढ्दै गएको छ। यहि क्रममा विश्व कीर्तिमान कायम गर्ने सिलसिलामा विभिन्न व्यक्तिहरु अनौठो-अनौठो तरीकाले सगरमाथा आरोहण गरी विजय हासिल गर्न अभ्यस्त छन्। विश्व कीर्तिमान कायम गर्न एक्लै आरोहण गर्ने, दम्पती आरोहण गर्ने, बाबु-छोरा आरोहण गर्ने, पहिलो अपाङ्ग, पहिलो महिला, छोटो अवधिमा पुग्ने, धेरै समय विताउने, नयाँ रुटबाट चढ्ने, धेरै पटक चढ्ने, कम उमेरमा पुग्ने आदि प्रयास गरी विभिन्न प्रकारका कीर्तिमानहरु कायम गरी सकेका छन्।

यहि क्रममा सयौं आरोहीहरु सफल भईसकेका छन् भने कैयौंले आफ्नो जीवन गुमाईसकेका पनि छन्। अझै हेर्दै जानु छ, सगरमाथामा क-कसले के-के कीर्तिमान राख्नेछन्। सगरमाथा बारे कायम भएका केही प्रमुख विश्व कीर्तिमानहरु यस प्रकार छन् जसबाट सगरमाथा आरोहण र यसका कीर्तिमानीहरु बारे जानकारी पाउन सकिन्छ :

१. **सगरमाथामा पहिलो आरोहण प्रयास :**

ब्रिटिश अनुसन्धान (Reconnaissance) दलले सन् १९२१ मा लेफ्टिनेन्ट कर्णेल चार्ल्स होवार्ड ब्यूरीको नेतृत्वमा तर असफल भएको।



२. **सगरमाथामा पहिलो मृत्यु :**

सन् १९२१ मा बेलायतका डा. ए.एम. केल्लास।

३. **पहिलो सफल आरोहण :**

वि.सं. २०१० साल जेठ १६ गते (२९ मे, १९५३) नेपालका तेञ्जिङ्ग नोर्गे शेर्पा र न्यु जिल्याण्डका एड्मण्ड हिलारीले दक्षिणी मोहडा (नेपाल तर्फ) बाट।



४. **पहिलो एक्लो आरोहण :**

वि.सं. २०३७ भाद्र ४ गते (२० अगष्ट १९८०) ईटालीका रेनहोल्ड मेस्नर।




५. **उत्तरतर्फबाट सर्वप्रथम आरोहण :**


सन् १९६० मा चीनका वाङ फु चोयु, गोङपा र चु चिन हाउ।

* समिध श्रेष्ठ, बुढानिलकण्ड स्कुलमा कक्षा ११ का विद्यार्थी हुनुहुन्छ।

६. **प्रथम महिला सफल आरोही :**
जापानकी जुन्को ताबेई - २०३२ जेठ २ गते (२६ मे १९७५) का दिन ।



७. **अक्सिजन विना पहिलो पल्ट सफल आरोहण :**
ईटालीका रेनहोल्ड मेस्नर र अष्ट्रियाका पिटर ह्याब्लरले २०३५ बैशाख २५ गते (८ मे १९७८) ।



पिटर ह्याब्लर

८. **सवैभन्दा कम समयमा (छिटो) शिखरमा पुग्ने :**
- उत्तरी मोहडा (चीन तर्फबाट) वि.सं. २०५३ जेठ ११ गते (२४ मे १९९६) मा ईटालीका हान्स कामर्ल्याण्डरले १६ घण्टा ४५ मिनेटमा ।
- दक्षिणी मोहडा (नेपाल तर्फ) बाट वि.सं. २०५७ जेठ ८ गते (२१ मे २०००) मा नेपालका बाबुछिरी शेर्पाले १६ घण्टा ५६ मिनेटमा ।

९. **शिखरमा सवैभन्दा बढी समय बिताउने :**
नेपालका बाबु छिरी शेर्पाले जेठ ७, २०५६ (२१ मे १९९९) मा २१ घण्टा ।



११. **एकै ऋतुमा दुई पटक शिखर पुग्ने आरोही :**
नेपालका बाबुछिरी शेर्पाले सन् १९९५ र सन् १९९९ का वर्षहरुमा एकै ऋतुमा २-२ पटक शिखरमा पुगेका थिए ।

१२. **उत्तरी र दक्षिणी दुवै मोहडाबाट आरोहण गर्ने पहिलो आरोही :**
जापानका आसु ओकातो ।

१३. **उत्तरी र दक्षिणी मोहडाबाट पहिलो पटक सफल आरोहण गर्ने महिला आरोही :**
दक्षिण अफ्रिकाकी क्याथी ओ' डाउन, सन् १९९६ मा दक्षिण (नेपाल) बाट र सन् १९९९ मा उत्तर (चीन) बाट ।

१४. **सवैभन्दा कान्छा आरोही :**
- दक्षिण मोहडा (नेपाल) तर्फबाट - बैशाख २३, २०३० (५ मे, १९७३) शम्भु तामाङ - १७ वर्ष ७ महिना १४ दिनको उमेरमा ।
- उत्तरी मोहडा (चीन) तर्फबाट - जेठ १०, २०५८ (२३ मे २००१) मा तेम्बा छिरीशेर्पा - १५ वर्ष १५ वर्ष १८ दिनका उमेरमा ।



१५. **सवैभन्दा धेरैपटक सफलताका साथ आरोहण आरोहण गर्ने आरोही :**
नेपालका आप्पा शेर्पाले १२ पटक। पहिलो पटक सन् १९९० मा र पछिल्लो पटक सन् २००२ मा। आप्पाले १२ पटक आरोहण गर्दा एक पटक उत्तरी मोहडा (चीन) बाट र ११ पटक दक्षिणी मोहडा (नेपाल) बाट गरेका थिए।



१६. **शिखरबाट पाराग्लाईड गर्ने पहिलो व्यक्ति :**
सन् १९९८ मा फ्रान्सका जीन मार्क बोईभिन।

१७. **शिखर देखि स्कीबाट ओर्लने पहिलो आरोही :**
स्लोभेनियाका दाभो कार्निकारले आश्विन २९, २०५७ (अक्टोबर ७, २०००) मा शिखरदेखि बेश क्याम्पसम्म स्कीबाट ५ घण्टामा ओर्लेका थिए।



१८. **पहिलो सफल अपाङ्ग आरोही :**
जेष्ठ १३, २०५५ (२७ मे, १९९८) मा संयुक्त राज्य अमेरिकाका टम ह्वीट्याक्कर।

१९. **सवैभन्दा बढी उमेरका आरोही :**
मे २००२ मा जापानका ६५ वर्षिय तोमियासु ईशिकावा।

२०. **शिखर पुग्ने पहिलो विवाहित दम्पत्ति :**
स्लोभेनियाका आन्द्रेज तथा मारिया स्टान्फ्लेजले आश्विन २१, २०४८ (७ अक्टोबर १९९०) मा।

२१. **एकैदिनमा सवैभन्दा बढी संख्यामा आरोहीहरु पुगेको दिन :**
दक्षिणी मोहडा नेपाल पट्टिबाट जेठ २, २०५९ (१६ मे २००२) मा ६१ जना।

२२. **सवैभन्दा धेरै आरोहण गरिएको वर्ष :**
सन् १९९३ मा १२९ जना (नेपाल तर्फबाट)

२३. **सवैभन्दा बढी उमेरकी महिला :**
जापानका तामा कातानावेले ६३ वर्षको उमेरमा जेठ २, २०५९ (१६ मे २००२) मा।

२४. **सवैभन्दा बढी आरोहीहरुको मृत्यु भएको वर्ष :**
सन् १९९६ मा १५ जना।

२५. **सवैभन्दा ठूलो आरोहण दल :**
सन् १९७५ मा ४१० सदस्यहरु भएको चिनिया दल।

२६. **समुद्रदेखि शिखरसम्म हिँडेर पुग्ने प्रथम आरोही :**
अष्ट्रेलियाका टिम म्याकार्टनी स्नेप जसले कोलकाता, भारतको बंगालको खाडीबाट २०४६ माघ २३ गते (फेब्रुअरि ५, १९९०) हिँडेर २०४७ बैशाख २८ गते (मे ११, १९९०) सगरमाथाको शिखरमा पुगेका थिए।

'पर्वतारोहणले मैत्री भावनाको विकास गर्छ'

- सगरमाथा आरोही रामकृष्ण श्रेष्ठ


सन् १९५३ मे २९ का दिन विश्वको सर्वोच्च शिखर सगरमाथाको पहिलो पटक आरोहण हुँदा संसारभर हलचल मच्चिएको थियो । तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारी यी दुई मानव पाइला, पहिलो पटक शिखरमा पुगेका थिए । शिखरमा एडमण्ड हिलारीले तेन्जिङ नोर्गे शेर्पाको तस्वीर खिचेर संसारभरका चुलीहरूको दृश्यपान गरेको इतिहासलाई पछ्याउँदै कैयौं नेपाली दाजुभाइ दिदी बहिनीहरू लगायत विदेशी महिला तथा पुरुषहरू सगरमाथाको आरोहणका लागि कम्मर कसे । कैयौंले ज्यानको बाजी लगाए, कैयौंले ज्यान गुमाए तैपनि सगरमाथा टस मस भएन । मानव समुदायलाई आकर्षित गर्न कहिल्यै पछि परेन । विश्व जन समुदायका लागि साहसिक क्रिडास्थलको रुपमा आकर्षणको केन्द्र विन्दु रहेर कैयौंलाई चुनौती दिए भने अझै पनि यो चुनौतीमा कमी आएको छैन ।

सगरमाथाले कैयौंलाई इज्जत दियो भने कैयौंको जीवन लियो । हाम्रा प्रिय प्रसिद्ध सगरमाथा आरोही बाबुछिरी शेर्पालाई समेत आफ्नो काखमै विलिन गरायो । कुनै पनि सगरमाथा आरोही आरोहण गरेर फेरि फर्केर आउँछु कि आउँदिन भन्ने अनुमान समेत गर्न सक्दैन - सगरमाथाको आरोहण गर्ने क्रममा ।

यस्तो जोखिमपूर्ण तर साहसिक कार्यमा नेपालका सोलुखुम्बु जिल्ला र दोलखा जिल्लाका शेर्पा समुदायको प्रभुत्व नै कायम छ भन्दा अत्युक्ति नहोला । तथापि यदाकदा गैर शेर्पा समुदायको यस किसिमको साहसिक कार्यमा प्रवेश भएको पाइन्छ । यिनै गैर शेर्पाको नाम लिन पर्दा शम्भु तामाङ, नारायण श्रेष्ठहरूको नाम अगाडि आउँछ ।

सगरमाथाका यस्तै चुनौतीलाई सामना गर्ने इच्छा आकांक्षालाई सधैं शेर्पा साथीहरूबाट सुन्दा सुन्दै मोहित हुन पुगे एक दिन रामकृष्ण श्रेष्ठ ।

२०३४ साल पौष ११ गते पिता हरिदास श्रेष्ठ र आमा गंगादेवीका जेष्ठ सुपुत्रका रुपमा काठमाडौंको क्वा बहाल, ठमेलमा जन्मनु भएका रामकृष्णले सन् २००० को



मे २१ का दिन Everest Expedition 2000 A New Record दलमा सहभागी भई २२ वर्षको युवावस्थामा सर्वोच्च शिखर सगरमाथाको दक्षिणी मोहडाबाट प्रथम नेवारका रुपमा शिखरमा पाइला टेक्नु भएको थियो । उहाँ नेवार समुदायको प्रतिनिधित्व गर्न पाउँदा आफूलाई गौरवको अनुभूति भएको कुरा व्यक्त गर्नु हुन्छ ।

आफ्नो आरोहण दलका ४ जना सदस्यहरू चुचुरोमा पुग्न नसकेकोमा आफूले सफल आरोहण गरेर पनि सन्तोष पाइएन, सबैले सामूहिक रुपमा चढ्न पाए झन राम्रो हुने थियो होला भन्नुहुन्छ । आरोहणबाट फर्किदा ब्लू आइसमा परेर चिप्लिंदा अब त सिद्धिए भन्ने जस्तो लागेको थियो तर भगवानको कृपाले गर्दा बाँचिए छ भनी आफू मृत्युको मुखबाट बाँचेको डरलाग्दो अनुभूति स्मरण गर्दै भन्नुभयो ।

सगरमाथा आरोही रामकृष्ण श्रेष्ठ

नाम : **रामकृष्ण श्रेष्ठ**
बाबुको नाम : हरिदास श्रेष्ठ
जन्म मिति र स्थान : वि.स. २०३४।९।११ (ई.स. २६।१२।१९७७), क्वा बहाल, ठमेल, काठमाडौं
ठेगाना : स्वयम्भु, काठमाडौं - १५
अनुभव : क) सन् १९९६ देखि ट्रेकिङ र १९९८ देखि पर्वतारोहणमा
ख) नेपाल पर्वतारोहण संघव्दारा प्रदान गरिने सन् २००१ मा आधारभूत तालिममा प्रशिक्षक
भाषा : नेपाली, अंग्रेजी, हिन्दी र नेवारी
तालिम : नेपाल पर्वतारोहण संघद्वारा प्रदान गरिएको आधारभूत र उच्च पर्वतारोहण तालिमहरू
ट्रेकिङ अनुभव : अन्नपूर्ण क्षेत्र, राउण्ड मुक्तिनाथ, मनाङ, गोक्यो, कालापत्थर, टाशीलाप्चा, गञ्जला पास आदि

रामकृष्ण श्रेष्ठले सफल आरोहण गरेका हिमालहरू :

क्र.सं.	*हिमाल*	*उचाइ*	*वर्ष*
१.	नवल चुली	५९०० मी.	१९९८
२.	पिसाङ चुली	६०९१ मी.	१९९८
३.	फर्चामो चुली	६१८५ मी.	१९९८
४.	मेरा चुली	६६५४ मी.	१९९९
५.	इम्जात्से चुली	६१६० मी.	१९९९
६.	मेरा चुली	६६५४ मी.	१९९९
७.	इम्जात्से चुली	६१६० मी.	१९९९
८.	अमा लाप्चा	६३०० मी .	१९९९
९.	मेरा चुली	६६५४ मी.	२०००
१०.	अमा लाप्चा	६३०० मी.	२०००
११.	याला चुली	५५५० मी.	२०००
१२.	नयाँ काङ्गा	५८४४ मी.	२०००
१३.	सगरमाथा	८८४८ मी.	२०००
१४	मेरा चुली	६६५४ मी.	२००१

सगरमाथाको शिखरमा नेवा नेपाल लेखिएको झण्डा शिखरमा फहराउन पाउँदा सबैभन्दा पहिले भगवान अनि देवी मा र आफूलाई जन्मदिने आमा बुवाको सम्झना गरेको सम्झना गर्नुहुँदै तिब्बत र नेपालको भूभागहरू स्पष्ट रुपमा देख्न पाउँदा भावविभोर भएको कुरा व्यक्त गर्नु हुन्छ । आमादब्लम, मेरा पीकहरू सगरमाथाको टुप्पोबाट हेर्न पाए पनि आफ्ना सहभागी सदस्यहरू बिरामी परेको हुँदा खुशीको क्षणलाई साटासाट गर्न नपाएकोमा दुःख व्यक्त गर्नुहुन्छ ।

रामकृष्णको सानै उमेरदेखि नै शेर्पा साथीभाइहरूसंग संगत परेको हुँदा हिमाल र हिमाल आरोहण र सगरमाथाप्रति रुचि बढ्दै गएको सानैदेखि समाजमा केही गरौं केही बनेर देखाउँ भन्ने भावनाबाट ओतप्रोत भएका आरोही रामकृष्णले आत्मवल, इच्छा, स्वास्थ्य र मौसमले साथ दिएमा सगरमाथाको आरोहण जस्तो कठिन कार्यमा पनि सफलता हासिल गर्न सकिन्छ । उहाँ समाजमा मिलेर काम गर्न सके सफलता हात लाग्न सक्छ भन्ने मान्यता राख्नुहुन्छ । सगरमाथा आरोहणको श्रेय एक्लैले हुँदैन सामुहिक सहयोगमा मात्र सम्भव हुन सक्छ भनेर ठोकुवा गर्नु हुने रामकृष्णले पर्वतारोहणमा सबै सदस्यहरूको बराबरको जिम्मेवारी र उत्तरदायित्व हुन्छ भन्नुहुन्छ । सानो ठूलो भन्ने भेदभाव राख्न हुन्न पर्वतारोहण पेशामा लाग्ने व्यक्तिहरूले । सबै व्यक्ति समान हुन्छन्, कोही पढेलेखेका कोही नपढेका तर सबैको उत्तिकै सहभागिता

आवश्यक रहन्छ। यस पेशामा लागेका व्यक्तिहरू बीच समानताको भावनाले जरो गाडेको हुने हुँदा सानो ठूलो भन्ने भेदभाव नरही मैत्री भावनाको विकास गर्न यो पेशाले मद्दत राख्दछ भन्ने कुरामा विश्वास राख्नुहुन्छ।

अन्नपूर्ण क्षेत्रको पहिलो पदयात्रामा भारी बोकेर यो पदयात्रा पेशामा प्रवेश गर्नुभएका रामकृष्णले सन् १९९८ मा पहिलो पटक ५,९०० मीटर उचाइको नाउर चुलीको सफल आरोहण गर्नु भएको थियो। उहाँले नेपाल पर्वतारोहण संघबाट दिइने पर्वतारोहण सम्बन्धी आधारभूत र उच्च पर्वतारोहण तालिमका साथै उद्धार तथा प्राथमिक उपचारका अति आवश्यक Cardio Pulmonary Resuscitation (CPR) तालिम लिनु भएको छ भने फुर्सदको समयमा Amateur शौखिन पर्वतारोहीहरूलाई तालिम दिने कार्य गर्दै आउनु भएको छ।


आफ्नो साहसिक यात्रालाई निरन्तरता दिने क्रममा हालसम्म १६ पटक विभिन्न चुलीको शिखरमा सफलतापूर्वक आफ्नो पदचिन्ह राख्न सफल हुनुभएको छ। यिनै शीपलाई जीवन्त राख्न साहसिक पर्यटक पेशामा संलग्न रही रहनु अनन्तकालसम्मको लक्ष्य लिनु भएको बताउनु हुन्छ।

सगरमाथाको आरोहण गर्ने क्रममा टीन, आल्मुनियम, जस्तापाता, बोतल, पालका टुक्राहरू छरपस्ट भएर वातावरण प्रदुषण भएको हुँदा पर्वतारोहीहरूले नै समस्याको समाधान गर्नुपर्छ भन्ने धारणा राख्नु हुन्छ युवा पर्वतारोही रामकृष्ण।

नेपाल राष्ट्रिय युवा संघबाट स्वर्ण पदक प्राप्त गर्नुभएका रामकृष्णले विभिन्न संघ संस्थाहरूबाट अभिनन्द कार्य त भयो तर सम्मान केही क्षणिक मात्र भयो। दीर्घकालीन सम्मान हुन सकेन भन्ने गुनासो गर्नुहुन्छ।

हाल नेपाल पर्वतारोहण संघको वातावरण संरक्षण समितिमा रहेर प्रकृतिको सामिप्यतालाई अझ नजीकबाट नियाल्ने तरखर गर्दै हुनुहुन्छ सगरमाथा आरोही रामकृष्ण।

(सगरमाथा आरोही रामकृष्ण श्रेष्ठसंगको *वार्तालापबाट* विनय शाक्यले *तयार गर्नुभएको)*



DAVID HAMILTON

विश्वको दोस्रो सर्वोच्च शिखर काराकोरम (K2). (८६११ मी.) पाकिस्तान

समाचार

आरोहणका लागि अन्य १०३ हिम शिखरहरू खुल्ला

श्री ५ को सरकारले मिति २०५८।९।५ को मन्त्री परिषदको निर्णय अनुसार नेपाल अधिराज्यका थप १०३ वटा हिम शिखरहरू पर्वतारोहणका लागि खुल्ला गरेको छ। यी हिम शिखरहरू गत फाल्गुण १७, २०५८ (१ मार्च २००२) देखि लागु हुने गरी खुल्ला गरिएको हो। यी १०३ वटा समेत गरी हाल सम्म नेपालमा आरोहणका लागि खुल्ला गरिएका हिम शिखरहरूको संख्या २६३ पुगेको छ। श्री ५ को सरकारले प्रचलित व्यवस्था अनुसार प्रत्येक हिमशिखरहरूमा जाने आरोहणका लागि सम्पर्क अधिकृत (Liaison Officer) लैजानु पर्ने व्यवस्थालाई पनि सीमित गरेको छ।

नेपालले मनाइरहेको गन्तव्य नेपाल अभियान २००२-२००३, अन्तर्राष्ट्रिय पर्वतीय पर्यटन वर्ष र सगरमाथाको सफल आरोहण को स्वर्ण महोत्सव वर्ष २००२-२००३ का सन्दर्भमा गरिएको यस निर्णयले नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा पर्यटकीय गतिविधिबाट पर्वतीय पर्यटनका क्षेत्रमा प्रमुख गन्तव्यस्थलको रूपमा विकास गर्न, नेपालको पर्वतीय पर्यटन विकासका दृष्टिले पिछडिएका क्षेत्रको विकासमा थप योगदान पुऱ्याउने र विश्वका पर्वतारोहीहरूमा अझै नेपालको पर्वतारोहण क्षेत्रमा आकर्षित गर्ने आशा गर्न सकिन्छ। श्री ५ को सरकारको यस निर्णयलाई नेपाल पर्वतारोहण संघले सऱ्हानीय कदम भनी हार्दिक स्वागत गरेको छ। संघबाट जारी प्रेस विज्ञप्तिमा भनिएको छ "यसबाट विश्वका साहसिक पर्वतारोहीहरूका लागि नेपाल एउटा आकर्षक क्रिडास्थल हुने कुरामा संघ विश्वस्त छ।" साथै ६५०० मीटर भन्दा कम उचाइका हिमशिखरहरूमा सम्पर्क अधिकृत लैजानु पर्ने व्यवस्था खारेजीबाट थप आर्थिक भार नहुने हुँदा आरोहण गतिविधिमा उल्लेख्य बृद्धि हुने कुरामा संघले विश्वास लिएको कुरा प्रेस विज्ञप्तिमा उल्लेख छ।

श्री ५ को सरकारले आरोहणका लागि खुल्ला गरेका नयाँ हिमशिखरहरूको नाम, उचाइ, श्रृङ्खला, क्षेत्र तथा आरोहण मार्ग निम्न प्रकार छन् :

S.No.	Name	Height	Himal	Region	Route
1.	Mt. Rokapi	5467m	Saipal	Bajhang	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
2.	Mt. Dhaulagi*	6632m	Saipal	Bajhang (Via Seti Khola)	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
3.	Mt. Korko	6153m	Saipal	Bajhang (Via Seti Khola)	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
4.	Mt. Khiuri Khala	5806m	Saipal	Bajhang (Via Seti Khola)	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
5.	Mt. Roma	5407m	Saipal	Bajhang (Via Seti Khola)	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
6.	Mt. Nampa II*	6700m	Gurans	Darchula-Bajhang	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
7.	Mt.Nampa III*	6618m	Gurans	Darchula-Bajhang	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
8.	Mt. Yokopahar (Nampa 7)	6401m	Gurans	Darchula-Bajhang	Ktm.-Nepalgunj-Bajhang-Bajura-BC
9.	Mt. Kang Nagchugo*	6735m	Gaurishankar	Dolakha	Ktm.-Chankot-Simi Goun-Beding BC or Via Lama Bagar
10.	Mt. Bamong	6400m	Gaurishankar	Dolakha	Ktm.-Chankot-Simi Goun-Beding BC or Via Lama Bagar
11.	Mt. Chekigo	6257m	Gaurishankar	Dolakha	Ktm.-Chankot-Simi Goun-Beding BC or Via Lama Bagar
12.	Mt.Dingjung Ri	6249m	Gaurishankar	Dolakha	Ktm.-Chankot-Simi Goun-Beding BC or Via Lama Bagar or Namche-Thame- Nangpala
13.	Mt. Ganesh VI	6480m	Ganesh Himal	Gorkha	Ktm.-Gorkha-Arughat-Dovan-BC
14.	Mt. Tobsar Peak	6100m	Siringi Himal	Gorkha	Ktm.-Gorkha-Arughat-Sama Goun-BC
15.	Mt. Larkya Peak	6010m	Manaslu	Gorkha	Ktm.-Gorkha-Arughat-Sama Goun-BC
16.	Mt. Nar Phu	5748m	Peri	Gorkha	Ktm.-Gorkha-Arughat-Sama Goun-BC
17.	Mt. Tso Karop Kang*	6556m	Kanjiroba	Humla	Ktm.-Nepaljung-Humla-BC
18.	Mt. Lhayul Peak	6397m	Api Himal	Humla	Ktm.-Nepaljung-Humla-BC
19.	Mt. Changwatnang	6125m	Chandi Himal	Humla	Ktm.-Nepaljung-Humla-BC
20.	Mt. Himjung*	7140m	Peri	Manang	Ktm.-Dumre-Koto- Nar Phu-BC
21.	Mt. Gvaiikang*	7038m	Peri	Manang	Ktm.-Dumre-Koto- Nar Phu-BC
22.	Mt. Panbari*	6887m	Peri	Manang	Ktm.-Dumre-Koto- Nar Phu-BC
23.	Mt. Tilie	5697m	Peri	Manang	Ktm.-Dumre-Koto- Nar Phu-BC
24.	Mt.Chhubohe Peak	5603m	Annapurna	Manang	Ktm-Beshisahar-Koto-BC
25.	Mt. Pokharkan	6346m	Damodar Himal	Manang/Mustang	Ktm-Dumre-Koto-Nar-Phu-BC
26.	Mt. RatnaChuli*	7128m	Peri Hamal	Manang	Ktm-Dumre-Koto-Nar-Phu-BC
27.	Mt. Khumjung*	6599m	Damodar Himal	Mustang	Ktm-Pokhara-Jomsom-Lomanthang-BC
28.	Mt.Chhiv Himal*	6581	Damodar Himal	Mustang	Ktm-Pokhara-Jomsom-Lomanthang-BC
29.	Mt.Jomsom Himal*	6561m	Damodar Himal	Mustang	Ktm-Pokhara-Jomsom-Lomanthang-BC or via Manang
30.	Mt.Hongde*	6556m	Damodar Himal	Mustang	Ktm-Pokhara-Jomsom-French Pass-Hongde-BC or via Beni-BC
31.	Mt. Putrung	6465m	Damodar Himal	Mustang	Ktm-Pokhara-Jomsom-Lomanthang-BC or via Manang

सलामी दस्तुरमा आंशिक एवं पूर्ण छुट

श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गन्तव्य नेपाल अभियान २००२-२००३, सगरमाथा सफल आरोहणको स्वर्ण महोत्सव समारोह र अन्तर्राष्ट्रिय पर्वतीय पर्यटन वर्ष २००२ को सन्दर्भमा नेपाल अधिराज्यका ६० वटा हिमशिखरहरूमा लाग्ने विद्यमान सलामी दस्तुरमा आंशिक एवं पूर्ण छुट दिने निर्णय गरेको छ। पर्वतारोहणका लागि खुल्ला गरिएका तर पर्वतारोहीहरू आकर्षित नभएका अधिराज्यका विभिन्न ४० वटा हिमशिखरहरूमा पर्वतारोहण गर्न आउने सबै पर्वतारोही दलहरूलाई प्रोत्साहन स्वरूप मार्च २००२ देखि मार्च २००५ सम्म ३ वर्ष अवधिका लागि विद्यमान सलामी दस्तुरमा ७५ प्रतिशत रकम छुट दिने र पर्यटन गतिविधिले तुलनात्मक रूपमा पछाडि परेको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने विभिन्न २० वटा हिमशिखरहरूको आरोहणका लागि आउने सबै पर्वतारोही दलहरूलाई सोही ३ वर्ष अवधिका लागि विद्यमान सलामी दस्तुरमा शतप्रतिशत छुट दिने निर्णय गरेको छ। मन्त्रालयले सो निर्णय श्री ५ को सरकार मन्त्री परिषदको मिति २०५८ पौष १२ गतेको बैठकको निर्णय अनुसार गरेको हो। सलामी दस्तुरमा आंशिक र पूर्ण छुट गरिएका हिमशिखरहरूको नाम, उचाई, जिल्ला र अञ्चल निम्न प्रकार छन् :

शत प्रतिशत सलामी दस्तुर छुट गरिएका शिखरहरु :

S.No.	Name of the Peak	Altitude in Meter	District	Zone
1	Fimkof	6697	Bajhang	Seti
2	Fimkof West	6645	Bajhang	Seti
3	Raksha Urai	6593	Bajhang	Seti
4	Surma-Sarovar, North	6523	Bajhang	Seti
5	Api	7132	Darchula	Mahakali
6	Api West	7100	Darchula	Mahakali
7	Saipal	7031	Darchula	Mahakali
8	Saipal, East	6882	Darchula	Mahakali
9	Jethi Bahurani	6850	Darchula	Mahakali
10	Bobaye	6808	Darchula	Mahakali
11	Nampa	6755	Darchula	Mahakali
12	Nampa, South	6580	Darchula	Mahakali
13	Rokapi	5467	Bajhang	Seti
14	Korko	6053	Bajhang	Seti
15	Roma	5407	Bajhang	Seti
16	Dhaulagiri	6632	Bajhang	Seti
17	Khiuri Khala	5806	Bajhang	Seti
18	Nampa II	6700	Darchula-Bajhang	Mahakali/Seti
19	Nampa III	6618	Darchula-Bajhang	Mahakali/Seti
20	Yokopahar (Nampa 7)	6401	Darchula-Bajhang	Mahakali/Seti

७५ प्रतिशत सलामी दस्तुर छुट गरिएका शिखरहरु :

S.No.	Name of the Peak	Altitude in Meter	District	Zone
1	Bhemdang Ri	6150	Rasuwa	Bagmati
2	Leonpo Gang (Big White Peak)	6979	Rasuwa	Bagmati
3	Gandharava	6248	Kaski	Gandaki
4	Gyalzen Peak	6151	Rasuwa	Bagmati
5	Bhairab Takura (Madiya Peak)	6799	Rasuwa	Bagmati
6	Nepal Peak	6910	Taplejung	Mechi
7	Phurbi Chyachu	6631	Rasuwa	Bagmati
8	Ohmi Kangn	6829	Taplejung	Mechi
9	Kirat Chuli (Tent Peak)	7365	Taplejung	Mechi
10	Urknmang	6151	Rasuwa	Bagmati
11	Kang Sar Kang	7485	Kaski	Gandaki
12	Baudha	6672	Kaski	Gandaki
13	Cheo Himal	6820	Kaski	Gandaki
14	Chobuje	6685	Dolakha	Janakpur
15	Churen	7371	Mustang	Dhaulagiri

16	Dhaulagiri II	7751	Mustang	Dhaulagiri
17	Dhauligiri III	7715	Mustang	Dhaulagiri
18	Dhaulagiri V	7618	Mustang	Dhaulagiri
19	Dhaulagiri Vi	7268	Mustang	Dhaulagiri
20	Ganesh IV	7052	Rasuwa	Bagmati
21	Ganesh V	6986	Rasuwa	Bagmati
22	Tripura Hiunchuli	6563	Humla	Karnali
23	Himalchuli E.	7893	Gorkha	Gandaki
24	Himalchuli West	7540	Gorkha	Gandaki
25	Himalchuli N.	7893	Gorkha	Gandaki
26	Hongde	6556	Humla	Karnali
27	Jagdula Peak	5764	Humla	Karnali
28	Shey Shikhar	6139	Humla	Karnali
29	Kangbachen	7903	Taplejung	Mechi
30	Kanjiroba	6883	Humla	Karnali
31	Khatang	6782	Dolakha	Janakpur
32	Lamjung Himal	6983	Gorkha	Gandaki
33	Lobuje West	6145	Solukhumbu	Sagarmatha
34	Manapathi	6380	Mustang	Dhaulagiri
35	Ngogumbakang	7743	Solukhumbu	Sagarmatha
36	Shartse	7459	Solukhumbu	Sagarmatha
37	Sisne	5849	Humla	Karnali
38	Tso Karpo	6518	Dolpa	Karnali
39	Lemgpo Peak (Piramid Peak)	6954	Taplejung	Mechi
40	Gyajikang	7038	Gorkha	Gandaki

नयाँ 'पर्वतारोहण सम्बन्धी नियमावली २०५९' जारी

श्री ५ को सरकारले पर्वतारोहण सम्बन्धी क्रियाकलापहरू परिवर्तित समय अनुसार बढी आकर्षक र सरल बनाउने उद्देश्यले हालै नयाँ "पर्वतारोहण सम्बन्धी नियमावली २०५९" लागु गरेको छ। यो निमायमालीले "पर्वतारोहण सम्बन्धी नियमावली २०३६" लाई प्रतिस्थापित गरेको छ।

नयाँ "पर्वतारोहण सम्बन्धी नियमावली २०५९" मा विद्यमान पर्वतारोहण ऋतु सम्बन्धी अवधारणालाई हटाई वर्ष भरि नै पर्वतारोहण गतिविधि संचालन गर्न पाउने गरी हिमचुलीको उचाइ तथा क्षेत्रगत आधारमा पर्वतारोहण गर्ने समयावधी तोकिएको छ।

नयाँ व्यवस्था अनुसार आरोहण अभियानमा संलग्न हुन चाहने पर्वतारोहीको लागि १६ वर्ष उमेर पुगेको हुनुपर्दछ।

अब, विदेशी आरोहीहरूका लागि सम्बन्धित देशको राष्ट्रिय अल्पाईन क्लबको सिफारिश पत्र लिन नपर्ने गरिएको छ।

अब देखि सगरमाथाको सामान्य मार्ग (दक्षिण पूर्वी धार) बाट आरोहण गर्दा एक जना सदस्यले मात्र न्यूनतम २५ हजार अमेरिकी डलर तिरी आरोहण गर्न पाउने विशेष प्रकारको सलामी दरको व्यवस्था गरिएको छ। विशेष प्रकारको सलामी दरको व्यवस्था एक जना देखि ७ जना सदस्य सम्मको दललाई लागु हुनेछ। सामान्य मार्ग (दक्षिण पूर्वी धार) बाहेक अन्य मार्गबाट आरोहण गर्दा लाग्ने सलामी दस्तुर पूर्ववत ५० हजार अमेरिकी डलर नै कायम गरिएको छ।

हिमचुलीको सलामी दस्तुरका आधारमा केही रकम अग्रिम रूपमा लिई प्रारम्भिक अनुमति प्रदान गर्ने नयाँ व्यवस्था गरिएको छ। त्यस्तो रकम सगरमाथाको हकमा सलामी दस्तुरको ५ प्रतिशत र अन्य हिमचुलीहरूको हकमा सलामी दस्तुरको १० प्रतिशत निर्धारण गरिएको छ।

पर्वतारोहण गतिविधिबाट उत्पन्न हुने फोहोर मैलाको समुचित व्यवस्थापन गरी हिमाली क्षेत्रको पर्यावरण सुरक्षाको लागि फोहोर मैला व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था गरी सो वापत विशेष धरौटी लिने व्यवस्थालाई आरोहणका लागि खुल्ला गरिएका अधिराज्यका सबै हिमशिखरहरूमा लागु गरिएको छ। यस्तो धरौटी रकम ५०० देखि ४००० अमेरिकी डलर सम्म निर्धारण गरिएको छ।

नयाँ व्यवस्था अनुसार पर्वतारोहण कार्यमा प्रत्यक्ष रूपमा संलग्न रहने तथा सहयोग पुऱ्याउने व्यक्तिहरू जस्तै सम्पर्क अधिकृत, सरदार, उचाइका पथ प्रदर्शक, आधार शिविरका कामदार, स्थानीय भरिया आदिको दैनिक ज्याला/भत्ता लगायतका सुविधामा समसामयिक बृद्धि तथा सुधार गरिएको छ। साथै उनीहरू तथा उनीहरूका परिवारको सुरक्षाको प्रत्याभूति दिन व्यक्तिगत दुर्घटना बीमाको रकममा समयोचित बृद्धि गरी औषधोपचार बीमा र आपत्कालीन उद्धार बीमाको थप व्यवस्था गरिएको छ।

पर्वतारोहण दलसंग खटिने सम्पर्क अधिकृत लगायत आरोहण अभियानमा संलग्न हुने सरदार, पर्वतीय पथ प्रदर्शकलाई आरोहण गतिविधिमा बढी जिम्मेवार बनाई निजहरूको काम र कर्तव्यमा समयानुकूल सुधारको व्यवस्था पनि गरिएको छ। नयाँ नियमावलीको कार्यान्वयनबाट नेपालको पर्वतारोहण पर्यटन अझ बढी आकर्षक र प्रतिस्पर्धी हुने कुरा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ।

पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ अनुरुप संशोधित

(नियम ४ को उपनियम (१) संग सम्बन्धित)

पर्वतारोहणको लागि लाग्ने सलामी रकम

जानकारी (ब्रिफिङ) लिनु अघि सलामी रकममा हेरफेर भएमा सो हेरफेर भएको सलामी रकम बुझाउनु पर्नेछ ।

(क) सगरमाथा हिमालचुलीको लागि :

(१) सामान्य मार्ग (दक्षिण पूर्वीधार) बाहेक अन्य मार्गबाट पर्वतारोहण गर्ने सात जनासम्म सदस्य रहेको पर्वतारोही दलको लागि पचास हजार अमेरिकी डलर सलामी रकम लाग्नेछ ।

(२) सामान्य मार्ग (दक्षिण पूर्वीधार) बाट पर्वतारोहण गर्ने पर्वतारोही दलको लागि देहाय बमोजिमको सलामी रकम लाग्नेछः-

पर्वतारोही दलको सदस्य संख्या	सलामी रकम (अमेरिकी डलरमा)
एक सदस्य	२५,०००
दुई सदस्य	४०,०००
तीन सदस्य	४८,०००
चार सदस्य	५६,०००
पाँच सदस्य	६०,०००
छ सदस्य	६६,०००
सात सदस्य	७०,०००

(३) पर्वतारोही दलमा उपखण्ड (१) र (२) मा लेखिए देखि बाहेक पाँच जनासम्म सदस्य थप गर्न सकिनेछ र त्यसरी सदस्य थप गर्दा प्रति सदस्य दश हजार अमेरिकी डलर थप सलामी रकम लाग्नेछ ।

(ख) अन्य हिमालचुलीको लागि :

(१)

अन्य हिमालचुलीको लागि देहाय बमोजिमको हिमालचुलीको नाम	सलामी रकम लाग्नेछ :- सातजना सम्म सदस्यको लागि सलामी रकम (अमेरिकी डलरमा)	प्रति सदस्य थप सलामी रकम *(अमेरिकी डलरमा)*
८,००० मिटर भन्दा माथि (सगरमाथा बाहेक)	१०,०००	१,५००
७,५०१ मिटर देखि ८,००० मिटर सम्म	४,०००	५००
७,००१ मिटर देखि ७,५०० मिटर सम्म	३,०००	४००
६,५०१ मिटर देखि ७,००० मिटर सम्म	२,०००	३००
६,५०१ मिटर भन्दा कम उचाईका हिमालचुली	१,०००	२००

(२) पर्वतारोही दलमा उपखण्ड (१) मा लेखिएदेखि बाहेक पाँच जनासम्म सदस्य थप गर्न सकिनेछ ।

अनुरोध

नेपाल पर्वतारोहण संघको प्रकाशन **"नेपाल पर्वत"** लाई पर्वतीय पर्यटन, पर्वतारोहणका विविध पक्ष, पर्वतीय वातावरण, हिमाली तथा पहाडी क्षेत्रको जनजीवन सम्बन्धी लेख रचना उपलब्ध गराई सहयोग गरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।


नेपाल पर्वत *तपाईहरुको सुझाव तथा सहयोगको लागि हार्दिक आग्रह गर्दछ ।*

नेपाल पर्वत

प्रकाशन तथा प्रचार समिति

नेपाल पर्वतारोहण संघ

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय आंशिक खुल्ला



PRAMI SHRESTHA

प्रसिद्ध पर्वतारोही आप्पा शेर्पा र श्रीमती जुन्को तावेई संग्रहालयको उद्घाटन गर्नुहुँदै

पोखरा, जेष्ठ १५ २०५९ (May 29) : अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको आँशिक खुल्ला एक समारोहका बीच संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के.सी.ले गर्नुभयो ।

उक्त संग्रहालय पोखरा उप-महानगरपालिका वडा नं. १७ मा निर्माण भएको छ ।

मन्त्री के.सी.ले संग्रहालयको निर्माणले नेपालको पर्यटन क्षेत्रमा एक नयाँ आयाम थप्ने विचार व्यक्त गर्नुभयो ।

संग्रहालयमा प्रथम सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पा, एडमण्ड हिलारी, बाह्र पटक सगरमाथा चढ्ने आपा शेर्पा र छिटो सगरमाथा चढ्न सफल काजी शेर्पा लगायत पर्वतारोहीहरुका तस्वीरहरु राखिएका छन् । संग्रहालयमा उनीहरुले प्रयोग गरेका कपडा तथा सामग्रीहरु पनि छन् । पासाङ ल्हामु शेर्पाले प्रयोग गरेका सामग्रीहरु पनि छन् ।

मन्त्री के.सी.ले संग्रहालय नयाँ चीज भएकोले यसलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गरिनु पर्ने विचार व्यक्त गर्नुभयो । "राजनैतिक अस्थिरता भए पनि सरकारले पर्यटन क्षेत्रमा उल्लेखनीय कार्य गरेको छ । यसले पशुपति क्षेत्रको गुरु योजना तयार गर्नुका साथै लुम्बिनीमा मायादेवीको मन्दिर निर्माण गरेको छ र १०३ वटा नयाँ पर्वतहरु खुल्ला गरेको छ," मन्त्री के.सी.ले भन्नुभयो ।

उक्त अवसरमा बोल्नु हुँदै नेपाल पर्वतारोहण संघका महासचिव श्री भूमिलाल लामाले संग्रहालय हतारमा खुल्ला गरेको हुँदा यसमा धेरै कुराहरु थप्न अझै बाँकी छ । उहाँले अगाडि भन्नुभयो, हामी धेरै कुराहरु थप गर्ने छौं ।

काजी शेर्पाले "अब संग्रहालयको निर्माण कार्य पूरा हुने हो वा होइन भन्ने द्विविधा छैन । अब यो पूरा हुनेछ," उहाँले भन्नुभयो ।

उक्त समारोहमा पहिलो महिला सगरमाथा आरोही जुन्को तावेई पनि उपस्थित हुनुहुन्थ्यो । तावेईले संग्रहालयको निर्माण हुनु आरोहणको क्षेत्रमा संलग्न सबैको लागि खुशीको कुरा हो भन्नुभयो ।

जापान पर्वतारोहण संघका अध्यक्ष फुमिओ तानाकाले संग्रहालयको निर्माणका लागि १६,००० अमेरिकी डलर हस्तान्तरण गर्नुभयो । संग्रहालयको अनुमानित कूल लागत रु. २६ करोड भएको र प्रथम चरणमा रु. ७ करोड खर्च हुनेछ ।

तीनदिनसम्म मनाइएको उक्त समारोहमा पर्वतारोहण सम्बन्धी फिल्म तथा बृत्तचित्रहरु देखाइएका थिए ।

नेपाल पर्वतारोहण संघका अध्यक्ष ताशी जाङबु शेर्पाले अध्यक्षता गर्नुभएको उक्त समारोहमा संघका प्रथम उपाध्यक्ष आङछिरीङ शेर्पाले संग्रहालयले नेपालको समग्र पर्यटन तथा पर्वतीय पर्यटन क्षेत्रको विकासमा उल्लेखनीय योगदान गर्ने कुरा बताउनुभयो ।


मन्त्री के.सी.ले पर्वतारोही आपा शेर्पालाई श्री ५ को सरकारले रु. ५,००,०००।- सहयोग दिने घोषणा गर्नु भयो ।

संग्रहालयको आंशिक खुल्ला गरिएको अवसरमा प्रधानमन्त्री शेर बहादुर देउवाले एक सन्देश पठाई संग्रहालयको निर्माण पर्यटन क्षेत्रको विकासमा एक ठूलो



PRAMI SHRESTHA

संग्रहालयमा प्रदर्शित सामाग्रीहरू अवलोकन गर्नुहुँदै माननीय मन्त्री श्री बल बहादुर के. सी. ज्यू



PRAMI SHRESTHA

संग्रहालयमा प्रदर्शित चित्र अवलोकन गर्दै स्थानिय वासिन्दा



PRAMI SHRESTHA

संग्रहालयमा आगन्तुक दर्शकहरू

उपलब्धि भएको कुरा उल्लेख गर्नु भयो । उहाँले संग्रहालयले नेपालको पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनमा उल्लेखनीय भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले संग्रहालयको चम्किलो भविश्यको कामना पनि गर्नुभयो । प्रधानमन्त्रीले नेपाल पर्वतारोहण संघले यस्तो संग्रहालयको निर्माण गरेकोमा खुशी व्यक्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यानको शुभारम्भ



माननीय मन्त्री श्री बल बहादुर के. सी. उद्यानको शुभारम्भ गर्नुहुँदै

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बलबहादुर के.सी. ले २०५९ असार १५ गते ककनीस्थित अन्तर्राष्ट्रिय पर्वतारोही स्मृति उद्यानको एक समारोहकाबीच शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा सभालाई सम्बोधन गर्दै मन्त्री के.सी. ले नयाँ आकर्षणको विकास गरी नेपालको पर्यटन उद्योगलाई नयाँ जीवन दिनुपर्ने कुरा बताउनु भयो ।

उहाँले पर्यटन व्यवसायी तथा सरकार मिलेर क्षेत्रीय स्तरको विश्वविद्यालय निर्माण गरी पर्यटन क्षेत्रलाई चाहिने सक्षम जनशक्ति उत्पादन गर्नुपर्छ भन्नुभयो ।

मन्त्री के.सी.ले उक्त उद्यानको निर्माणले ककनी क्षेत्रको पर्यटन प्रवर्धनमा सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले उद्यानको निर्माणका लागि एक स्पष्ट गुरु योजना तयार गरिनु पर्छ र उक्त गुरु योजनाको प्रभावकारी कार्यान्वयनले ककनी क्षेत्रका जनताले पनि फाइदा पाउन सक्छन् भन्नुभयो ।

सरकारले घरेलु पर्यटनमा जोड दिन थालेको र चिनीयाँ पर्यटकहरु भित्र्याउन आवश्यक कार्यहरु भईरहेको जानकारी दिनुभयो ।

उहाँले उद्यान क्षेत्रमा बृक्षारोपण पनि गर्नुभयो ।

उक्त अवसरमा बोल्नु हुँदै डा. प्रकाशचन्द्र लोहनीले उद्यानको निर्माणबाट ककनीको अनुहारमा परिवर्तन आउने र त्यसबाट स्थानीय जनताहरुको जीवनस्तर उकास्न मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो । उहाँले ककनी पदयात्राको लागि महत्वपूर्ण क्षेत्र भएको कुरा उल्लेख गर्नुभयो । पर्यटन सम्बन्धी विश्वविद्यालय निर्माणको लागि ककनी उपयुक्त स्थान हो, उहाँले भन्नुभयो ।

डा. लोहनीले शान्ति स्थापना हुनासाथ नेपालको पर्यटन उद्योगले पुनः जीवन पाउने आशा व्यक्त गर्नुभयो । सांसद तथा पूर्व ट्रेकिङ एजेण्ट्स एशोसियसन अफ नेपालका अध्यक्ष श्रीमती याङकिला शेर्पाले नेपाल पर्वतारोहण संघले अगाडि सारेको अन्तर्राष्ट्रिय पर्वतारोही उद्यानलाई साकार पार्न सबै क्षेत्रबाट सहयोग पुऱ्याउन आव्हान गर्नुभयो । उद्यानको निर्माणपछि धेरै विदेशीहरु उनीहरुका मृतक आफन्तहरुप्रति श्रद्धाञ्जली चढाउन नेपाल आउने छन्, उहाँले भन्नुभयो । उद्यानभित्र स्वास्थ्य क्लव, ध्यानकेन्द्र, कन्फरेन्स हल तथा मनोरञ्जन केन्द्र हुनेछन्, उहाँले भन्नुभयो ।

उद्यानको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संघका महासचिव भूमिलाल लामाले ककनीमा पर्यटकहरुको बसाई एक दिन बढ्ने विचार व्यक्त गर्नुभयो । लामाले उद्यानको निर्माणले स्थानीय जनताको जीवनस्तर उठ्नुको साथै पर्यटन क्षेत्रको दिगो विकासमा टेवा पुग्नेछ भन्नुभयो । काठमाडौं पछिको अर्को महत्वपूर्ण पर्यटकीय क्षेत्र ककनी हुनेछ, किनकी यहाँ सबै सुविधाहरु पर्यटकले पाउने छन्, उहाँले थप्नुभयो ।

सभापतिको आसनबाट बोल्नु हुँदै संघका प्रथम उपाध्यक्ष आङछिरीङ शेर्पाले सबैको सहयोगबाट मात्र ककनीलाई एउटा आकर्षक पर्यटकीय क्षेत्र बनाउन सकिन्छ । शेर्पाले सम्बन्धित गा.वि.स., जि.वि.स. तथा स्थानीय जनताले आवश्यक सहयोग पुऱ्याउनु पर्ने कुरा बताउनुभयो । उहाँले ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, होटल तथा हवाई कम्पनीहरुले ककनीलाई प्रवर्धन गर्नु पर्छ भन्नुभयो ।

उक्त अवसरमा पूर्व सांसद राजेन्द्रप्रकाश लोहनी, उद्यान निर्माण समितिका संयोजक जिम्बाजाङबु शेर्पा तथा ककनी गा.वि.स. का अध्यक्ष शेषमान लामाले उद्यानको महत्वबारेमा बोल्नुभयो ।

नेपाल पर्वतारोहण संघ : नयाँ केन्द्रीय कार्य समिति २०५९

नेपाल पर्वतारोहण संघको नयाँ केन्द्रीय कार्य समितिको निर्वाचन २०५९ असार २९ गते नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ, पुल्चोक, ललितपुरमा सम्पन्न भयो । विहान ८ बजेदेखि दिउँसो २ बजे सम्म मतदान भएको उक्त निर्वाचनमा बहुसंख्यक मतदाताहरूले उत्साहजनक रूपमा भाग लिएका थिए । कूल १७०७ मतदाताहरू मध्ये १४६४ मत खसेको उक्त निर्वाचनमा श्री आङछिरीङ शेर्पा अध्यक्षमा निर्वाचित हुनुभयो । कूल १५ पदका लागि भएको सो निर्वाचनमा जिम्बा जाङबु शेर्पा, विक्रम पाँडे, भूमिलाल लामा, कृष्णकुमार अर्याल तथा नरहरि भण्डारी क्रमशः प्रथम उपाध्यक्ष, द्वितीय उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षमा निर्वाचित हुनुभयो । संघको केन्द्रीय कार्य समिति सदस्यहरूमा आङ जे.पी.लामा, सन्तवीर लामा, आङ फुर्वा शेर्पा, रुद्रप्रसाद पन्त (आर.पी.पन्त), दा गोम्बु शेर्पा, नारायण सुन्दर श्रेष्ठ, आङ बाबु शेर्पा, ल्हाक्पा शेर्पा तथा काजी शेर्पा चुनिनुभयो । नेपाल पर्वतारोहण संघको केन्द्रीय कार्य समिति निर्वाचन २०५९ मा विभिन्न पदहरूमा प्रत्यासी उम्मेदवार हरूको नामावली, प्राप्त मत तथा परिणाम निम्न अनुसार छ :

पद	*प्राप्त मत*	*परिणाम*
अध्यक्ष		
१. श्री आङछिरीङ शेर्पा	८६०	विजयी
२. श्री आङ कर्मा शेर्पा	५६३	
प्रथम उपाध्यक्ष		
१. श्री जिम्बा जाङबु शेर्पा	९०२	विजयी
२. श्री डवाङ दोर्जी शेर्पा	५०९	
द्वितीय उपाध्यक्ष		
१ श्री विक्रम पाँडे	८१९	विजयी
२. श्री साङ्गे दोर्जी शेर्पा	५५८	
महासचिव		
१. श्री भूमिलाल लामा	७७२	विजयी
२. श्री दोर्जी जाङबु लामा	६४४	
सचिव		
१. श्री कृष्ण कुमार अर्याल	७४६	विजयी
२. श्रीमती ल्हाक्पा फुटी शेर्पा	६५९	
कोषाध्यक्ष		
१. श्री नरहरि भण्डारी	७२८	विजयी
२. श्री सीताराम सापकोटा	४७४	
३. श्री इश्वरी पौडेल	१३४	
सदस्य		
१. श्री आङ जे.पी. लामा	९३२	विजयी
२. श्री सन्त वीर लामा	९४७	विजयी
३. श्री आङ फुर्वा शेर्पा	१०५१	विजयी
४. श्री रुद्रप्रसाद पन्त	९१८	विजयी
५. श्री दा गोम्बु शेर्पा	९२७	विजयी
६. श्री नारायण सुन्दर श्रेष्ठ	७९५	विजयी
७. श्री आङ बाबु शेर्पा	९६१	विजयी
८. श्री ल्हाक्पा शेर्पा	८८९	विजयी
९. श्री नरेन्द्र बी.सी.	४६१	
१०. श्रीमती डोल्मा शेर्पा	६०६	
११. श्री देवी बहादुर कोईराला (डि.बी.कोईराला)	४१३	
१२. श्री आङ छेवाङ शेर्पा	५२५	
१३. श्री कुमार कृष्ण रंजित	१४४	
१४. श्री काजी शेर्पा	८१९	विजयी

नेपाल पर्वतारोहण संघको संशोधित नयाँ विधानमा कूल २५ जनाको केन्द्रीय कार्य समितिको व्यवस्था गरिएको छ जसमा साधारण सदस्यहरू मध्येबाट निर्वाचित हुने १५ जना, संघमा दर्ता रहेका पर्वतारोहीहरू मध्येबाट निर्वाचित हुने २ जना, संस्थागत सदस्य मध्येबाट निर्वाचित हुने १ जना, संघका अध्यक्षबाट मनोनित हुने ३ जना, ट्रेकिङ्ग एजेन्ट्स एसोसियसन अफ नेपाल (टान) का अध्यक्ष १ जना पदेन सदस्य, हिमालयन उद्धार संघ नेपालका अध्यक्ष १ जना पदेन सदस्य, श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि १ जना पदेन सदस्य तथा संघका निवर्तमान अध्यक्ष पदेन सदस्य १ जना हुनुहुनेछ । त्यस अनुसार २०५९ असार ३० गते संघको कार्यालय नक्साल, नागपोखरीमा भएको संघमा दर्ता रहेका पर्वतारोहीहरू मध्येबाट मिङमार दोर्जी शेर्पा र दीपक पौडेल तथा संस्थागत सदस्यहरूका तर्फका निमा नुरु शेर्पा निर्विरोध निर्वाचित हुनुभएको छ । नव निर्वाचित अध्यक्ष आङछिरीङ शेर्पाले विश्व प्रशिद्ध पर्वतारोही आप्पा शेर्पा, दिनेश गुरुङ्ग र डा. हरिप्रसाद श्रेष्ठलाई सदस्यमा मनोनित गर्नुभएको छ । यसै गरी संघको केन्द्रीय कार्य समितिमा निवर्तमान अध्यक्ष, श्री टाशी जाङबु शेर्पा र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

मन्त्रालयबाट गणेशराज कार्की, ट्रेकिङ्ग एजेन्ट्स एसोसियसन अफ नेपालका अध्यक्ष सुमन पाण्डे र हिमालयन उद्धार संघ नेपालका अध्यक्ष, आङ काजी शेर्पाले प्रतिनिधित्व गर्नुहुनेछ । नेपाल पर्वतारोहण संघको वर्तमान केन्द्रीय कार्य समितिमा कूल २५ मध्ये ११ जना विगतमा कार्य समिति पदाधिकारी वा सदस्य पदमा कार्य गरिसक्नुभएका हुनुहुन्छ भने बाँकी १४ व्यक्तिहरू नयाँ अनुहारका हुनुहुन्छ ।

अध्यक्ष पदमा निर्वाचित हुनुभएका आङछिरीङ शेर्पा गत कार्य समितिमा प्रथम उपाध्यक्ष हुनुहुन्थ्यो भने प्रथम उपाध्यक्षमा निर्वाचित जिम्बा जाङबु शेर्पा गत कार्य समितिमा कार्य समिति सदस्यमा हुनुहुन्थ्यो । यसै गरी द्वितीय उपाध्यक्षमा निर्वाचित विक्रम पाँडे र महासचिवमा निर्वाचित भूमिलाल लामा गत कार्य समितिमा पनि तत् तत् पदमा नै रहनुभएको थियो । गत कार्य समितिमा कार्य समिति सदस्य पदमा रहनुभएका आङ जे.पी.लामा र आङ फुर्वा शेर्पा यस पटक पनि केन्द्रीय कार्य समिति सदस्यमा निर्वाचित हुनुभएको छ भने ट्रेकिङ एजेन्ट्स एसोसियसन अफ नेपाल (टान) का अध्यक्ष सुमन पाँडे र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि गणेश राज कार्की पनि विधान अनुसार साविकै पदेन केन्द्रीय कार्य समिति सदस्यमा रहनुभएको छ । यसै गरी गत कार्य समितिमा अध्यक्षको पदभार सम्हाल्नुभएका टाशी जाङबु शेर्पा निवर्तमान अध्यक्षको हैसियतले विधान अनुसार पदेन सदस्यको रूपमा रहनुभएको छ । कोषाध्यक्षमा निर्वाचित नरहरि भण्डारीले यस अघि पनि संघको कोषाध्यक्षको रूपमा दुई पटक कार्यभार सम्हालिसक्नुभएको छ । सदस्यता निर्वाचित आर.पी.पन्त पहिले पनि एक पटक टानबाट कार्य समितिको पदेन सदस्य बनि सक्नु भएको छ । यस अतिरिक्त वर्तमान केन्द्रीय कार्य समितिमा सचिवमा निर्वाचित हुनुभएका कृष्ण कुमार अर्याल तथा सदस्यहरू सन्तवीर लामा, दा गोम्बु शेर्पा, नारायण सुन्दर श्रेष्ठ, आङ बाबु शेर्पा, ल्हाक्पा शेर्पा, काजी शेर्पा, मिङमार दोर्जी शेर्पा, दीपक पौडेल, निमा नुरु शेर्पा, दिनेश गुरुङ्ग, डा. हरिप्रसाद श्रेष्ठ, आप्पा शेर्पा र आङ काजी शेर्पा केन्द्रीय कार्य समितिमा नयाँ अनुहारका हुनुहुन्छ ।

नेपाल पर्वतारोहण संघ : नव निर्वाचित केन्द्रीय कार्य समितिलाई कार्यभार हस्तान्तरण

नेपाल पर्वतारोहण संघको नव निर्वाचित केन्द्रीय कार्य समितिलाई कार्यभार हस्तान्तरण समारोह २०५९ असार ३२ गते साँझ होटेल रेडिसनमा सम्पन्न भयो । कार्य समितिका उपाध्यक्ष आङछिरीङ शेर्पाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा कोषाध्यक्ष गिरधारी शर्माले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा मुख्य निर्वाचन अधिकृत हरिहर दाहालले नव निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई प्रमाणपत्र प्रदान गर्नुका साथै शपथ ग्रहण गराउनुभएको थियो । तत्पश्चात निवर्तमान कोषाध्यक्ष गिरधारी शर्माले निवर्तमान कार्य समितिका तर्फबाट नव निर्वाचित अध्यक्ष आङछिरीङ शेर्पालाई हथौडा र निर्वाचित कोषाध्यक्ष नरहरि भण्डारीलाई साँचो हस्तान्तरण गरी कार्यभार सुम्पनु भयो । नव निर्वाचित अध्यक्ष आङछिरीङ शेर्पाले दोश्रो पटक सभापतित्व गर्नुभएपछि सो कार्यक्रममा निवर्तमान कार्यसमितिलाई धन्यबाद व्यक्त गर्नुका साथै संघको विधान अनुसार अध्यक्षले केन्द्रीय कार्य समिति सदस्यमा तीन जना मनोनित गर्ने व्यवस्था भए अनुसार पर्वतारोही आप्पा शेर्पा, दिनेश गुरुङ्ग र डा. हरिप्रसाद श्रेष्ठलाई मनोनित गरिएको घोषणा गर्नुभयो । सो कार्यक्रममा अध्यक्षले मनोनित तीनै जना सदस्यहरूलाई शपथ ग्रहण गराउनुभएको थियो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बल बहादुर के.सी.ले नेपाल पर्वतारोहण संघको नयाँ निर्वाचित केन्द्रीय कार्य समितिले नेपालको पर्यटन विकास र प्रवर्द्धनमा ठोश योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । मन्त्री के.सी.ले भन्नुभयो "नयाँ कार्य समितिबाट हामीले राम्रो कार्यको आशा गरेका छौं । अहिले नेपाल पर्वतारोहण संघ विगत केही वर्षदेखि देशको पर्यटन उद्योगमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनुभएका प्रभावशाली व्यक्तिको नेतृत्वमा भएकोले संघले आफ्नो कार्यकलाप पर्वतीय पर्यटनको प्रवर्द्धनमा राम्ररी केन्द्रित गर्नु पर्दछ ।"

राष्ट्रिय सभाका सदस्य माननीय श्रीमती याङ्गिला शेर्पाले देशको समग्र पर्यटन उद्योगलाई पूनर्जिवित गर्न नेपाल पर्वतारोहण



कार्यभार हस्तान्तरण कार्यक्रममा माननीय मन्त्री बल बहादुर के. सी. तथा अन्य विशिष्ट आमन्त्रितहरूका साथ नयाँ केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरू

संघले साहसिक र पर्वतीय पर्यटनको प्रवर्द्धन गर्नमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "पर्यटन क्षेत्रले नयाँ कार्य समितिबाट धेरै आशा गरेको छ, त्यसैले पर्यटन उद्योगको समुचित विकासका लागि राम्रो योजना र कार्यक्रमहरू आउनुपर्दछ ।" सांसद शेर्पाले नेपाल पर्वतारोहण संघको निवर्तमान कार्य समितिका कार्यकलापहरूको प्रशंसा गर्नुभयो ।


उक्त कार्यक्रममा नव निर्वाचित अध्यक्ष आङछिरीङ शेर्पाले देशको पर्यटन उद्योग पूनर्जिवित गर्ने चुनौतीपूर्ण अभिभारा आफ्नो काँधमा आएको हुनाले यो चुनौतीलाई आत्मसात गर्न र उपलब्धि हासिल गर्नका लागि सबैले एक भएर कार्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । "हामी सबैले पर्यटन विकासका लागि हातमा हात मिलाई संयुक्त रूपमा अघि बढ्नु परेको छ", वहाँले भन्नुभयो "चुनावको बेलामा भएका विवाद र तीतोपनालाई बिर्सौं र सबै मिलेर काम गरौं ।" अध्यक्ष शेर्पाले नयाँ कार्य समितिले विगतका कार्य समितिहरूले थालनी गरेका कार्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुहुँदै निर्वतमान अध्यक्ष टाशी जाङ्गबु शेर्पा प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा नव निर्वाचित महासचिव भूमिलाल लामाले संघले पोखरा स्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय र ककनीको पर्वतारोही स्मृति उद्यान जस्ता ठूल-ठूला परियोजनाहरूलाई पूर्णता दिने कार्यमा नव निर्वाचित कार्य समिति दत्तचित्त भएर लाग्ने विचार व्यक्त गर्नुभयो । वहाँले ती परियोजनाहरू पूरा भएपछि पोखरा र ककनी पर्यटकहरूका लागि थप आकर्षक गन्तव्यस्थल बन्नेछ भन्नुभयो । यसका साथै महासचिव लामाले संघले हिमाल सफाई, पर्वतीय उद्धार कार्य तथा पर्वतारोहणका क्रममा जीवन गुमाएका पर्वतारोहीहरूका परिवार र बालबच्चाहरूलाई सहयोग पुऱ्याउने कार्यमा निरन्तरता दिनेछ भन्नुभयो । श्री लामाले नव निर्वाचित केन्द्रीय कार्य समितिले पर्वतीय पर्यटन विकासका लागि "Development Through Friendship" को नीति अवलम्बन गर्ने विचार व्यक्त गर्नुभयो ।

संघका सचिव कृष्ण कुमार अर्यालले नयाँ केन्द्रीय कार्य समितिको बैठकबाट भएका विभिन्न निर्णयहरू पढेर सुनाउनुभएको थियो । यस कार्यक्रममा संघका भूतपूर्व अध्यक्ष टेकचन्द्र पोखरेल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्रीमती ऋद्धिबाबा प्रधानले नयाँ कार्य समितिलाई शुभकामना व्यक्त गर्नुभएको थियो ।

महामहिम राजदूत मल्ल नेपाल पर्वतारोहण संघमा

जर्मनीका लागि शाही नेपाली राजदूत महामहिम बलरामसिंह मल्ल र नेपाल पर्वतारोहण संघका अध्यक्ष श्री आङछिरीङ शेर्पा बीच २०५९ भाद्र ४ गते नेपाल पर्वतारोहण संघको केन्द्रीय कार्यालय, नागपोखरी नक्सालमा शिष्टाचार भेटघाट भयो ।




महामहिम राजदूत मल्ल संघका पदाधिकारीसँग कुराकानी गर्नुहुँदै

उक्त भेटघाटका अवसरमा राजदूत श्री मल्लले नेपाल पर्वतारोहण संघ अन्तर्गत संचालन भैरहेका निर्माणाधीन अन्तरराष्ट्रिय पर्वतीय संग्रहालय, पोखरा, अन्तरराष्ट्रिय पर्वतारोही स्मृति उद्यान, ककनी, सर्वोच्च शिखर सगरमाथाको स्वर्ण महोत्सव २००२-२००३ का विभिन्न कार्यक्रम लगायत संघवाट संचालन गरिने पर्वतारोहण तालीमका विषयमा अभिरुचीका साथ जानकारी लिनुभएको थियो ।

उक्त अवसरमा नेपालको पर्यटन उद्योग तथा पर्वतीय पर्यटन विकासका बारेमा जर्मनी लगायत स्लोभेनियाका जनताहरुमा अभिरुची बढ्दै गैरहेको हुँदा नेपाल पर्वतारोहण संघका गतिविधिहरुले थप पर्यटकहरु आकर्षण गर्न योगदान पुऱ्याउन सक्ने विचार श्री मल्लले व्यक्त गर्नुभएको थियो ।


संघका महासचिव श्री भूमिलाल लामा, सचिव श्री कृष्ण अर्याल, कार्य समितिका सदस्य डा. हरिप्रसाद श्रेष्ठ तथा मुख्य प्रशासकीय अधिकृत विनय शाक्यको उपस्थितिमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको उक्त भेटघाटमा नेपालको पर्वतीय पर्यटनको विकासका लागि संघले दिएको प्रत्यक्ष योगदानबारे पनि राजदूत श्री मल्ललाई अवगत गराइएको थियो ।

नेपालका प्रसिद्ध हिमालहरु



नेपाल पर्वतारोहण संघद्वारा आरोहण अनुमति पत्र प्रदान गरिने शिखरहरू

पूर्वदेखि पश्चिमसम्म



क्र.सं.	शिखर	उचाई (मी.)	लस्कर मार्ग
१.	मेरा पीक	६६५४	काठमाडौं-जिरी-शिवालय-भण्डार-सेते-जुनवेसी-नुनथाला-खरीखोला-पोयानबुङ्ग-चद्रावु-कोथे-थाङ्गना-खारे-बी.सी.
२.	चुलु ईष्ट	६५८४	काठमाडौं-वेसीशहर-डाडी-ताल-चामे-होङ्गडे-मनाङ्ग-याकखर्क-बी.सी.
३.	सिंगुचुली (Fluted Peak)	६५०१	काठमाडौं-पोखरा-तिल्केदुङ्गा-घोरेपानी-तधानी-छोमरोङ्ग-माछापुच्छ्रे-बी.सी.
४.	हिउँचुली	६४४१	काठमाडौं-पोखरा-धाम्पुस-छोमरोङ्ग-बाम्बु-देउराली-बी.सी.
५.	चुलु वेष्ट	६४१९	काठमाडौं-वेसीशहर-डाडी-जगत-धारापानी-बी.सी.
६.	कुसुम कांग्रु	६३६७	काठमाडौं-लुक्ला-नाम्चे-थामे-खुमजुङ्ग-बी.सी.
७.	फर्चामो	६१८७	काठमाडौं-दोलखा-सिगाती-गोङ्गर-डोरानाङ्बु-बेदीङ्ग-ना-काबुङ्ग-क्यूडुग-कोङ्मा-द्रोलमाबान-तासीलाप्चा-बी.सी.
८.	ईम्जात्से (Island Peak)	६१६०	काठमाडौं-लुक्ला-नाम्चे-त्याङ्बोचे-पाङ्बोचे-डिङ्बोचे-चुकुङ्ग-बी.सी.
९.	लोबुचे	६११९	काठमाडौं-लुक्ला-नाम्चे-थामे-रेर्मो पोखरी-गोक्यो-जोङ्ग्ला-बी.सी.
१०.	पिसांग पीक	६०९१	काठमाडौं-वेसीशहर-वाहुनडाँडा-चम्जे-वगरछाप-चामे-पीसाङ्-बी.सी.
११.	क्वाङ्दे	६०११	काठमाडौं-लुक्ला-मेराला-रानडिम्गा-हुन्डे-बी.सी.
१२.	रामडुङ	५९२५	काठमाडौं-दोलखा-सिगाती-जगत-सिमीगाउँ-चरेबु खर्क-वेडीङ्ग-ना-बी.सी.
१३.	पाल्दोर पीक	५८९६	काठमाडौं-धाडिङ्ग-आँखु खोला-रीगाउँ-झारलाङ्-सेरटुङ्खर्क-सोमडाङ्-बी.सी.
१४.	खोडमात्से (Mehra Peak)	५८४९	काठमाडौं-लुक्ला-नाम्चे-डोले-मछेर्मो-गोक्यो-डुघला-बी.सी.
१५.	गञ्जला चुली (Naya Kanga)	५८४४	काठमाडौं-धुन्चे-स्याबु गाउँ-लामा होटेल-क्यानजीन गोम्बा-गञ्जला-बी.सी.
१६.	पोखाल्दे	५८०६	काठमाडौं-लुक्ला-नाम्चे-डोले-गोक्यो-ना-थाग्ना-चोलापास-बी.सी.
१७.	थार्पु चुली (Tent Peak)	५६६३	काठमाडौं-पोखरा-धाम्पुस-लान्द्रुङ्ग-घान्द्रुङ्ग-चोमोरो-कुल्डी-बी.सी.
१८.	मार्दी हिमाल	५५८७	काठमाडौं-पोखरा-ह्याङ्जा-धीप्रांगखर्क-मार्डी-बी.सी.

नेपालमा पर्यटक आगमनको संख्या सन् १९६२ - २००१

(Number of Tourist Arrival in Nepal 1962-2001)

(नेपालमा पर्यटकहरूको आगमन तथा त्यस सम्बन्धी तथ्याङ्क सरकारी तवरबाट सन् १९६२ को वर्षदेखि मात्र राख्न शुरु गरिएको हो । सन् १९६२ देखि गत वर्ष २००१ सम्म नेपाल भित्रिएका पर्यटकहरूको तथ्याङ्क तल प्रस्तुत गरिएको छ । यसबाट प्रत्येक वर्ष नेपाल आएका पर्यटकहरूको संख्या, वार्षिक बृद्धिदर, पदयात्रा पर्वतारोहणको उद्देश्यले आउने पर्यटकहरूको संख्या र कूल पर्यटक आगमनमा यसको प्रतिशत तथा वार्षिक बृद्धिदर र पर्यटकहरूको नेपालमा सरदर बसाइ दिन बारेको सामान्य जानकारी पाउन सकिन्छ । यस सम्बन्धी अभिरुचि राख्नुहुने पाठकहरूका लागि यो तथ्याङ्क उपयोगी हुने आशा गरेका छौं - **नेपाल पर्वत**)

वर्ष	कूल पर्यटक आगमन संख्या	वार्षिक बृद्धिदर प्रतिशतमा	Index	पदयात्री तथा पर्वतारोही आगमन संख्या	कूल पर्यटक आगमन संख्यामा पदयात्री तथा पर्वतारोहीहरुको संख्या प्रतिशतमा	वार्षिक बृद्धिदर प्रतिशतमा	सरदर बसाई दिन
१९६२	६१७९		१००				
१९६३	७२७५	१७.७	११८	७१	१.०		
१९६४	९५२६	३०.९	१५४	६२	०.७	- १२.७	
१९६५	९३८८	-१.४	१५२	४०	०.४	-३५.५	
१९६६	१२५६७	३३.९	२०३	८	०.१	-८०.०	
१९६७	१८०९३	४४.०	२९३	३	०.०	-६२.५	
१९६८	२४२०९	३३.८	३९२	६१	०.३	१९३३.३	
१९६९	३४९०१	४४.२	५६५	२९३	०.८	३८०.३	
१९७०	४५९७०	३१.७	७४४	५५६	१.२	८९.८	
१९७१	४९९१४	८.६	८०८	५९०	१.२	६.१	
१९७२	५२९३०	६.०	८५७	६१३	१.२	३.९	
१९७३	६८०४७	२८.६	११०१	१५६५	२.३	१५५.३	
१९७४	८९८३८	३२.०	१४५४	११७१०	१३.०	६४८.२	१३.२०
१९७५	९२४४०	२.९	१४९६	१२५८७	१३.६	७.५	१३.१०
१९७६	१०५१०८	१३.७	१७०१	११७०६	११.१	-७.०	१२.४०
१९७७	१२९३२९	२३.०	२०९३	१३३८२	१०.४	१४.३	११.६०
१९७८	१५६१२३	२०.७	२५२७	१७३०४	११.१	२९.३	११.८४
१९७९	१६२२७६	३.९	२६२६	१८२७०	११.३	५.६	१२.०२
१९८०	१६२८९७	०.४	२६३६	१९३०२	११.८	५.६	११.१८
१९८१	१६१६६९	-०.८	२६१६	२१६६८	१३.४	१२.३	१०.४९
१९८२	१७५४४८	८.५	२८३९	२३५०७	१३.४	८.५	१३.३३
१९८३	१७९४०५	२.३	२९०३	२४१८९	१३.५	२.९	११.५३
१९८४	१७६६३४	-१.५	२८५८	१५०१०	८.५	-३७.९	१०.५५
१९८५	१८०९८९	२.५	२९२९	२८७०७	१५.९	९१.३	११.३०

१९८६	२२३३३१	२३.४	३६१४	३३६०९	१५.०	१७.१	११.१६
१९८७	२४८०८०	११.१	४०१४	३६१६४	१४.६	७.६	११.९८
१९८८	२६५९४३	७.२	४३०३	३६३३७	१३.९	०.५	१२.००
१९८९	२३९९४५	-९.८	३८८३	४००९३	१६.७	१०.३	१२.००
१९९०	२५४८८५	६.२	४१२५	३९९९९	१५.७	-०.२	१२.००
१९९१	२९२९९५	१५.०	४७४२	४२३०८	१४.४	५.८	९.२५
१९९२	३३४३५३	१४.१	५४११	३५१६६	१०.५	-१६.९	१०.१४
१९९३	२९३५६७	-१२.२	४७५१	६९६१९	२३.७	९८.०	११.९४
१९९४	३२६५३१	११.२	५२८५	७६८६५	२३.५	१०.४	१०.००
१९९५	३६३३९५	११.३	५८८१	८४७८७	२३.३	१०.३	११.२७
१९९६	३९३६१३	८.३	६३७०	८८९४५	२२.६	४.९	१३.५०
१९९७	४२१८५७	७.२	६८२७	९१५२५	२१.७	२.९	१०.४९
१९९८	४६३६८४	९.९	५७०४	११२६४४	२४.३	२३.१	१०.७६
१९९९	४९१५०४	६.०	७९५४	१०७९६०	२२.०	-४.२	१२.२८
२०००	४६३६४६	-५.७	७५०४	११८७६०	२५.६	१०.०	११.८८
२००१	३६२५४४	-२१.८	५८६७				

स्रोत : – श्री ५ को सरकारको तत्कालीन पर्यटन विभाग, नेपाल ।

– श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल ।

– Hari Prasad Shrestha, Tourism in Nepal : Marketing Challenges (2000), Nirala Publication, New Delhi 110002

– विश्लेषण तथा प्रस्तुत : **नेपाल पर्वत**

नेपाल पर्वतारोहण संघको वातावरण संरक्षण अपील

१. वन वनस्पतिको स्याहार सुसार गरी जगेर्ना गरौं ।
२. वनस्पतिको आवरण बढाई भूमिलाई सुरक्षित पार्न नाङ्गा जग्गामा बोट बिरुवा रापौं ।
३. आफ्नो घर कम्पाउण्ड, खेतवारीको कान्ला, सार्वजनिक स्थल, सडक छेउ, नदी किनार, स्कूल हाता, मन्दिर वरपर वृक्षारोपण गरौं ।
४. धेरै दाउरा लाग्ने परम्परागत चुल्होको सट्टा दाउरा किफायत गर्ने उन्नत चुल्हो प्रयोग गरौं ।
५. सम्भव भएका ठाउँहरूमा गोबर ग्यास, घाम चुल्हो आदिको प्रयोग गरौं ।
६. आफ्नो बारीका कान्ला र खाली जग्गामा उन्नत घाँस तथा बिरुवा रोपेर वस्तु भाउलाई चाहिने घाँसको आपूर्ति गरौं ।
७. गाऱ्हाको छेउछाउमा कोशेवाली, कान्लामा घाँस, डिलमा डालेघाँस र दाउराका रूखहरू रोपौं ।
८. पहाडको सबभन्दा माथिल्लो भागमा वन जंगल पालौं ।
९. मध्य भागको कम भिरालो जग्गामा घाँसवाली वा फलफूल खेती गरौं ।
१०. जथाभावी फोहोर मैला नगरौं ।
११. नगल्ने वस्तुहरू र प्लाष्टिकका सामानहरू जथाभावी नफ्याँकौं ।
१२. प्लाष्टिकका सामानहरू नबालौं, यसले क्यान्सर जस्तो घातक रोग ल्याउँछ । यस्ता सामानहरू जम्मा गरेर बेचेमा पैसा आउँछ ।
१३. खाली सिसी तथा टिनका बट्टाहरू जथाभावी फूटाउने, फ्याँक्ने नगरौं । यी सामानहरू बेचेमा पैसा आउँछ ।
१४. खोला नाला तथा तालमा फोहर मैला नफालौं, दिसा पिसाव पनि नगरौं । यस्ता कार्यले रोगहरू ल्याउँछ ।
१५. खोला नाला, ताल तथा कुवा नजीक लुगा धुने नगरौं । साबुन, सर्फ आदिले पानी दूषित बनाउँछ । लुगा धुन नजिकै छुट्टै ठाउँमा जाऔं ।
१६. जथाभावी वन्यजन्तु तथा चरा चुरुङ्गीहरू नमारौं ।

यसरी हामी सबैले संरक्षण तथा विकासका कार्यहरूमा सक्रिय सहभागी भई देशको वातावरण तथा भूसंरक्षण सुधारका कार्यहरूमा सक्दो सहयोग गरेको खण्डमा भविष्यका आफ्ना भावी सन्तानका निम्ति जगेर्ना मात्र नभई सबैलाई लाभ हुनेछ । त्यसकारण हामी सबै मिली देशलाई सफा तथा हराभरा बनाऔं ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सन् २००२ स्प्रीङका लागि अनुमति प्रदान गरिएका दलहरू

#	Name of the Peak	Name of Expedition Team	Name of Leader	Country	Total Member	Ascent Route	Result
1	Amadablam (6812m)	Ultimate Ascents AmaDablam	Mr. Falinuo Zongrilli	USA	3	South west Ridge	Failed
2	Amadablam (6812m)	Amadablam 2002 Expedition	Mr.Mark Watson	USA	7	South west Ridge	Failed
3	Amadablam (6812m)	CBA-SARA Expedition	Nemesio Matalobos	Spain	3	North Face Ridge	Failed
4	Amadablam (6812m)	Kammerlander Group Expedition	Mr. Kammerlander Hans	Italy	3	South west Ridge	Success
5	Annapurna I (8091m)	2002 Jeju Korea Annapurna I Expd.	Mr. Oh Hee Joon	Korea	6	North Face	Success
6	Annapurna I (8091m)	Alan Hinkes Himex Annapurna Expd.	Alan Hinkes	UK	1	North Face	Success
7	Annapurna I (8091m)	Indian Army Annapurna I Expedition.	Lt. Col. S. C. Sharma	India	10+7	Norh Face	Success
8	Annapurna IV (7525)	2002 Australian Annapurna IV Expd.	Mr.Matt Rolfe	Australia	6	Norh west ridge	Failed
9	Annapurna I (8091m)	International Annapurna I Expedition	Mr. Edmund Viestures	U. S. A.	6	South Face	Success
10	Baruntse (7129 m)	Terence Tremble And Team	Mr.Terence Tremble	Australia	5	south west Ridge	Failed
11	Baruntse (7129 m)	Jagged Globe Baruntse Expedition	Mr. David Walsh	U. K.	7+7	South East Ridge	Failed
12	Baruntse (7129 m)	British Independent Baruntse Expd.	Mr. Christopher Mann	UK	7	South west Ridge	Failed
13	Dhaulagiri I (8167 m)	Mountain Link Dhaulagiri Expedition	Mr. Robert Link	USA	10	North East Ridge	Failed
14	Dhampus (6012 m)	Snow Leopord Dhumpus Expedition	Mr. Paul Cronheim	Netherlands	4	Normal	Success
15	Kanchenjunga (8586 m)	2002 Korean Kanchenjunga Expd.	Mr. Han Wang Yong	Korea	11	South west Face	Success
16	Kanchenjunga (8586 m)	Kazakasthan Kanchenjunga Expd.	Mr. Denis Urubko	Kazakasthan	7	South west Face	Success
17	Kanchenjunga (8586 m)	American Kanchenjunga Expedition	Dr. Daniel Mazur	U. S. A.	12	North Face	Success
18	Kumbha Karna (7710 m)	Slovenian Kumbha Karna expedition	Mr. Gregor Lacen	Slovenia	4	East Face	Failed
19	Lhotse (8516 m)	Iranian Lhotse Expedition 2002	Mr. Eghbal Atlaky Aghbelsn	Iran	12	West Face	Success
20	Lhotse (8516 m)	St. Petersberg Russian Lhotse Expd.	Mr. Alexei Paskhine	Russia	10	West Face	Success
21	Lhotse (8516 m)	Noguchi Lhotse Cleaning Expedition	Mr. Ken Nuguchi	Japan	12	West Face	Success
22	Lhotse (8516 m)	Himalayan Guides Lhotse Expedition	Laszlo Mezey	Hungery	12	West Face	Success
23	Makalu I (8463 m)	Spanish Expedition to Makalu 2002	Mr.Juan Ojarzabal	Spain	7	West Pillar	Failed
24	Makalu I (8463 m)	International Makalu 2002 Expedition	Mr. Edurne Pasaban Lizarribar	Spain	8	Normal Route	Success
25	Makalu I (8463 m)	International IYM Makalu Expedition	Mr. Piotr Pustelnik	Poland	12	North West Ridge	Success
26	Manaslu (8163 m)	Manaslu 2002 Expedition	Mr. Gorka Ripodas Perez	Spain	9	North East Ridge	Success
27	Manaslu (8163 m)	Amical Alpine Manaslu Expedition	Mr. Ralf Dujmovits	Germany	12+7= 19	North East Ridge	Success
28	Manaslu (8163 m)	2002 American Manaslu Expedition	Mr. Tom Fitzsimmons	U. S. A.	6	North east Ridge	Success
29	Manaslu (8163 m)	Norwegian Manaslu Expedition	Mr. Sven Gangdal	Norway	2	North East Ridge	Success
30	Manaslu (8163 m)	Australian Manaslu Expedition 2002	Mr. Greg Mortimer	Australia	6	North East Ridge	Success
31	Nuptse (7855 m)	Nuptse South Face Expedition	Mr. Stev House	U S A	4	South Face	Failed
32	Nuptse (7855 m)	Mountain Madness Nuptse Expedition	Mr. Charlie Fowler	U S A	5	Normal Route	Failed
33	Putha Hiunchuli (7246 m)	Croatian Himalayan Expd. Dhaulagiri VII	Mr. Matko Skalamera	Croatia	8	South west Face	Success
34	Pumori (7161 m)	Cerst Can Pumori Expedition	Mr. Hugues Creselli	France	6	Normal Route	Success
35	Pumori (7161 m)	American Pumori Expedition	Mr. Matthew Dean Fioretti	USA	5	South west Ridge	Failed
36	Sagarmatha (8848 m)	Adventure Consultant Everest Expd.	Mr. William C. Crouse	USA	9	South East Ridge	Success
37	Sagarmatha (8848 m)	International Everest Expedition	Mr. Guillermo Benegas	USA	8	South East Ridge	Success
38	Sagarmatha (8848 m)	Nepalese Woman IYM Expedition	Miss Pemba Doma Sherpa	Nepal	1	Normal (S. E. R.)	Success
39	Sagarmatha (8848 m)	2002 Alpine Ascents South Col Expd.	Mr. William D. Prittie	U.S. A.	11	Normal Route (S. E. R.)	Success
40	Sagarmatha (8848 m)	Geneva Everest 1952/2002 Expd.	Mr. Stephene Shaffter	Switzerland	10	Normal (S. E. R.)	Success
41	Sagarmatha (8848 m)	2002 National Geographic Everest Expd.	Mr. Peter Athans	U. S. A.	6	Normal (S.E.R.)	Success
42	Sagarmatha (8848 m)	2002 American West Ridge Expd.	Mr. Peter Athans	U. S. A.	4	West Ridge	Failed
43	Sagarmatha (8848 m)	Mountain Madness Everest Expedition	Mr. Hector M. Ponce De Leon Gomez	U. S. A.	9	Normal route	Success
44	Sagarmatha (8848 m)	2002 Korean Everest Expedition	Mr. Um Hong Gil	Korea	7	South East Ridge	Success
45	Sagarmatha (8848 m)	I M G Everest 2002 Expedition	Mr. David Allen Hahn	U. S. A.	9+8	South East Ridge	Success
46	Sagarmatha (8848 m)	Himalyan Guides Everest Expedition	Mr. Geoffery Standford	U. K.	9	South East Ridge	Success
47	Teng Khangpoche (6500 m)	CAF Teng Khangpoche Expd. 2002	Mr. Marsigny Francois & Reynald Bourdier	France	12+9=21	South & North Face Cross	Failed
48	Mt. Gaugiri (6110m)	Cowboys in the Damodar Himal Expd.	Mr. Peter Ackroyd	U.S.A.	2	South west Ridge	Success

- Compilled by : *Shyam Kuikel*

विश्वको ८,००० मीटर भन्दा माथिका हिमशिखरहरू

Mountain (Range/ Location)	Height Meters	Feet	First to Summit	Date	Nationality
1. Everest (Himalayas/Nepal)	8,848	29,028	Edmund Hillary, Tenzing Norgay	May 29, 1953	New Zealander and Nepalese
2. K2 (Godwin Austen) (Karakoram/Pakistan)	8,611	28,250	Achille Compagnoni Lino Lacedelli	July 31, 1954	Italian
3. Kangchenjunga (Himalayas/Nepal)	8,586	28,169	George Band Joe Brown Tony Streather Norman Hardie	May 25, 1955	British
4. Lhotse (Himalayas/Nepal)	8,516	27,940	Fritz Luchsinger Ernest Reiss	May 18, 1956	Swiss
5. Makalu (Himalayas/Nepal)	8,463	27,766	Jean Couzy Lionel Terray Jean Franco Guido Magnone Jean Bouvier Serge Coupe Pierre Leroux Andre Vialatte Gyalzen Norbu	May 15, 1955	French
6. Cho Oyu (Himalayas/Nepal)	8,201	26,906	Herbert Tichy Sepp Jochler Pasang Dawa Lama	Oct. 19, 1954	Austrian
7. Dhaulagiri (Himalayas/Nepal)	8,167	26,795	Kurt Dimberger Peter Diener Ernest Forrer Albin Scelbert Michel Vaucher Hugo Weber Nawang Dorje Nyama Dorje	May 13, 1960	Swiss and Nepalese
8. Manaslu (Himalayas/Nepal)	8,163	26,781	Toshio Imanishi Kiishiro Kato Minoru Higeta Gyalzen Norbu	May 9, 1956	Japanese and Nepalese
9. Nanga Parbat (Himalayas /Pakistan)	8,125	26,660	Hermann Buhl	July 3, 1953	Austrian
10. Annapurna (Himalayas/Nepal)	8,091	26,545	Maurice Herzog Louis Lachenal	June 3, 1950	French
11. Gasherbrum I (Karakoram/Pakistan)	26,470	26,470	Anderw Kauffmann Pete Schoening	July 4, 1958	American
12. Broad Peak (Karakoram/Pakistan)	8,047	26,400	Kurt Diemberger Hermann Buhl Markus Schmock Fritz Wintersteller	June 9, 1957	Austrian
13. Gasherbruinm II (Karakoram/Pakistan)	8, 03 5	26,360	Sepp Larch Fritz Moravel Hans Willenpart	July 7, 1956	Austrian
14. Shisha Pangma (Himalayas/Tibet, China)	8,013	26,289	10 Climbers from Tibet, China	May 2, 1964	Chinese

– Prepared by : *Samidh Shrestha*

हार्दिक बधाई
तथा शुभ-कामना



तस्विर : छायाचित्र शाखा, राजदरबार

श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाहदेव सरकार

तथा

श्री ५ युवराज्ञी हिमानी राज्यलक्ष्मी देवी शाह सरकारबाट

प्रथम चिरञ्जिवी सुपुत्र

श्री ५ नवयुवराज हृदयेन्द्र वीर विक्रम शाहदेव सरकारको

शुभ-जन्मको सुखद अवसरमा राजपरिवारका

समस्त सरकारहरूमा सभक्ति शुभ-कामना चढाउँदछौं ।

आङछिरीङ शेर्पा

अध्यक्ष

तथा

नेपाल पर्वतारोहण संघ परिवार

NMA